सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ मंसिर २०८०, बुधबार (29 Nov 2023, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २१९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

रुसी सेनामा रहेका तीन नेपालीको मृत्यु

दुई सातापछि घटना सार्वजनिक

पर्शुराम काफ्ले/नयाँ पत्रिका

रुसी सेनामा कार्यरत तीन नेपालीको मृत्यु भएको छ। २९ कात्तिक (तिहारको भाइटीकाको दिन)मा मृत्यु भएकोमा दुई सातापछि घटना सार्वजनिक भएको हो।

मृत्यु भएको दुई सातापछि रुसी सेनाको हवाला दिँदै मस्कोस्थित नेपाली राजदूतावासले परराष्ट्र मन्त्रालयमार्फत परिवारजनलाई जानकारी दिएको छ। दूतावासले परराष्ट्र मन्त्रालयको कन्सुलर विभागलाई भने ८ मंसिरमै चिठी पठाएर जानकारी गराएको थियो। दूतावासका द्वितीय सचिव सुशील घिमिरेले विभागमा पठाएको विवरणमा स्याङ्जाको पुतलीबजार नगरपालिका- ५ ठूलास्वाँराका पीतम कार्की (पासपोर्ट नम्बर बिएओ १५०३२०), दोलखाको मेलुङ गाउँपालिका- ६ सुनारपानीटोलका राजकुमार रोका (पासपोर्ट नम्बर बिएओ २५४३०१) र इलामको इलाम नगरपालिका- ५ का गंगाराज मोक्तान (पासपोर्ट नम्बर ०९२००७५१) को मृत्यु भएको उल्लेख छ। कार्की विगतमा नेपाली सेनामा र रोका सशस्त्र प्रहरीमा कार्यरत रहेको परिवारजनले परराष्ट्र मन्त्रालयमा जानकारी दिएका छन्। नेपाली दूतावासले उनीहरूको मृत्यु कुन अवस्थामा भएको भन्ने खुलाएको छैन।

१२ फागुन ०७८ मा रुसले युक्रेनमाथि हमला गरेपछि द्वन्द्व जारी रहेकै बखत गत १६ साउनमा परराष्ट्र मन्त्रालयले सार्वजनिक सूचना प्रकाशित गरी रुसी सेनामा भर्ती नहुन आफ्ना नागरिकलाई आह्वान गरेको थियो। त्यसको चार महिनामै नेपालीको मृत्युको खबर आएको छ। रुसी सेनाले टेलिग्राममार्फत तीनजना नेपालीको मेडिकल डेथ सर्टिफिकेट उपलब्ध गराएको दूतावासको चिठीमा उल्लेख छ।

परराष्ट्रमन्त्री एनपी साउदले घटनाबारे नेपालस्थित रुसी दूतावास र रुसस्थित नेपाली दूतावासबाट सूचना प्राप्त गर्ने क्रममा रहेको बताए। 'विस्तृतमा सूचना संकलन भइसकेपछि परराष्ट्र मन्त्रालयले सार्वजनिक गर्नेछ,' साउदले भने, 'हामी घटनाका सम्बन्धमा सम्बन्धित निकायबाट विवरण संकलन गर्ने क्रममा छौं।'

नेपाली दूतावासले चलानी नम्बर १०२ रहेको पत्रमा परराष्ट्रको अमेरिका-युरोप महाशाखालाई बोधार्थ दिएको छ। कन्सुलर विभागलाई पठाएको पत्रमा दूतावासले शव व्यवस्थापनका लागि परिवारजनसँग समन्वय गर्न कन्सुलरलाई अनुरोध गरेको छ। परराष्ट्र मन्त्रालयले जिल्ला प्रशासन कार्यालयमार्फत तीनजनाको परिवारजनसँग सम्पर्क स्थापित गरिसकेको छ। परराष्ट्र अधिकारीका अनुसार मृतकका परिवारजन आइतबार र सोमबार परराष्ट्र मन्त्रालयमा आएका थिए। उनीहरूले यथाशीघ्र शव स्वदेश ल्याउने प्रयास गरिदिन परराष्ट्र अधिकारीहरूलाई आग्रह गरेका छन्।

'तीनजनाको मृत्यु भएको आधिकारिक जानकारी आएको छ। तर, थप दुई-तीनजना नेपालीको पनि मृत्यु भएको

» पृष्ठ २ मा क्रमशः



● **एनपी साउद**, परराष्ट्रमन्त्री

विस्तृतमा सूचना संकलन भइसकेपछि परराष्ट्र मन्त्रालयले सार्वजनिक गर्नेछ। हामी घटनाका सम्बन्धमा सम्बन्धित निकायबाट विवरण संकलन गर्ने क्रममा छौं।

दुईथरी भिसा लगाएर घरेलु कामदारमा कुवेत पठाइन्छन् नेपाली युवती

- **नेपालले खाडी मुलुकमा घरेलु कामदार पठाउन प्रतिबन्ध लगाएको छ। तर, तस्करहरूले श्रम स्वीकृति लिन रोजगारदाता कम्पनीको नाम खुलाएर भिसा जारी गराउँछन्, जुन विमानस्थलसम्म देखाइन्छ।**
- **अर्को भिसामा 'घरेलु कामदार' नै उल्लेख गरिएको हुन्छ, कुवेत पुगेपछि त्यसकै आधारमा घरेलु कामदारका रूपमा काम लगाइन्छ।**

कागजात हेर्दा दूतावासबाटै कैफियत भएजस्तो देखिन्छ



● **मेघनाथ रिमाल**
प्रवक्ता, वैदेशिक रोजगार कार्यालय

कामदार जान चाहने मुलुकस्थित नेपाली दूतावासले सिफारिस गरेपछि हामीले श्रम स्वीकृति दिने हो। यी व्यक्तिहरूको हकमा पनि त्यही भएको हो। कागजात हेर्दा दूतावासबाटै कैफियत भएको हो कि जस्तो देखिन्छ। यस विषयमा अध्ययन गर्न हामीले पटक-पटक सम्बन्धित निकायलाई भन्यौं, तर सुनुवाइ भएको छैन।

टेकराज थामी/नयाँ पत्रिका

सरकारले कुवेतलगायत खाडी मुलुकमा घरेलु मजदुर पठाउन प्रतिबन्ध लगाएको छ। तर, एउटै राहदानीबाट दुईवटा भिसा बनाएर घरेलु मजदुरका रूपमा नेपाली युवतीहरूको तस्करी हुने गरेको छ।

नयाँ पत्रिकालाई प्राप्त कागजपत्रअनुसार नेपाल र कुवेतमा देखाउन दुईथरी भिसा बनाएर पठाउने गरिएको छ। एउटा भिसा श्रम स्वीकृति प्राप्त गर्नका लागि बनाइएको देखिन्छ भने अर्को भिसा कामदारलाई उपलब्ध गराउन बनाइएको देखिन्छ। श्रम स्वीकृति प्राप्त गर्न दिइएको भिसामा कामको प्रकृति 'घरेलु मजदुर' उल्लेख गरिएको छैन, कुवेत जानुको उद्देश्य कम्पनीमा काम गर्ने उल्लेख गरिएको छ। रोजगारदाता कम्पनीको नाम पनि भिसामा

» पृष्ठ २ मा क्रमशः

■ अध्यागमन, प्रहरी र एयरलाइन्सका कर्मचारीकै मिलेमतोमा भिजिट भिसामा युएईमा मानव तस्करी



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालय

काठमाडौं/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालय, प्रहरी र एयरलाइन्ससँगको मिलेमतोमा नक्कली कागजपत्रका आधारमा भिजिट भिसा बनाएर युएईलगायतका मुलुकमा मानव तस्करी हुने गरेको छ। नक्कली कागजपत्र बनाउने समूहका सदस्यसहित एक प्रहरी पनि पक्राउ परेपछि यो तथ्य बाहिरिएको हो।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका डिएसपी गोविन्द पन्थी नेतृत्वको टोलीले गत १९ र २० कात्तिकमा विमानस्थलस्थित प्रहरी सुरक्षा कार्यालयमा कार्यरत एक प्रहरी जवानसहित नक्कली कागजपत्र बनाउने समूहका १२ सदस्यलाई पक्राउ गरेको थियो। अनुसन्धानका क्रममा यो समूहले अध्यागमन, प्रहरी र एयरलाइन्सका कर्मचारीसँग 'सेटिङ' मिलाएर भिजिट

» पृष्ठ २ मा क्रमशः



एसपी रवीन्द्र रेग्मी, प्रवक्ता, अपराध अनुसन्धान कार्यालय

नक्कली कागजात बनाई भिजिट भिसाको आवरणमा मानव तस्करी हुने गरेको अनुसन्धानबाट खुलेको छ। यसमा अन्तर्राष्ट्रिय विमानस्थलस्थित तालुकवाला निकायका कर्मचारी नै संलग्न देखिन्छन्।

सेटिङका मुख्य नाइके ट्राभल र कन्सल्टेन्सी सञ्चालक

प्रहरीका अनुसार मानव तस्करी गर्ने धन्दाका मुख्य नाइके ट्राभल एजेन्सी र कन्सल्टेन्सीका सञ्चालक रहेको देखिएको छ। जसमा भक्तबहादुर थापा, अनिश अमात्य, गोपाल रिजाल, पशुपति मैनाली र सागर चापागाईं मुख्य नाइके रहेको खुलेको छ। थापा ट्राभल एजेन्सीका सञ्चालक हुन्। त्यस्तै, अमात्यले ईसिई कन्सल्टेन्सी, रिजालले प्रगति विद्याश्रम कन्सल्टेन्सी, मैनालीले निप्पोल कन्सल्टेन्सी र चापागाईंले एसटू अबरोड कन्सल्टेन्सी चलाउँदै आएका छन्। उनीहरूकहाँ आशिष थापा, जयराम श्रेष्ठ, अजित ज्ञवाली, विपिन ढकाल र सरेस बिसंखेले भिजिट भिसामा दुबईलगायतका खाडी मुलुक जान चाहनेहरूको राहदानी संकलन गरी उपलब्ध गराउँथे। संकलित राहदानीअनुसार उनीहरूले केसी र राउतलाई नक्कली भिसा, प्रहरी रिपोर्ट, बैंक स्टेटमेन्ट, कक्षा १२ पास गरेको प्रमाणपत्र बनाउन भन्थे। कागजात तयारपछि भिजिट भिसामा जान चाहने व्यक्तिलाई उपलब्ध गराउँथे। यसबापत उनीहरूले निश्चित रकम असुल्थे। सोही रकममध्येको केही हिस्सा अध्यागमन, प्रहरी र एयरलाइन्सका कर्मचारीलाई उपलब्ध गराउँथे। र, भिजिट भिसाका आवरणमा मानव तस्करी गराउँथे।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ भूकम्पपीडितलाई अस्थायी आवास

रुकुम पश्चिममा आजबाट अनुदान निकासा, जाजरकोटमा अझै अन्योल

रुकुम पश्चिममा **मनीष खड्का**

रुकुम पश्चिमका भूकम्पपीडितले अस्थायी आवासका लागि पहिलो किस्ताबापत २५ हजार रुपैयाँ बुधबारबाट प्राप्त गर्ने भएका छन्। जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको मंगलबारको बैठकले त्रिवेणी गाउँपालिकाका ६४ भूकम्प प्रभावितलाई पहिलो किस्ताबापतको १६ लाख स्थानीय विपत् समितिको खातामा निकासा गरेको हो। हरेक पालिकामा विपत् समिति रहन्छ।

त्रिवेणी गाउँपालिकाका भूकम्पपीडितले आजदेखि अनुदान पाउँदै

त्रिवेणी गाउँपालिका अध्यक्ष गणेशकुमार केसीले वडा नम्बर ७, ८ र १० का लाभग्राहीसँग सम्झौता गरेर बुधबारबाट रकम वितरण गरिने

» पृष्ठ २ मा क्रमशः

बुधबारसम्ममा लाभग्राहीको विवरण आउँछ होला, त्यसपछि पहिलो किस्ताको रकम निकासा हुन्छ



● **हरिश्चन्द्र शर्मा**,
सहायक सिडिओ, जाजरकोट

पालिकाबाट लाभग्राही कायम भएर आउन समय लागेकाले पहिलो किस्ता वितरण सुरु हुन नसकेको हो। दुई पालिकाबाट लाभग्राहीको विवरण आएको थियो, तर केही प्रक्रिया नपुगेको देखिएपछि पुनः पठाउन भनेका छौं। बुधबारसम्ममा आउँछ होला, त्यसपछि पहिलो किस्ताको रकम निकासा हुन्छ।

प्रहरी समायोजनबारे प्रदेशका आन्तरिक मामिलामन्त्रीले गराए प्रधानमन्त्रीको ध्यानाकर्षण



(विस्तृत पृष्ठ ३)

पेट्रोलियममा चर्को नाफा राखेर डेढ वर्षमै ३० अर्ब ऋण र बक्यौता चुक्ता

अन्तर्राष्ट्रिय बजारमा २४% मूल्य घट्दा नेपालमा ३% मात्र घटाइयो

(विस्तृत पृष्ठ ७)

फिर्ता भएको एक सातामै २१ नेताले फेरि लगे पिएसओ

■ जसले फेरि लगे पिएसओ

पूर्वउपप्रधानमन्त्रीहरू
ईश्वर पोखरेल, गोपालमान श्रेष्ठ, उपेन्द्र यादव, रघुवीर महासेठ र राजेन्द्र महतो

पूर्वमन्त्रीहरू
गगन थापा, महेश बस्नेत, गिरिराजमणि पोखरेल, खड्गबहादुर विश्वकर्मा, प्रभु साह, लेखराज भट्ट, सुरेन्द्र पाण्डे, पार्वत गुरुङ, प्रदीप ज्ञवाली, अनिलकुमार झा, लीलानाथ श्रेष्ठ, कृष्णगोपाल श्रेष्ठ, अग्नि खरेल, ल्यारक्याल लामा

स्वतन्त्र सांसद : डा. अमरेशकुमार सिंह

अख्तियारका पूर्वआयुक्त : गणेशराज जोशी



नयाँ पत्रिका

कार्यविधिविपरीत सुरक्षाकर्मी राख्ने नेताहरूले शक्तिको आडमा पुनः पिएसओ सुविधा लिएका छन्। विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ विपरीत रहेको र सुरक्षा जोखिम नरहेको निष्कर्षका आधारमा दुई साताअघि प्रहरी प्रधान कार्यालयले ४५ जना नेताको सुरक्षामा खटिएका ५८ सुरक्षाकर्मी फिर्ता गरेकामा २१ नेताले फेरि लगेका हुन्।

कतिपयले गृह मन्त्रालयबाट निर्णय गराएर त केहीले दबाबकै आधारमा पिएसओका नाममा सुरक्षाकर्मी लगेका छन्। प्रहरी स्रोतका अनुसार हालसम्म कम्तीमा २१ जनाले सुरक्षाकर्मी फिर्ता लगेका छन्। पूर्वउपप्रधानमन्त्रीहरू ईश्वर पोखरेल, गोपालमान श्रेष्ठ, उपेन्द्र यादव, रघुवीर महासेठ र राजेन्द्र महतोले फेरि पिएसओ पाएका छन्। मन्त्रीबाट हटेको दुई वर्षसम्म मात्र पाउने व्यवस्था

» पृष्ठ २ मा क्रमशः



फिर्ता भएको...

पृष्ठ १ बाट क्रमशः

कार्यविधिमा रहेकोमा त्योभन्दा लामो समयदेखि लिइरहेको खुलेपछि उनीहरूको सुरक्षामा खटाइएका प्रहरी हटाइएको थियो । पूर्वमन्त्रीहरू गगन थापा, महेश बस्नेत, गिरिराजमणि पोखरेल, खड्गबहादुर विश्वकर्मा, प्रभु साह, लेखराज भट्ट, सुरेन्द्र पाण्डे, पार्वत गुरुङ, प्रदीप ज्ञवाली र अनिलकुमार झाले पनि फेरि पिएसओ पाएका छन् । पहिले खटिएकै पिएसओ उनीहरूले लगेका छन् ।

त्यस्तै, पूर्वमन्त्रीहरू लीलानाथ श्रेष्ठ, कृष्णगोपाल श्रेष्ठ, अग्नि खरेल, ल्यारक्याल लामाले पनि पहुँचकै भरमा फेरि सुरक्षाकर्मी लिएका छन् । स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंह र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त गणेशराज जोशीको पनि पिएसओ खोसिएकोमा गृहबाट दबाब दिएरै सुरक्षाकर्मी लिएका छन् । 'अरू नेताहरूले पनि पिएसओ दिन बारम्बार दबाब दिइरहेका छन्,' प्रहरी स्रोत भन्छ, 'सुरक्षाकर्मी दुरुपयोग रोक्ने हाम्रो अभियान एक साता पनि टिकेन ।'

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराई सुरक्षा जोखिम मूल्यांकनका आधारमा केही नेताहरूका लागि मात्र पुनः पिएसओ खटाइएको बताउँछन् । कार्यविधिअनुसार सुरक्षा जोखिम मूल्यांकनको सिफारिसमा केन्द्रीय सुरक्षा समितिको बैठकबाट निर्णय गरेर मात्र पिएसओ सुविधा दिन सकिन्छ । तर, वास्तविक जोखिमभन्दा दबाबको भरमा यस्ता निर्णय गरी सुरक्षाकर्मीको दुरुपयोग हुँदै आएको छ ।

RAJAPUR MUNICIPALITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
RAJAPUR, BARDIYA
Lumbini Province, Nepal
Invitation for Bids

Invitation for Sealed Quotation for the Procurement of Following Project
Second Date of Bid Publication: 2080/08/13

1. Rajapur Municipality Office of Municipal Executive, Bardiya invites Sealed Quotation (SQ) from registered contractors for the construction of the following works.
2. For the Submission of Bid Security and bid document cost in the form of cash, the cash should be deposited in the following Account No.
   Bank Name : **Nepal Bank Limited Rajapur Branch Bardiya**
   Account Holders name : **Rajapur Municipality, Bardiya**
   Account No **: 02803000003000000001 (Dharauti account) for the bid Security cost.**
   Account No **: 02803000001001000001 (revenue account) for the bid document cost**.
   Rajaswa Shirshak No : **14219**
3. Bidder must submit their bids electronically only.
4. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

1. Table

S. N.	Contract ID.	Contract name	Bid Document Cost (NRs.)	Bid Security Amount (NR)	Last Date of Bid Submission/ Opening	Bid Security Validity Date
1.	05/RM/ SQ/G/ 2080/081	Supply and Procurement of Veterinary medicines and Equipments	1000.00	31000.00	Bid Submission Date: **2080/08/20 12:00 Noon** Bid Opening Date: **2080/08/20**, 13:00 pm	75 days from the last date of bid submission.

Note: For further information please visit PPMO website www.bolpatra.gov.np/egp. or www.rajapurmun.gov.np

Chief Administrative Officer

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०।०८।१३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरू लिलाम बिकी हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय मित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८०।०८।२० मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको ९:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रू. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	१. ओभरड्राफ्ट कर्जा २. आवधिक कर्जा	**ऋणीको नामः केदारनाथ पशुपालन फर्म** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, स्याङ्जामा दर्ता रहेको) दर्ता नं. १२९/०७५/०७६, दर्ता मितिः २०७५।०४।०४ स्थायी लेखा नं.: ६९१०७०३६२ ठेगानाः स्याङ्जा जिल्ला, वालिङ न.पा., वडा नं १३ । **साझेदारहरू तथा व्यक्तिगत जमानतकर्ताहरूः** **१. दयाराम पाठक** ना.प्र.प.नं (जारी मिति/स्थानः ४८१७ (२०४५।०१।०३/स्याङ्जा) बाजेको नामः धनपति पाठक बाबुको नामः काशीराम पाठक ठेगानाः स्याङ्जा जिल्ला, पेलाकोट गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल स्याङ्जा जिल्ला, वालिङ न.पा., वडा नं १३ । **२. इन्द्रमणि पौडेल** ना.प्र.प.नं (जारी मिति/स्थानः ४७१६/२९४८ (२०५१।१२।३०/अर्घाखाँची) बाजेको नामः भुवानन्द पौडेल बाबुको नामः लोक मणि पौडेल ठेगानाः अर्घाखाँची जिल्ला, डिभर्ना गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. ८, सिमलचौर । **व्यक्तिगत जमानतकर्ताः** **१. पार्वता पौडेल** ना.प्र.प.नं (जारी मिति/स्थानः ९१५८/४०४३/३०२७ (२०५२।०९।२५/अर्घाखाँची) बाबुको नामः शिवराज खनाल ससुराको नामः लोक मणि पौडेल पतिको नामः इन्द्रमणि पौडेल ठेगानाः अर्घाखाँची जिल्ला, डिभर्ना गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. ८, सिमलचौर ।	शिवराज खनालको छोरी, लोक मणि पौडेलको बुहारी, इन्द्रमणि पौडेलको पत्नि, अर्घाखाँची जिल्ला, डिभर्ना गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. ८, सिमलचौर बस्ने **पार्वता पौडेल**को नाममा मालपोत कार्यालय मैरहवा, रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, आनन्दवन गा.वि.स., वडा नं. ३/३ड स्थीत कि.नं. १४४५, १४५० र १४४८ को क्षेत्रफल क्रमशः ०-०-७-०, ०-०-५-० र ०-०-६-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।
२.	सम्पत्ति धितो कर्जा	**ऋणीको नामः इन्द्रमणि पौडेल** ना.प्र.प.नं (जारी मिति/स्थानः ४७१६/२९४८ (२०५१।१२।३०/अर्घाखाँची) बाजेको नामः भुवानन्द पौडेल बाबुको नामः लोक मणि पौडेल ठेगानाः अर्घाखाँची जिल्ला, डिभर्ना गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. ८, सिमलचौर । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. दयाराम पाठक** ना.प्र.प.नं (जारी मिति/स्थानः ४८१७ (२०४५।०१।०३/स्याङ्जा) बाजेको नामः धनपति पाठक बाबुको नामः काशीराम पाठक ठेगानाः स्याङ्जा जिल्ला, पेलाकोट गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल स्याङ्जा जिल्ला, वालिङ न.पा., वडा नं १३ । **२. पार्वता पौडेल** ना.प्र.प.नं (जारी मिति/स्थानः ९१५८/४०४३/३०२७ (२०५२।०९।२५/अर्घाखाँची) बाबुको नामः शिवराज खनाल ससुराको नामः लोक मणि पौडेल पतिको नामः इन्द्रमणि पौडेल ठेगानाः अर्घाखाँची जिल्ला, डिभर्ना गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. ८, सिमलचौर ।	
३.	ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः कृष्ण भण्डार** (नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभागमा दर्ता रहेको) दर्ता नं.: ७३७/०६५/०६६ दर्ता मिति : २०६६/०२/१७ स्थायी लेखा नं.: ३००८२९५०१ ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं २ । **प्रोप्राईटरः** **सुमन शाक्य** ना.प्र.प.नं (जारी मिति/स्थान):१०९२१/१३९२१(२०४७/०७/१४/सुनसरी) बाजेको नामः चन्द्र बहादुर शाक्य बाबुको नामः कृष्ण प्रसाद शाक्य ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ५ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. मिरा शाक्य** ना.प्र.प.नं (जारी मिति/स्थानः १३८६८/६६७८/०४४ (२०५७/०२/२४/धरान, सुनसरी) बाबुको नामः चन्द्र बहादुर श्रेष्ठ ससुराको नामः कृष्ण प्रसाद शाक्य पतिको नामः सुमन शाक्य ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ५ । **२. कृष्ण प्रसाद शाक्य** ना.प्र.प.नं (जारी मिति/स्थानः ५८/०३० (२०३०/०४/११/सुनसरी, इनरुवा) बाजेको नामः हर्ष बहादुर शाक्य बाबुको नामः चन्द्र बहादुर शाक्य ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. ५ ।	हर्ष बहादुर शाक्य को नाति, चन्द्र बहादुर शाक्य को छोरा सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ५ बस्ने **कृष्ण प्रसाद शाक्य** को नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ५ स्थित कि.न. २७८, २७९ र २८० को क्षेत्रफल ०-०-२$^{३/४}$, ०-०-४ र ०-०-११$^{३/४}$ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७

रुसी सेनामा...

पृष्ठ १ बाट क्रमशः

भनेर परिवार आएका छन् । मस्कोस्थित दूतावासबाट पुष्टि गर्ने क्रममा छौं,' परराष्ट्रका एक अधिकारीले नयाँ पत्रिकासँग भने ।

रुसको हमलापछि युक्रेनमा बसेका सबैजसो नेपाली एक महिनाभित्रै बाहिरिएका थिए । त्यसयता रुस र युक्रेनबीचको लडाइँ रोकिएको छैन । हालसम्म रुस र युक्रेनका पाँच लाखभन्दा बढी सैनिक युद्धका क्रममा मारिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । संयुक्त राष्ट्रसंघको मानव अधिकार उच्चायुक्तको कार्यालयका अनुसार हालसम्म करिब १० हजार सर्वसाधारण युद्धमा मारिएका छन् ।

परराष्ट्र मन्त्रालयले १६ साउनमा सार्वजनिक सूचना प्रकाशित गरी रुसी सेनामा भर्ती नहुन आह्वान गरेको थियो । 'परम्परागत रूपमा सम्झौताअन्तर्गत केही मित्रराष्ट्रहरूको राष्ट्रिय सेनामा नेपाली नागरिकहरू भर्ना हुँदै आएकोबाहेक अन्य विदेशी सेनामा नेपाली नागरिक भर्ना हुन अनुमति दिनेसम्बन्धी नेपाल सरकारको नीति नरहेको जानकारी गराइन्छ,' परराष्ट्रले विज्ञप्तिमा भनेको थियो, 'कसैको प्रलोभनमा परी वा गलत सूचनाका आधारमा युद्धग्रस्त मुलुकहरूमा सुरक्षासम्बन्धी काममा नजानुहुन सबैमा अनुरोध गरिन्छ ।' रुसी सेनामा नेपाली भर्ती हुँदै आएको विवरण बिबिसी, न्युयोर्क टाइम्सलगायत अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले प्रकाशित गरेपछि सरकारले सचेत गराएको थियो । साथै, सरकारले रुसी सेनामा नेपाली नरहेको जवाफ पनि दिँदै आएको थियो । अनौपचारिक स्रोतहरूबाट प्राप्त सूचनाअनुसार रुसी सेनामा करिब दुई सय नेपाली भर्ती भएको परराष्ट्रका अधिकारीहरू बताउँछन् ।

रुसले विदेशी नागरिकलाई सेनामा भर्ती गराउन गत वर्ष कानुन नै संशोधन गरेको थियो । गत वर्ष २० सेप्टेम्बरमा रुसको संसद्ले पारित गरेको कानुनमा रुसी सेनामा भर्ती हुने विदेशी नागरिकलाई नागरिकता दिने उल्लेख छ । रुसी संसद् डुमाको वेबसाइटअनुसार कानुनमा भनिएको छ, 'रुसी सशस्त्र बल, सेना वा सैन्य संरचनाअन्तर्गत सेवामा कम्तीमा एक वर्षका लागि भर्ती सम्झौतामा हस्ताक्षर गर्ने विदेशी नागरिकले आवास अनुमतिविना पनि सरल प्रक्रियाअन्तर्गत रुसको नागरिकता प्राप्त गर्न सक्षम हुनेछन् ।'

विद्यमान कानुनअनुसार विदेशी नागरिकले सेनामा कम्तीमा तीन वर्ष करारमा काम गर्नुपर्ने प्रावधान राखिएको डुमाको वेबसाइटमा उल्लेख छ । 'यस अतिरिक्त कानुनमा गरिएको संशोधनले सिपाही, सार्जेन्ट र सार्जेन्ट मेजरको श्रेणीमा सैनिक सेवामा प्रवेश गर्ने विदेशी नागरिकसँग पहिलो सेवा सम्झौता सम्पन्न भएको अवधिलाई पाँच वर्षबाट घटाएर एक वर्ष गर्ने प्रस्ताव गरेको छ,' डुमाले पारित गरेको कानुनमा भनिएको छ । यही कानुनअनुसार रुसी सेनामा विदेशी नागरिकको भर्ती हुँदै आएको छ ।

दुईथरी भिसा...

पृष्ठ १ बाट क्रमशः

प्रस्टसँग खुलाइएको छ । यसलाई आधार बनाएर कुवेतस्थित दूतावासले श्रम स्वीकृतिका लागि पत्र लेखेको छ, जसमा श्रम सहचारी हेमकुमार अधिकारीको हस्ताक्षर र दूतावासको छाप छ ।

तर, कुवेत पुगेपछि मजदुरलाई दिइने अर्को भिसामा भने प्रस्टसँग कामको प्रकृति 'घरेलु मजदुर' उल्लेख गरिएको छ । अरबी भाषामा उल्लेखित उक्त भिसा सबैले पढ्न सक्दैनन् । तस्करी गरिएका युवतीले कुवेत जाने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयको चेकजाँचमा 'घरेलु मजदुर' उल्लेख नगरिएको भिसा देखाउँछन् र सजिलै कुवेत पुग्छन् । त्यहाँ पुगेलपछि अर्को भिसा प्रयोग गर्छन् र घरेलु मजदुरका रूपमा काममा लगाइन्छ ।

यसरी गैरकानुनी रुपमा कुवेत पुऱ्याइएका केही युवतीको विवरण नयाँ पत्रिकालाई प्राप्त भएको छ । तिमध्ये एक हुन्, सुनबर्सी- ५, मोरङकी आरतीकुमारी ऋषिदेव । ३० बैसाख ०८० मा उनको नाममा अंग्रेजी र अरबी भाषा उल्लेखित भिसा जारी भएको देखिन्छ । पिए १०६८७५८ नम्बरको राहदानीमा जारी भिसामा कम्पनीको नाम 'मिस परेक्ट लाउन्ज सलुन एन्ड स्पा लेडिज ब्युटी' उल्लेख छ । 'हेयरड्रेसर' काम तोकिएको छ । कुवेतस्थित नेपाली दूतावासले उनको श्रम स्वीकृति र उडान अनुमतिका लागि वैदेशिक रोजगार विभाग र अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयलाई सिफारिसपत्र पठाएको छ । जसमा श्रम सहचारी अधिकारीको हस्ताक्षर र दूतावासको छाप छ ।

आरतीकुमार ऋषिदेवको त्यही नम्बरको राहदानीमा नाममा अर्को भिसा पनि जारी भएको छ । जसमा कामको प्रकृति 'डोमेस्टिक वर्कर' भनी उल्लेख गरिएको छ । भिसा भने अरबी भाषामा जारी भएको छ । जसमा कुवेतको आन्तरिक मामिला मन्त्रालयअन्तर्गतको 'जेनरल डिपार्टमेन्ट अफ रेसिडेन्सी अफेयर्स'को छाप छ ।

त्यस्तै, शुद्धोदन गाउँपालिका- ७, रुपन्देहीकी रेस्मीकुमारी थारूको स्टेट अफ कुवेतको लेटरहेडमा जारी भएको भिसामा कम्पनीको नाम अल बेइक प्यालेस रेस्टुरेन्ट उल्लेख छ । राहदानी नम्बर पिए १२५८३४३ उल्लेखित भिसामा कामको प्रकृति 'क्लिनर' भनिएको छ । नेपाली दुतावासले श्रम स्वीकृति र उडान अनुमतिका लागि सिफारिस गरेको छ । तर, सोही नम्बरको राहदानीमा जारी भएको अर्को भिसामा कम्पनीको नाम उल्लेख छैन । तर, कामको प्रकृति 'डोमेस्टिक वर्कर' भनी उल्लेख गरिएको छ । कुवेती अन्तरिक मामिला मन्त्रालयअन्तर्गतको 'जेनरल डिपार्टमेन्ट अफ रेसिडेन्सी अफेयर्स'को लेटरहेडमा जारी भिसामा डिपार्टमेन्टको छाप छ । भिसा अरबी भाषामा जारी भएको छ ।

कपिलवस्तु नगरपालिका- ९, कपिलवस्तुकी धनमाया आलेमगरको नाममा जारी स्टेट अफ कुवेतको लेटरहेडमा जारी भिसामा कम्पनीको नाम 'मिस पर्फेक्ट लाउन्ज सलुन एन्ड स्पा फर लेडिज ब्युटी' उल्लेख छ । कामको प्रकृति हेयरड्रेसर भनिएको छ । राहदानी नम्बर पिए ०६११८१५ मा जारी भिसाको प्रमाणीकरण १२ अप्रिल ०२३ मा गरिएको छ । अंग्रेजी र अरबी भाषामा भिसा जारी गरिएको छ । 'जेनरल डिपार्टमेन्ट अफ रेसिडेन्सी अफेयर्स' बाट धनमायाकै राहदानी नम्बरमा अरबी भाषामा उल्लेखित अर्को भिसा पनि जारी भएको छ । जसमा कामको प्रकृति 'डोमेस्टिक वर्कर' भनिएको छ ।

बाह्रदशी गाउँपालिका- ५, झापाकी वीरमाया लिम्बूको नाममा पनि दुईवटै भिसा जारी भएको छ । जसमध्ये स्टेट अफ कुवेतबाट जारी भिसामा कामको प्रकृति 'क्लिनर' भनिएको छ । तर, कुवेती आन्तरिक मामिला मन्त्रालय (मिनिस्ट्री अफ इन्टेरियर) अन्तर्गत 'जेनरल डिपार्टमेन्ट अफ रेसिडेन्सी अफेयर्स'बाट जारी भिसामा भने 'डोमेस्टिक वर्कर' भनिएको छ ।

त्यस्तै, झापा नगरपालिका- २, सुदकबारीकी डोल्मादेवी राजवंशी, झापाकै बिर्तामोड नगरपालिका- ६, चारपानेकी मनिता मुर्मू, सुनसरीको धरान उपमहानगरपालिका- ५ की निता खड्का, दोलखाकी दिव्य थोकर, पर्साको ठोरी गाउँपालिका- ४ की आशा श्रेष्ठ र पाँचथरको तुम्वेवा- १ की सिर्जना तामाङको नाममा पनि दुईवटै भिसा जारी भएको छ । स्टेट अफ कुवेतबाट जारी भिसामा कामको प्रकृति क्लिनर, हेयरड्रेसर, भेन्डरलगायत उल्लेख छ । कुवेतस्थित नेपाली दुतावासले गरेको श्रम स्वीकृति र उडान अनुमतिको सिफारिसपत्रमा श्रम सहचारी हेमकुमार अधिकारीकै हस्ताक्षर छ । तर, कुवेती अन्तरिक मामिला मन्त्रालय (मिनिस्ट्री अफ इन्टेरियर) अन्तर्गत 'जेनरल डिपार्टमेन्ट अफ रेसिडेन्सी अफेयर्स'बाट जारी भिसामा भने कामको प्रकृति 'डोमेस्टिक वर्कर' नै भनिएको छ ।

वैदेशिक रोजगार कार्यालय ताहाचलका प्रवक्ता मेघनाथ रिमालले कुवेतलगायत खाडी मुलुकमा घरेलु कामदार रूपमा पठाउने कार्य प्रतिबन्ध छ । कसैले पठाए त्यो गैरकानुनी ठहर्छ । तर, कागजात हेर्दा अझै पनि त्यस्ता गतिविधि भइरहेको देखियो । यस्तो कसरी हुन पुग्यो ? हामी अचम्मित भएका छौं । यस विषयमा हामी आन्तरिक अध्ययन गर्छौं ।'

कार्यालयका प्रवक्ता रिमालले भने, 'कामदार जान चाहने मुलुकस्थित दूतावासले श्रम स्वीकृतिको सिफारिस गर्छ । त्यसैका आधारमा हामीले श्रम स्वीकृति दिने हो । यि व्यक्तिहरूको हकमा पनि त्यही भएको हो । यदि त्यसमा कैफियत भएको हो भने कुवेतस्थित दूतावासले जान्ने कुरा हो । किनकि दूतावासले सिफारिस गरेपछि हामीले श्रम स्वीकृति दिनैपर्छ । कागजात हेर्दा पनि उतैबाट कैफियत भएको हो कि जस्तो देखिन्छ । यस विषयमा अध्ययन गर्न हामीले पटक-पटक सम्बन्धित निकायलाई भन्यौं, तर सुनुवाइ भएको छैन ।'

कुवेतस्थित नेपाली दूतावास भन्छ- व्यक्तिगत श्रम स्वीकृतिका लागि सिफारिस गरिएको छैन

कुवेतस्थित नेपाली दूतावासकै संलग्नतामा घरेलु कामदारका रूपमा व्यक्तिगत श्रम स्वीकृतिका लागि सिफारिस गरिएको आशंका गरिएको छ । तर, दूतावासले त्यसलाई अस्वीकार गरेको छ ।

राजदूत घनश्याम लम्सालको अनुरोधमा नयाँ पत्रिकाले केही युवतीको दुईथरी भिसालगायत डकुमेन्ट उपलब्ध गराइदिएपछि दूतावासका सूचना अधिकारी प्रेमराज गौतमले त्यस्तो सिफारिसपत्र जारी नभएको जवाफ फर्काएका छन् । उनले झमेलमार्फत पठाएको जवाफमा पर्साकी आशा श्रेष्ठ (राहदानी नम्बर १०९०४०४०) र मोरङकी आरतीकुमारी ऋषिदेव (राहदानी नम्बर १०६८७५८) को सिफारिस नभएको जनाएका छन् ।

'कुवेतमा घरेलु मजदुरका रूपमा नेपाली मजदुर जान पाउँदैनन् । हामीकहाँ उपलब्ध कागजातमा आशा श्रेष्ठ, पर्सा (राहदानी नम्बर १०९०४०४०), आरतीकुमारी ऋषिदेव, मोरङ (राहदानी नम्बर १०६८७५८) को व्यक्तिगत श्रम स्वीकृति भिसा नम्बर १८/१७ मा कुवेतको कम्पनीमा काम गर्न आउने कामदारको सिफारिसपत्र यस दूतावासबाट जारी नगरिएको व्यहोरा अनुरोध छ,' उनले जवाफ पठाएका छन् ।

अध्यागमन, प्रहरी...

पृष्ठ १ बाट क्रमशः

भिसामा मानव तस्करी गर्ने गरेको खुलेको छ ।

'नक्कली कागजात बनाई भिजिट भिसाको आवरणमा मानव तस्करी हुने गरेको अनुसन्धानबाट खुलेको छ । यसमा अन्तर्राष्ट्रिय विमानस्थलस्थित तालुकवाला निकायका कर्मचारी नै संलग्न देखिन्छन्,' अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रवीन्द्र रेग्मीले बताए ।

सरकारले भिजिट भिसामा खाडीलगायतका मुलुक जान कक्षा १२ को शैक्षिक प्रमाणपत्रलाई अनिवार्य गरेको छ । त्यस्तै, भिजिट भिसामा जाने व्यक्तिको बैंकमा अनिवार्य रूपमा कम्तीमा दुई लाख रूपैयाँ हुनुपर्ने भनिएको छ । त्यसबाहेक भिसा र होटेल बुकिङ गरेको कागजात, प्रहरी रिपोर्ट पनि आवश्यक मान्ने गरिन्छ । तस्कर समूहले यी कागजात नक्कली बनाउने र त्यसकै आधारमा भिजिट भिसा बनाएर विदेश पठाउने गरेका थिए ।

यो समूहले अध्यागमन कार्यालयका कर्मचारीलाई प्रतिव्यक्ति ४० देखि ५५ हजार र एयरलाइन्सका कर्मचारीलाई प्रतिव्यक्ति १० देखि १५ हजार बुझाउने गरेको थियो । त्यस्तै, विमानस्थलस्थित प्रहरीलाई भने उनीहरूले प्रतिव्यक्ति १० हजार रूपैयाँ दिएर सेटिङ मिलाउने गरेका थिए । प्रहरीका अनुसार तस्कर समूहले विमानस्थलमा 'सेटिङ'का लागि मात्रै प्रतिदिन दुई करोडसम्म खर्च गर्ने गरेको थियो । यसरी नक्कली कागजात बनाई भिजिट भिसाको आवरणमा दैनिक दुई सय ५० भन्दा धेरैलाई विदेश पठाइने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

प्रवक्ता एसपी रेग्मीले भने, 'मानव तस्करीका लागि तस्करले विमानस्थलस्थित तालुकवाला कार्यालयका कर्मचारीलाई मिलाउन दैनिक ठूलो रकम खर्च गर्ने गरेको देखिन्छ ।' प्रहरीको पछिल्लो अप्रेसनपछि यो कार्य धेरै घटेको उनको दाबी छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले विमानस्थलमा कार्यरत प्रहरी जवान जीवराज तामाङसहित आशिष थापा, जयराम श्रेष्ठ, भक्तबहादुर थापा, दीपक केसी, विवेक भनिने बलबहादुर रावत, अनिस अमात्य, गोपाल रिजाल, पशुपति मैनाली, सागर चापागाईं, अजित ज्ञवाली, विपिन ढकाल र सरेस बिसंखेलाई पक्राउ गरेको थियो । उनीहरूविरुद्ध अहिले मुद्दा चलिरहेको छ ।

तर, मानव तस्करीमा संलग्न अध्यागमन र एयरलाइन्सका कर्मचारीलाई भने प्रहरीले अझै पक्राउ गरेको छैन । उनीहरूलाई पक्राउ गर्न केही कानुनी जटिलता देखिएको कार्यालयका प्रमुख एसएसपी सामेन्द्रसिंह राठौरले बताए । 'मानव तस्करी गर्ने कार्यमा तालुकवाला निकायकै केही कर्मचारी संलग्न रहेको अनुसन्धानले देखाएको छ । तर, केही कानुनी जटिलता हुँदा उनीहरूलाई पक्राउ गर्न सकिएको छैन,' उनले भने ।

तस्कर समूहले नक्कली कागजात बनाउन काठमाडौंमा छुट्टाछुट्टै दुईवटा फ्ल्याट भाडामा लिएका थिए । यस धन्दामा काठमाडौं महानगर-१ नक्सालका ३८ वर्षीय दीपक केसी र नागार्जुन नगरपालिका-३ का ४२ वर्षीय बलबहादुर राउत संलग्न थिए । कागजात बनाउन केसीले महाराजगन्ज र राउतले स्वयम्भुमा फ्ल्याट लिएका थिए । उनीहरूको फ्ल्याटबाट प्रहरीले १३९ थान नक्कली बैंक स्टेटमेन्ट, १५ वटा नक्कली नाता प्रमाणित कागजात, २५ वटा नक्कली प्रहरी रिपोर्ट, ४० जनाको नक्कली श्रम स्वीकृति, १३ जनाको कोभिड-१९ को नक्कली रिपोर्ट, ६१ वटा कक्षा १२ पास गरेका नक्कली शैक्षिक प्रमाणपत्र, तीन एसएलसीको नक्कली प्रमाण पत्र र केही राहदानीसहित एक हजार ३२ कागजात बरामद गरेको थियो । प्रहरीका अनुसार पक्राउ परेकामध्ये केसी यसअघि एकपटक र राउत तीनपटक किर्ते कसुरमा पक्राउ परेका अभियुक्त हुन् ।

धितो लिलाम सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/०८/१३ गतेको नयाँ पत्रिका दैनिक)

तपसिलमा उल्लेखित ऋणीले यस क्यास सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडबाट लिएको ऋण कर्जाको समय अवधि गुज्रिसकेको र यस भन्दा अघि विभिन्न मितिमा कर्जा चुक्ता सम्बन्धी बारम्बार मौखिक तथा लिखित पत्रद्वारा तरताकेता र राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सार्वजनिक सूचनाहरु प्रकाशन गर्दा समेत अटेर गरी नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको हुंदा यो १५ दिने लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ । अतः यो सूचनाको १५ दिनभित्र ऋणीले उपभोग गरेको विभिन्न शीर्षक अन्तर्गतको कर्जा र ऋणीको एकाघर परिवारको नाममा यस संस्थामा रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर चुक्ता नगरेमा १६औं दिनमा संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्रि गरी संस्थाको लेना रकम साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर असूल उपर गरिनुका साथै नाम सहित कालो सुचीमा प्रकाशन गरिनेछ । यसरी सुरक्षणमा रहेको अचल सम्पति लिलाम बिक्रि गर्दा पनि सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित सहकारी ऐन, सहकारी नियमावली तथा संस्थाको विनियम अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुको अन्य चल अचल सम्पतिबाट समेत असुल उपर गरिने छ

ऋणीको विवरण	धनजमानीकर्ताहरूको विवरण
ऋणी सरोज कुमार शाह ला

प्रहरी समायोजनबारे प्रदेशका आन्तरिक मामिलामन्त्रीले गराए प्रधानमन्त्रीको ध्यानाकर्षण

ऐन कार्यान्वयनमा नआउँदा प्रदेशको शान्ति, सुरक्षालगायत एकल अधिकारका विषय प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको दाबी




संघ र प्रदेशबीच प्रहरी समायोजन हुन सकेको छैन। यसमा सरकार प्रयत्नरत छ। मन्त्रिपरिषद् बैठकमा पनि छलफल भएको छ। यही विषयलाई लिएर सर्वदलीय बैठक राख्ने योजना छ। त्यसपछि समायोजनको काम अघि बढ्नेछ।

● **प्रचण्ड**, प्रधानमन्त्री



प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ र नेपाल प्रहरी तथा प्रदेश प्रहरी(कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ संघीय संसद्बाट पारित भएर प्रमाणीकरण भएको चार वर्ष बितिसक्यो, तर प्रदेश प्रहरी समायोजन भएन। जसकारण प्रदेश सरकारले संविधानबाट प्रदत्त अधिकार पनि प्रयोग गर्न सकेन। त्यसो हुँदा प्रधानमन्त्री र गृहमन्त्रीको ध्यानाकर्षण गराएका हौं।

● **गंगानारायण श्रेष्ठ**, आन्तरिक मामिला तथा कानुनमन्त्री, बागमती प्रदेश



बुधबार प्रधानमन्त्री प्रचण्डलाई प्रहरी समायोजनको माग गर्दै ध्यानाकर्षणपत्र बुझाउँदै सातै प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्रीहरू।

नयाँ पत्रिका

ऐन बनेको चार वर्ष बितिसक्दा पनि संघ र प्रदेशबीच प्रहरी समायोजन हुन नसकेपछि सातै प्रदेशका गृहमन्त्रीले संघीय सरकारको ध्यानाकर्षण गराएका छन्। प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्रीले बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई ध्यानाकर्षणपत्र बुझाएका छन्।

उनीहरूले प्रधानमन्त्री प्रचण्डलाई प्रधानमन्त्रीनिवास बालुवाटार र गृहमन्त्री श्रेष्ठलाई सिंहदरबारस्थित गृह मन्त्रालयमा ध्यानाकर्षणपत्र बुझाएका हुन्। ध्यानाकर्षणपत्रमा प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ र नेपाल प्रहरी तथा प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ संघीय संसद्बाट पारित भएर प्रमाणीकरण भइसक्दासमेत संघ र प्रदेशबीच प्रहरी समायोजन हुन नसकेको उल्लेख छ।

'प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ र नेपाल प्रहरी तथा प्रदेश प्रहरी(कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ संघीय संसद्बाट पारित भएर प्रमाणीकरण भइसक्दा पनि संविधानको अनुसूची ६ बमोजिम नेपाल सरकारले प्रहरी समायोजन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने, तर आजसम्म प्रहरी कर्मचारी तथा संरचनाहरूको हस्तान्तरण हुन सकेको छैन' पत्रमा भनिएको छ।

संघीय संसद्बाट पारित भएपछि प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ र नेपाल प्रहरी तथा प्रदेश प्रहरी(कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन २०७६, २८ माघ ०७६ मा प्रमाणीकरण भएको थियो। दुवै ऐन हालसम्म कार्यान्वयनमा नआउँदा प्रदेशको शान्ति, सुरक्षाजस्ता कुरा प्रदेशको एकल अधिकारका विषय प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको पत्रमा उल्लेख छ।

'ऐनअनुसार संघ र प्रदेश प्रहरी समायोजन नहुँदा संविधानले प्रदान गरेको प्रदेशको शान्ति, सुरक्षाजस्ता प्रदेशको एकल अधिकारका विषय प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन,' पत्रमा छ, 'अतः संघीय संसद्ले पारित गरेको ऐनको मर्म र भावनाअनुसार अविलम्ब प्रहरी समायोजन गरी प्रदेश सरकारमातहत ल्याउन र समायोजनका लागि आवश्यक कारबाही अघि बढाउन ध्यानाकर्षण गराउन चाहन्छौं।'

संविधानबाट प्रदत्त अधिकार प्रदेश सरकारले अहिलेसम्म प्रयोग गर्न नपाएपछि सातै प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री एकजुट भई प्रधानमन्त्री प्रचण्ड र गृहमन्त्री श्रेष्ठलाई ध्यानाकर्षणपत्र बुझाउन बाध्य भएको बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले बताए। 'प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ र नेपाल प्रहरी तथा प्रदेश प्रहरी(कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ संघीय संसद्बाट पारित भएर प्रमाणीकरण भएको चार वर्ष बितिसक्यो,' उनले भने, 'तर, प्रदेश प्रहरी समायोजन भएन। जसकारण प्रदेश सरकारले संविधानबाट प्रदत्त अधिकार पनि प्रयोग गर्न सकेन। त्यसो हुँदा हामीले प्रधानमन्त्री र गृहमन्त्रीको ध्यानाकर्षण गराएका हौं।'

पत्र बुझेपछि प्रधानमन्त्री प्रचण्डले सर्वदलीय बैठकपछि मात्रै संघ र प्रदेशबीच प्रहरी समायोजन गरिने जवाफ दिएका थिए। सोही विषयलाई लिएर मन्त्रिपरिषद् बैठकमा पटक-पटक छलफल भएकोसमेत उनले पत्र बुझ्ने क्रममा बताएका थिए। 'संघ र प्रदेशबीच प्रहरी समायोजन हुन सकेको छैन। यस विषयमा सरकार प्रयत्नरत छ। मन्त्रिपरिषद् बैठकमा पनि छलफल भएको छ। यही विषयलाई लिएर सर्वदलीय बैठक राख्ने योजना छ। त्यसपछि समायोजनको काम अघि बढ्नेछ,' प्रधानमन्त्रीको भनाइ थियो।

पत्र बुझ्ने क्रममा गृहमन्त्री श्रेष्ठले संघीयतालाई बलियो बनाउन आवश्यक ऐन निर्माण, संशोधन एवं कार्यविधि तय गर्न सरकार लागिरहेको बताए। 'प्रदेशहरूलाई अधिकार सम्पन्न र संघीयतालाई बलियो बनाउन संघीय सरकार आवश्यक ऐन निर्माण, संशोधन एवं कार्यविधि तय गर्न लागिरहेको छ। प्रहरी समायोजन प्रक्रियालाई प्राथमिकतामा टुंग्याइनेछ। सरकारको नीति कार्यक्रममा नै यो विषय उल्लेख भएकाले यस सन्दर्भमा सरकार संवेदनशील छ,' गृहमन्त्री श्रेष्ठले भने।

ध्यानाकर्षणपत्र बुझाउन बागमती प्रदेशका आन्तरिक मामिलामन्त्री श्रेष्ठसहित मधेशका मोहम्मद समिम, लुम्बिनीका सन्तोषकुमार पाण्डे, कर्णालीका कृष्णबहादुर जिसी, सुदूरपश्चिममा शिवराज भट्ट सहभागी थिए। त्यस्तै, गण्डकीकी ऊर्जामन्त्री सरस्वती अर्याल तिवारी र कोशीका विनाविभागीयमन्त्री शमशेर राई प्रतिनिधिका रूपमा सहभागी थिए।

खाणले न्याय पाउँछन् : देउवा

अदालतमा विचाराधीन कतिपय विषयमा बोल्न मिल्दैन, तर खाणले न्याय पाउँछन् भन्नेमा विश्वस्त छु

भैरहवामा **दीपेश पछाई**



काग्रेस सभापति शेरबहादुर देउवाले नक्कली भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेका केन्द्रीय सदस्य तथा पूर्वगृहमन्त्री बालकृष्ण खाणले न्याय पाउने बताएका छन्। काग्रेस रुपन्देहीको प्रथम जिल्ला सम्मेलनलाई मंगलबार भैरहवामा सम्बोधन गर्दै सभापति देउवाले खाणले न्याय पाउनेमा आफू विश्वस्त रहेको बताए।

सर्वोच्च अदालतमा विचाराधीन मुद्दामा धेरै बोल्न उचित नहुने देउवाको भनाइ थियो। 'अदालतमा विचाराधीन कतिपय विषयमा बोल्न मिल्दैन,' देउवाले भने, 'तर, खाणले न्याय पाउनँछन् भन्नेमा विश्वस्त छु।'

फरक प्रसंगमा उनले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि पहल गर्ने बताए। विमानस्थल नियमित सञ्चालनमा किन ढिलाइ भइरहेको छ भन्नेबारे सरकार र सरोकारका सबै पक्षसँग परामर्श गर्ने उनले प्रतिबद्धता जनाए। 'विमानस्थल सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधार तथा कार्यालयका कारणले समस्या रहेको हो भने काठमाडौं गएपछि विमानस्थल पूर्ण रूपमा सञ्चालनका लागि सरकार, सम्बन्धित मन्त्री र सरोकारवालालाई बोलाएर कुरा गर्नेछ,' उनले भने। काग्रेसकै सरकारका पालमा विमानस्थलको शिलान्यासदेखि उद्घाटनसम्म भएको भन्दै उनले यसलाई पूर्ण रूपमा सञ्चालनमा ल्याई अन्तर्राष्ट्रिय विमान उडाइछाड्ने जिकिर गरे।

ओलीले झुलाघाटमा पदयात्रा उद्घाटन गर्ने

धनगढीमा **तेजराज भट्ट**

पार्टीले सुरु गर्न लागेको 'समृद्धिका लागि मध्यपहाडी लोकमार्ग पदयात्रा'को उद्घाटनका लागि एमाले अध्यक्ष केपी ओली सुदूरपश्चिम आइपुगेका छन्। उनले बिहीबार बिहान साढे ८ बजे बैतडीको झुलाघाटमा पदयात्राको उद्घाटन गर्ने कार्यक्रम छ। त्यसका लागि अध्यक्ष ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेललगायत नेताहरू मंगलबार बेलुकी धनगढी आइपुगेका छन्। उपाध्यक्षहरू युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, रामबहादुर थापा, महासचिव शंकर पोखरेल, उपमहासचिव विष्णु रिमाललगायत नेताहरू बुधबार बिहान नियमित उडानबाट धनगढी आउने एमालेले जनाएको छ। अध्यक्षसहित नेताहरू बुधबार बैतडी जाने कार्यक्रम छ।

एमाले सुदूरपश्चिम प्रदेश कमिटीले मंगलबार धनगढीमा पत्रकार सम्मेलन गरेर पदयात्रा उद्घाटनको तयारी लगभग पूरा भएको जनाएको छ। एमाले केन्द्रीय सचिव एवं सुदूरपश्चिम प्रदेश इन्चार्ज छविलाल विश्वकर्माका अनुसार अध्यक्ष ओलीले झुलाघाटमा राष्ट्रिय झन्डा फहराएर गरेर पदयात्राको उद्घाटन गर्नेछन्। त्यही दिन बैतडीको गोठालापानीमा आमसभा गर्ने तयारी छ।

एक हजार आठ सय ७९ किलोमिटर यात्रा गरिने

बैतडीको झुलाघाटदेखि पाँचथरको चिवाभञ्ज्याङसम्म हुने पदयात्राअन्तर्गत सुदूरपश्चिममा डडेल्धुरा, डोटी र अछामका विभिन्न स्थानमा जनसहभागितामा सभाहरू गरिने इन्चार्ज विश्वकर्माले जानकारी दिए। ती सभाहरूलाई अध्यक्ष ओलीलगायत नेताहरूले सम्बोधन गर्ने बताइएको छ। ऐतिहासिक, पुरातात्त्विक स्थलहरू एवं कृषि क्षेत्रको अवलोकन गर्ने, जनताका राय-सुझावहरू पनि लिइने उनले बताए।

एमालेले तीन साता चल्ने यो यात्रालाई समृद्धिका लागि संकल्प यात्रा भनेको छ। पदयात्राअन्तर्गत एक हजार ८७९ किलोमिटर यात्रा गरिने एमालेले जनाएको छ। सुदूरपश्चिममा अछामबाट पदयात्रा टोलीलाई कर्णाली प्रदेशका लागि १७ मंसिरमा बिदाइ गरिने एमाले प्रदेश अध्यक्ष कृष्णप्रसाद जैसीले जानकारी दिएका छन्। उनका अनुसार अभियानअन्तर्गत सुदूरपश्चिममा तीन सय ५८ किलोमिटर यात्रा गरिनेछ। पहाडको विकासको समस्या पहिचान गरी समृद्धिलाई अघि बढाउने भन्दै एमालेले मध्यपहाडी लोकमार्ग केन्द्रित गरेर पदयात्रा सुरु गर्ने निर्णय गरेको थियो।

सिराहामा खैरो हिरोइनको अवैध कारोबार बढ्यो

सिराहा/ पछिल्लो समय सिराहामा लागुऔषध खैरो हिरोइनको अवैध कारोबार बढेको छ। मिर्चैया, गोलबजार र लहानलगायत बजार क्षेत्रमा अवैध रूपमा खैरो हिरोइनको कारोबार बढेपछि लागुऔषध ब्युरो जनकपुरको टोली नियन्त्रणमा खटिएको छ। प्रहरीले एक साताभा खैरो हिरोइनसहित अलग-अलग स्थानबाट दुईजनालाई पक्राउ गरेको छ। गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले सिराहाको कर्जन्हा नगरपालिका- २ बन्दीपुरमा चेकजाँच गर्ने क्रममा लागुऔषध खैरो हिरोइनसहित एकजनालाई पक्राउ गऱ्यो। पक्राउ पर्नेमा कर्जन्हा नगरपालिका- २ का ३० वर्षीय विश्वमित्र महतो रहेको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ।

महतोको साथबाट प्रहरीले लागुऔषध खैरो हिरोइन १२.७० ग्राम र नेपाली रुपैयाँ १२ हजार ६५० र दुई थान मोबाइल बरामद गरेको जिल्ला प्रहरी कार्यालय सिराहाका प्रवक्ता डिएसपी रवीन्द्रराज पाण्डेले बताए। महतोलाई जिल्ला अदालतबाट २० दिनको म्याद लिई अनुसन्धान सुरु गरिएको छ।

यस्तै, प्रहरीले सिराहाको नरहा गाउँपालिका- ३ नयाँ चोहर्वाबाट खैरो हिरोइनसहित एकजनालाई पक्राउ गरेको थियो। पक्राउ पर्नेमा सिराहाको गोलबजार नगरपालिका- ९ डन्डाटोलका ३० वर्षीय श्रीदेव यादव छन्। उनको साथबाट ९ सय ७० मिलिग्राम खैरो हिरोइन बरामद भएको प्रहरीले जनाएको छ। यादवमाथि मोटर चोरीको मुद्दामा जिल्ला अदालत सिराहाबाट पक्राउ पुर्जी जारी भएको थियो। यादवलाई सात दिनको म्याद थप अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता डिएसपी पाण्डेले बताए।

रुकुम पश्चिममा माओवादीद्वारा तीन हजार स्वयंसेवक परिचालित

रुकुम पश्चिममा **मनीष खड्का**

भूकम्प प्रभावितका लागि अस्थायी आवास निर्माण गर्ने माओवादी रुकुम पश्चिमले तीन हजारभन्दा बढी स्वयंसेवक परिचालन गरेको छ। पार्टीका सबै कमिटी र जनवर्गीय संगठनलाई स्वयंसेवक दलमा परिणत गर्ने निर्णय गरेको माओवादीले जिल्लाका भूकम्प प्रभावित क्षेत्रमा तीन हजार ८७ जना स्वयंसेवक परिचालन गरेको छ। यसबाहेक जिल्लाबाहिरबाट आएका स्वयंसेवक पनि छन्।

मंगलबार भूकम्प प्रभावित आठबिसकोट नगरपालिका, सानीभेरी गाउँपालिका र चौरजहारी नगरपालिकामा अस्थायी आवास निर्माण अभियानको सुरुवात भएको माओवादी रुकुम पश्चिमले जनाएको छ। जिल्लामा पार्टीका उपमहासचिव जनार्दन शर्माको नेतृत्वमा अस्थायी आवास निर्माण अभियान सुरु भएको हो। आफू तीनवटै पालिकामा खटिने टिम लिडर तथा प्रतिनिधिसभा सदस्य शर्माले बताए। उनले मंगलबार सानीभेरी गाउँपालिका- ४ को मेघा बलिबाङबाट अभियानको सुरुवात गरे। पहिलो चरणमा तीन-तीन दिनका दरले नौ दिन अस्थायी आवास निर्माण अभियानमा खटिने उनको भनाइ छ। सोमबारबाट तीन दिन सानीभेरी गाउँपालिका, त्यसपछि आठबिसकोट नगरपालिका र चौरजहारी नगरपालिकामा अस्थायी आवास निर्माणमा खटिने शर्माले बताए।

अस्थायी आवासका लागि काठको समस्या भएकाले भूकम्पले बस्न नमिल्ने भएका घरलाई भत्काएर खाली गर्ने र काठ, ढुंगालगायत सामग्री निकाल्ने कामबाट अस्थायी आवास निर्माणको अभियान थालिएको उनले बताए। उनले कार्यकर्तालाई छिटोभन्दा छिटो धेरै अस्थायी आवास निर्माण गर्न निर्देशनसमेत दिए। मौसम बदली भइरहेकाले तत्काल धेरैभन्दा धेरै आवास निर्माणको आवश्यकता रहेको बताउँदै उनले क्षति नभएका जिल्लाका सबै वडाबाट प्रतिवडा कम्तीमा २० जना स्वयंसेवक माग गरिएको बताए।

प्रभावितको जग्गा भएको अवस्थामा सुरक्षित ठाउँको पहिचान गरी आवास निर्माण गरिने र जग्गा नभएको अवस्थामा भत्किएकै घरलाई हटाएर आवास निर्माण गरिने उनको भनाइ छ।

सानीभेरीमा माओवादी कर्णाली प्रदेश अध्यक्ष विमला केसीको नेतृत्वमा टोली परिचालित छ। त्यहाँ प्युठानबाट अखिल क्रान्तिकारी र वाइसिएलको टोलीसमेत आएको छ। जिल्लाभरका सबै पाल हटाउने लक्ष्यका साथ अभियानको थालनी गरिएको माओवादी रुकुम पश्चिमका संयोजक गोविन्द रोकाले जानकारी दिए। जिल्ला कमिटीले एक महिनाभित्र अस्थायी आवासको व्यवस्थापन गर्ने निर्णय गरेकाले सोहीअनुसार अस्थायी आवास निर्माणको अभियान थालिएको उनले बताए। साथै, अस्थायी आवासका लागि सरकारी राहत प्राप्त गर्ने लाभग्राही सूचीकृत गर्ने काममा पनि पार्टीले सहजीकरणको काम गरिरहेको उनको भनाइ छ। रुकुम पश्चिममा काग्रेस, एमाले, राष्ट्रिय स्वतन्त्र पार्टीलगायतले पनि स्वयंसेवक परिचालन गरेका छन्।

काग्रेस मधेश प्रदेश सम्मेलन ५ पुसदेखि

जनकपुरधाम/ काग्रेस मधेश प्रदेश सम्मेलन अगामी ५ र ६ पुसमा गरिने निर्णय भएको छ। काग्रेस मधेश प्रदेशका सभापति तथा प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री कृष्णप्रसाद यादवको अध्यक्षमा मंगलबार बसेको पूर्ण बैठकले जनकपुरधामको महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा सम्मेलन गर्ने निर्णय गरेको हो। सम्मेलनको उद्घाटन पार्टी सभापति शेरबहादुर देउवाले गर्ने तय भएको छ।

प्रदेश सम्मेलनलाई भव्यताका साथ सम्पन्न गराउन आवश्यकताअनुसार उपसमिति गठन गरिने बैठकले निर्णय गरेको छ। वडादेखि जिल्ला तहसम्म सम्मेलन गर्न बाँकी रहेका तहहरूलाई सम्मेलन सम्पन्न गर्न र प्रदेश सम्मेलन प्रतिनिधि छनोट गरी जानकारी गराउन परिपत्र गर्ने निर्णय गरिएको काग्रेस मधेश प्रदेश सूचना सञ्चार तथा प्रचारप्रसार विभाग प्रमुख नितेशकुमार गुप्ताले जानकारी दिए। सम्मेलनमा मधेश प्रदेशको राजनीतिक, सांगठनिक, आर्थिक एवं महामन्त्रीको प्रतिवेदन तयार गर्न मस्यौदा तयारी उपसमितिहरू गठन गरिने निर्णय भएको उनको भनाइ छ।

समाजसेवी सापकोटाको योगदानको स्मरण



भरतपुर/ समाजसेवी एवं राजनीतिक व्यक्तित्व स्वर्गीय तिलकप्रसाद सापकोटाको प्रथम वार्षिक पुण्यतिथि विविध कार्यक्रम गरी मनाइएको छ। नवलपुरको गैंडाकोट नगर पालिका- ८ मा रहेको उनको निवासमा रक्तदान, जीवनीमा आधारित श्रव्यदृश्य सामग्री प्रदर्शन, कवि गोष्ठी, लक्ष्यदीप प्रज्ज्वलनसहितका कार्यक्रम गरी पुण्यतिथि मनाइएको हो।

कवि गोष्ठीमा साहित्यकार डा. नवराज लम्साल, हिरालाल कँडेल, लक्ष्मीकान्त शर्मालगायतले कविता वाचन गरेका थिए। कवि गोविन्दराज विनोदीद्वारा सापकोटाको देहावसान हुँदा शवयात्रामा लिखित 'उहाँमा देशको चिन्ता' नामक कविताको म्युजिक भिडियोसमेत रिलिज गरिएको छ। उनकै निवासमा काग्रेस गैंडाकोट- ८ वडा समितिले रक्तदान कार्यक्रम गऱ्यो। त्यसक्रममा ३५ जनाले रक्तदान गरेको स्वर्गीय सापकोटाका कान्छा छोरा विजयले जानकारी दिए। सापकोटा काग्रेस गैंडाकोटका संस्थापक अभिभावक हुन्। ०१७ मा 'बोल्न पाउनुपर्छ' भनी तत्कालीन अञ्चालाधीशका अगाडि नारा लगाएपछि १४ महिना जेल परेका उनी ०३६, ०४२ र ०४६ मा प्रजातन्त्रिक आन्दोलनका क्रममा पटकपटक जेल परेका थिए।

०४६ मा तत्कालीन शासकद्वारा सापकोटाको टाउकोको मूल्य तोकिएको थियो। बिपी कोइरालाबाट काग्रेसको सदस्यता लिएका उनी काग्रेसमा ०१५ देखि सक्रिय थिए। उनले नवलपुर- १ बाट प्रतिनिधिसभामा उम्मेदवार बन्न पार्टीबाट आफूले पाएको टिकट शशांक कोइरालालाई दिएर निर्वाचित गराउन महत्त्वपूर्ण भूमिका खेलेका थिए। देवघाट क्षेत्र विकास समितिका अध्यक्षसमेत रहेर काम गरेका सापकोटा ०३६ मा हालको विजय विकास स्रोत केन्द्रको स्थापनामा प्रमुख उत्प्रेरक थिए। सो संस्थाले अहिले शिक्षा, सूचना सञ्चार र बचत र लघुवित्तको क्षेत्रमा काम गर्दै आएको छ।

प्रधानमन्त्रीले पहल गरेमा २० वर्षदेखि युएईको जेलमा रहेका अमरले न्याय पाउने परिवारको आस

मुना कुँवर/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको युएई भ्रमणका अवसरमा दार्चुलाका अमरबहादुर बमले न्याय पाउने परिवारले अपेक्षा गरेको छ। अमर २० वर्षदेखि युएईको जेलमा छन्।

जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-२८) मा सहभागी हुन प्रधानमन्त्री प्रचण्ड बुधबार युएई जाँदै छन्। प्रधानमन्त्री प्रचण्डले युएईका शेखसँग अमर बारे कुराकानी गरे उनले न्याय पाउने बाबु कर्णबहादुर बमले अपेक्षा गरेका छन्।

२००२ मा अमर वैदेशिक रोजगारीका लागि युएई पुगेका थिए। त्यहाँ पुगेको एक महिना पनि बित्न नपाउँदै उनी हत्याको आरोपमा जेल परे। उनलाई युएई सरकारले मृत्युदण्ड घोषणा गरेको पनि २० वर्ष भइसक्यो। तर, युएई सरकारले उनलाई दण्ड भने दिएको छैन। युएई कानुनले उनलाई अपराधी ठाने पनि जेल प्रशासनका अधिकारी भने उनलाई निर्दोष नै ठान्छन्। त्यसैले पनि उनको सजाय कार्यान्वयनमा ढिलाइ भइरहेको छ।

१९ जनवरी २००३ मा दुबईको इन्डियन क्लबमा भारतीय नागरिक शरद सेठ्ठीको हत्या भयो। भारतकै मनोज मुदाना र करन सिंह राजपुतले गोली हानी उनको हत्या गरेका थिए। अमर उनीहरूका गाडीचालक थिए। उनीहरूले अमरलाई गाडीमै कुर्न लगाए र क्लबभित्र छिरे। त्यहाँ सेठ्ठीको हत्या गरे। त्यो घटनाबारे अमरलाई केही थाहा थिएन। एक सातापछि हतियार उपलब्ध गराएको अभियोगमा अर्का भारतीय स्मद कुलत बनवारी पत्राउ परे। त्यसको करिब एक वर्षमा दुबईको उच्च न्यायालयले मनोज र करनलाई हत्या गरेकामा तथा अमरलाई मतियारका रूपमा मृत्युदण्ड दिने फैसला सुनायो। त्यसपछि उनलाई जेलमा राखियो।



■ प्रधानमन्त्रीले युएईका शेखलाई भेटेमा अमरले पाउन सक्छन् माफी

विनाअपराध युएईको जेलमा परेका अमरबहादुर बमलाई नेपालको प्रधानमन्त्रीले मात्रै बचाउन सक्ने नेपाली समाज युएईका पूर्वअध्यक्ष कृष्ण ढकालले बताए। 'युएईका प्रधानमन्त्रीसमेत रहेका दुबईका शासक शेख मोहम्मद बिन रसिक मोक्तम उदार दिलका छन्। न्याय र सुरक्षामा उनको देशभरि तारिफ हुन्छ। प्रधानमन्त्री आएर शेखसँग सौहार्दपूर्ण रूपमा वास्तविकता राख्ने हो भने उनले सजिलै आममाफी पाउँछन्,' उनले भने।

युएईमा सर्वोच्च न्यायालयले तोकेको सजाय पनि शेखले माफी मिनाहा गर्न सक्ने प्रावधान छ। प्रधानमन्त्री तहबाट प्रयास गर्ने हो भने माफी पाउने आस बमको छ। निर्दोष भए पनि नेपाल सरकारले आफ्ना नागरिकको मूल्य बुझ्न नसकेको युएईमा लामो समयदेखि पत्रकारिता गर्दै आएका उमाकान्त पाण्डेले बताए। 'युएईमा धेरै देशका श्रमिकले काम गर्छन्। आफ्ना श्रमिकलाई समस्या पऱ्यो भने तत्काल सम्बन्धित मुलुकले नै चासो देखाउँछ। तर, नेपाल सरकारले भने रेमिट्यान्सको मात्रै हिसाब राख्छ,' उनले भने।

अमर बम अपराधी होइनन् भन्ने कुरा मुख्य अपराधीकै बयानले स्पष्ट हुन्छ। उनले युएईको भाषा र नियम बुझ्न नसक्दा पनि आफ्नो सफाइ दिन नसकेको पाण्डेले बताए। उनका अनुसार ठुल्ठूला अपराध गरेका आफ्ना नागरिकलाई कति देशका प्रमुख आई लिएर जाने गरेका छन्। 'म निर्दोष छु, बाँच्न चाहन्छु' भन्दै बमले सधैं अनुनय गर्ने गरेको पत्रकार पाण्डेले बताए। मृत्युदण्ड सुनाएको २० वर्ष भइसके पनि उनी अहिलेसम्म जेलमै छन्। नेपाली समाजका पूर्वअध्यक्ष ढकालका अनुसार निर्दोष अमर बमको केसलाई भारतसँग कुरा गरेर युएईमा अलग-अलग मुद्दाको रूपमा स्थापित गर्न सक्नुपर्छ। प्रधानमन्त्री तहबाट पहल भएमा सजिलै उद्धार गर्न सकिने उनको भनाइ छ।

मेरो छोरोलाई फर्काइदिनु सरकार

■ **कर्णबहादुर बम**
अमरका बुबा



प्रधानमन्त्री आफैं जाने कुरा सुनेको छु। यसपटक छोराले न्याय पाउँछ कि ? छोरालाई न्याय दिलाइदिनुस्।

प्रधानमन्त्रीज्यू शेखसँग कुरा राखिदिनुस्

■ **कृष्ण ढकाल, पूर्वअध्यक्ष, नेपाली समाज यूएई**



प्रधानमन्त्री युएई आएका वेलामा शेखसँग भेटेर अमरको विषयमा प्रस्ताव राखिदिनुहोस्। प्रधानमन्त्री आफैंले भेटेर कुरा राख्नुभयो भने अमरले न्याय पाउनेछन्।

गाजामा अपहरित मानव अधिकार

गाजापट्टीमा मानवीय सहायता र शान्तिका लागि संयुक्त राष्ट्रसंघले गरेको अपिल र प्रयाससमेत निरर्थक साबित हुनु मानवता र मानव अधिकारकै उपहास हो



● राजेश विद्रोही

अग्रलेख

करिब ७५ वर्षदेखि प्यालेस्टाइन र इजरायलबीच चलिरहेको नरसंहारले मानव अधिकारलाई नै नराम्ररी गिज्याइरहेको छ। पछिल्लोपटक ७ अक्टोबरमा प्यालेस्टिनी लडाकु समूह हमासले इजरायलमाथि आक्रमण गरेपछि इजरायलको जवाफी कारबाहीले विश्वलाई नै स्तब्ध पारेको छ। दोहोरो आक्रमणमा परी हालसम्म १६ हजारको ज्यान गएको छ। विभिन्न काम र रोजगारी तथा अध्ययनका लागि पुगेका नेपालसहित विभिन्न मुलुकका दर्जनौं मानिस मारिएका छन्। गाजा क्षेत्रमा रहेका शरणार्थीलाई सहायता पुऱ्याउन पुगेका ५९ जना राष्ट्रसंघीय कर्मचारी र ३४ प्यालेस्टाइनी पत्रकार र चारजना इजरायली पत्रकार पनि मारिएका छन्। ३८ हजारभन्दा बढी घाइते भएका छन्। दुई सय ४० जना बन्दी बनेका छन्। १५ लाख मानिस आफ्नो थातथलोबाट विस्थापित भएका छन्। युद्धमा असंलग्न निर्दोष महिला, वृद्धवृद्धा, बिरामी, अपांगता भएका सर्वसाधारण व्यक्ति तथा बालबालिकाको बाँच्न पाउने अधिकार खोसिएको छ। घरपरिवार र आफन्त गुमाएका र गम्भीर घाइते भएकाहरूको बाँकी जीवन दोसाँधमा छ। उपरान्त भविष्यको समेत कुनै ग्यारेन्टी छैन। यसको जिम्मेवारी कसले लिने ?

यतिवेला युद्धविरामको घोषणा भएको छ। केही बन्दी छुटेका छन्। थोरै नै भए पनि मानिसले चैनको सास फेर्न पाएका छन्। तर, यो भने दीर्घकालीन निकास होइन। अझै त्यहाँ त्रासदीपूर्ण अवस्था नै छ। यसको दीर्घकालीन समाधान कसरी निकाल्न सकिन्छ ? लामो समयदेखि चिन्ताको विषय यही छ। किनभने हरेक वर्ष ठूलो जनधनको क्षति हुने गरी नरसंहार मच्चिरहेका हुन्छन्। यहाँका सर्वसाधारण नागरिकको जीवनको कुनै मूल्य नै नभएजस्तो देखिने गरेको छ। स्थिति बडो दुःखदायी र भयावह छ। त्यहाँ मानवीय संकट उत्पन्न भएको छ। विडम्बना त के छ भने दुनियाँभरलाई मानव अधिकार र लोकतन्त्रको पाठ सिकाउने अमेरिकालगायत केही शक्तिशाली राष्ट्र आज विश्वभर मानव अधिकारको हत्यामा उद्यत् भइरहेका देखिन्छन्। गाजापट्टीमा मानवीय सहायता र शान्तिका लागि संयुक्त राष्ट्रसंघले गरेको अपिल र प्रयाससमेत निरर्थक साबित हुनु मानवता र मानव अधिकारकै उपहास हो।

यतिवेला अन्य मुलुक पनि यो द्वन्द्वमा विभाजित देखिएका छन्। राष्ट्रसंघीय महासभाको विशेष सत्रमा जोर्डनले ल्याएको तत्काल मानवीय युद्धविरामसम्बन्धी प्रस्तावको पक्षमा नेपालसहित एक सय २० राष्ट्र, विपक्षमा इजरायल, अमेरिकासहित १४ देशले मतदान गरेका थिए भने भारतसहित ४५ देश तटस्थ रहेका थिए। तटस्थ रहने अधिकांश देश अमेरिकाकै सैन्य गठबन्धनमा आबद्ध पश्चिमा राष्ट्र रहेका छन्। प्रस्तावमा विनासर्त मानवीय युद्धविरामका साथै अन्तर्राष्ट्रिय मानवीय कानुनको पालनालाई जोड दिइएको थियो भने बन्धक बनाइएका सबै नागरिकको रिहाइ र अत्यावश्यक वस्तुको आपूर्तिमा जोड दिइएको थियो। त्यसैगरी हमासको नामै तोकेर निन्दा गर्नेसम्बन्धी क्यानडाले ल्याएको संशोधन प्रस्ताव भने असफल भएको थियो। अमेरिकाको समेत समर्थन रहेको सो प्रस्तावको पक्षमा ८८ राष्ट्र र विपक्षमा ५५ राष्ट्रले मतदान गरेका थिए। नेपालसहित २३ राष्ट्रले मतदानमा भाग लिएनन्।

जमिनकै लागि करिब सात दशकदेखि प्यालेस्टाइन र इजरायलबीच हिंसात्मक द्वन्द्व चलिरहेको छ। सन् १९६७ को मध्यपूर्वको युद्धपछि इजरायलले पूर्वी जेरुसेलममाथि कब्जा गरेको थियो। त्यसपछि जेरुसेलमलाई इजरायलले आफ्नो राजधानी दाबी गर्दै आएको छ भने प्यालेस्टाइनले पूर्वी जेरुसेलमलाई आफ्नो भविष्यको एक सार्वभौम र स्वतन्त्र मुलुकको राजधानीका रूपमा लिँदै आएको छ। यही विषयमा प्यालेस्टाइन र इजरायलबीच विवाद छ। र, यसले पटक-पटक हिंसात्मक युद्धको रूप लिँदै आएको छ।

सन् १९४१ मा तत्कालीन अमेरिकी राष्ट्रपति फ्रेड्कलिन रुजबेल्टले पहिलोपटक मानव अधिकार शब्दको प्रयोग गरेका थिए। सन् १९४५ मा यसलाई संयुक्त राष्ट्रसंघको बडापत्रमा समावेश गरियो। सन् १९४८ डिसेम्बर १० मा विश्वव्यापी रूपमा मानव अधिकारलाई मेरुदण्डका रूपमा घोषणा गरियो। नेपालमा माओवादी द्वन्द्वका क्रममा १२ जेठ ०५७ मा मानव अधिकारको स्थापना भएको हो। राष्ट्रसंघको यस अभियानमा विश्वभरका १९३ राष्ट्र सहभागी छन्। विश्वको मानव अधिकार घोषणापत्रले मान्छेको बाँच्न पाउने अधिकारलाई सुरक्षित गरेको छ। यसले मान्छेले मान्छेमाथि गरिने कुनै पनि किसिमको दमन, शोषण, उत्पीडन र विभेदलाई निषेध गरेको छ,



> जुन दिनदेखि मानव अधिकार घोषणापत्र जारी भयो, त्यसै दिनदेखि झनै मानव अधिकार उल्लंघनका घटना बढेको तथ्यांकले देखाउँछ। जुन कार्यविरुद्ध मानव अधिकार घोषणापत्र जारी भयो, त्यस कार्यमा न्यूनीकरणको साटो झनै वृद्धि हुनु भनेको यसको असफलताको पराकाष्ठा हो।

> इजरायल र हमासबीचको युद्धबाट युद्धमा असंलग्न निर्दोष महिला, वृद्धवृद्धा, बिरामी, अपांगता भएका सर्वसाधारण व्यक्ति तथा बालबालिकाको बाँच्न पाउने अधिकार खोसिएको छ। घरपरिवार र आफन्त गुमाएका र गम्भीर घाइते भएकाहरूको मानव अधिकार अपहरित भएको छ।

मानवताविरुद्धको अपराध मानेको छ। यसका लागि विभिन्न सन्धि-सम्झौता भएका छन्। तर, जुन दिनदेखि मानव अधिकार घोषणापत्र जारी भयो, त्यसै दिनदेखि झनै मानव अधिकार उल्लंघनका घटना बढेको तथ्यांकले देखाउँछ। जुन कार्यविरुद्ध मानव अधिकार घोषणापत्र जारी भयो, त्यस कार्यमा न्यूनीकरणको साटो झनै वृद्धि हुनु भनेको यसको असफलताको पराकाष्ठा हो। जब कि त्यसअघि मानव अधिकारको अवस्था यस्तो दुर्दशामा थिएन। युगको विकाससँगै मानव अधिकार उल्लंघन पनि उत्तिकै बढेको छ। संसारभर विधिको शासन कमजोर भएको छ। परिणामतः शासन, प्रशासन र मानव अधिकारमाथि नै प्रश्नचिह्न खडा भएको छ।

विश्वको मानव अधिकार कति कमजोर छ ? र, त्यो दिनानुदिन कति कमजोर हुँदै गएको छ ? यसलाई पछिल्लोपटक इजरायल, प्यालेस्टाइनबीच भएको कहालीलाग्दो घटनाक्रमले पुष्टि गरेको छ। आजको वैज्ञानिक युगमा पनि युक्रेन, सिरिया, इथियोपिया, नाइजेरिया, यमन, माली, पाकिस्तान, सोमालिया, अफगानिस्तान, म्यानमार, युगान्डा, भेनेजुएला, इराक, केन्या, कंगो, सुडानलगायत मुलुक आन्तरिक र बाहिरिया, धार्मिक र अधार्मिक हिंसात्मक द्वन्द्वबाट ग्रस्त छन्। शक्ति राष्ट्रहरूले आजको लोकतान्त्रिक युगमा पनि हिंसाको सहारा लिनु विडम्बनापूर्ण छ। जुन शक्तिराष्ट्रहरूले मानव अधिकारको महसुस गरेर यसको स्थापना गरे र संसारभर मानव अधिकारको पाठ सिकाउँदै हिँडेका छन्, आज उनीहरूबाटै योजनाबद्ध ढंगले ठुल्ठूला मानव अधिकार उल्लंघनका घटना घटिरहेका छन्। अन्तर्राष्ट्रिय कानुनको धज्जी उडाइरहेका छन्। यतिवेला नेपालमा पनि धार्मिक, जातीय र क्षेत्रीय द्वन्द्व निम्तिने खतरा बढेको छ। नेपालमा मात्रै दैनिक २० जना मानव अधिकार उल्लंघनको सिकार भइरहेको मानव अधिकारवादी संस्था इन्सेकको तथ्यांक छ। यसको सबैभन्दा ठूलो मारमा कमजोर वर्ग, जाति, क्षेत्र, लिंग, धर्म र समुदायका महिला, गरिब र दलित परेका छन्।

मानव अधिकार हरेक मानिसको जन्मसिद्ध नैसर्गिक अधिकार हो। नेपालमा यसलाई राज्यको पाँचौं अंगका रूपमा लिइएको छ। तर, अहिलेको युग र अवस्थाअनुसार यसलाई पहिलो अंगका रूपमा लिनुपर्ने आवश्यकताको महसुस सर्वसाधारणले गरिरहेका छन्। आजको लोकतान्त्रिक युगमा जबसम्म मानव अधिकारको रक्षा हुँदैन, तबसम्म वास्तविक लोकतन्त्रको प्रत्याभूति गर्न सकिँदैन। मानव अधिकार अविभाज्य अधिकार हो। यी अधिकार विश्वव्यापी हुन्। मान्छेको जात, धर्म, सम्प्रदाय, राष्ट्रियता, उमेर, लिंग, राजनीतिक विचार, ज्ञान, अपांगता, लैंगिक झुकाव, लैंगिक परिचय आदिसँग यसको कुनै सरोकार हुँदैन। तर, आजसम्म शक्तिशालीहरूले यसलाई कमाई खाने भाँडो र राजनीति गर्ने आधारका रूपमा लिएका छन्। यतिसम्म कि आफू र आफ्नो पार्टी, संगठनका गलत क्रियाकलाप लुकाउन र त्यसलाई उन्मुक्ति दिन राजनीतिक भर्ती केन्द्रका रूपमा लिएको देखिन्छ। यो बडो गम्भीर र दुःखद कुरा हो। यस्तो खाले सोच, चिन्तन र प्रवृत्तिले मानव अधिकारको रक्षा र भलो कहिल्यै हुन सक्दैन।

संसारको मानव अधिकार यति धेरै खस्किँदो अवस्थाबाट गुज्रिरहेको छ कि जहाँ मानव छ, त्यहाँ मानव अधिकार देखिँदैन। जहाँ मानव अधिकारको विषय छ, त्यहाँ मनुष्य देखिँदैन। यो कसको र कस्तो खालको मानव अधिकार हो ? जब कि आजको युगमा कुनै पनि व्यवस्था वा लोकतन्त्रको मुटु भनेकै मानव अधिकार हो। मानव अधिकारविना मानव समाज र विकासको कल्पना गर्न सकिँदैन। न त असली सामाजिक लोकतन्त्रको कल्पना नै गर्न सकिन्छ। जहाँ मानव अधिकार हुँदैन, त्यहाँ लोकतन्त्र पनि हुँदैन। जुन व्यवस्थामा मानव अधिकारको प्रत्याभूति हुँदैन, त्यो व्यवस्था कहिल्यै सफल हुन सक्दैन। मानव अधिकार बलियो नभए लोकतन्त्र बलियो हुन सक्दैन। किनभने, आजको युगको लोकतन्त्र भनेकै मानव अधिकार हो। मानव अधिकारविना आजको युगमा कुनै पनि लोकतन्त्र र व्यवस्थाको कल्पना गर्न सकिँदैन। मानव अधिकारविनाको लोकतन्त्रको कुनै अस्तित्व हुँदैन। त्यसैले हामी सबै विश्वभरकै मानव अधिकारप्रति प्रतिबद्ध बनौं।

३ प्रश्न

राजनीतिक विश्लेषक **राजेन्द्र महर्जन**लाई



देशमा राजतन्त्र फर्काउनुपर्छ भन्नेहरूको आवाज मुखर हुँदै गएको हो ?

देशमा राजतन्त्र फर्काउने उद्योग हिजो पनि चल्थ्यो, आज पनि चलिरहेकै छ र यो भोलि पनि चली नै रहनेछ। तर, हामीले त्यसको शक्ति कति छ, त्यसलाई हेर्नुपर्छ। पछिल्ला सडक गतिविधि हेर्दा तिनमा राजतन्त्र या राजसंस्थाप्रति आस्था राख्ने मानिसको बलियो उपस्थिति देखिन्न। यस्ता सानातिना विरोधले गणतन्त्र पल्टाउन सक्दैन।

के अहिलेको लोकतान्त्रिक गणतन्त्र साँच्चै संकटमा छ त ?

अहिले गणतन्त्र होइन, त्यसको नेतृत्व तहमा बस्ने नेताहरूचाहिँ संकटमा छन्। राजनीतिक नेतृत्व, राज्य या सरकारले जनजीविकाका सवाललाई सम्बोधन गर्न सकेका छैनन्। रोजगारी सिर्जना गर्न सकेका छैनन्। गुणस्तरीय स्वास्थ्य र शिक्षालाई सर्वसाधारणको पहुँचमा पुऱ्याउन सकेका छैनन्। देशमा सुशासनको अनुभूति दिन सकेका छैनन्। भ्रष्टाचार चुलिएको छ। अनि, आफ्ना थिनै कमजोरी ढाकछोप गर्न उनीहरू गणतन्त्र संकटमा छ भनिरहेका छन्। नत्र, केही मानिस सडकमा उत्रिँदैमा ढलिहाल्ने खालको कमजोर छैन हाम्रो गणतन्त्र। यसलाई फुयाँक्न कि सैनिक 'कु' हुनुपर्‍यो कि त निर्वाचनमा दुई तिहाई बहुमत ल्याएर संविधान संशोधन गर्न सक्नुपर्‍यो। तर, यी दुवै सम्भावना अहिले देखिन्नन्।

गणतन्त्र संकटमा छ भने संकटमोचनको बाटो पनि त होला नि ?

व्यवस्थामाथि भन्दा नेतृत्वमाथि प्रश्न उठेको हुनाले त्यसको संकटमोचन पनि उनीहरूबाटै खोजिनुपर्छ। जनता सुशासन चाहन्छन्। रोजगारी चाहन्छन्। गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षा चाहन्छन्। भ्रष्टाचार अन्त्य होस् भन्ने चाहन्छन्। नेतृत्वले यसतर्फ ध्यान दिने हो भने यसको संकटमोचन कठिन छैन।

प्रेरक प्रसंग

महात्मा र बिरालो

एक महात्मा आफ्ना केही शिष्यका साथ जंगलमा आश्रम बनाएर बस्थे। एक दिन कतैबाट एउटा बिरालोको बच्चो बाटो भुलेर आश्रममा आइपुग्यो। त्यो भोको बच्चालाई महात्माले दूध खुवाएर आश्रममै बस्ने व्यवस्था मिलाइदिए। बिरालोको बच्चो आश्रममै बस्न थाल्यो। केही दिनमै ऊ महात्माको प्यारो बन्न पुग्यो।

तर, केही समयपछि नै त्यो बच्चो महात्माका लागि एउटा समस्या बन्न पुग्यो। साँझ र बिहानको समयमा महात्मा ध्यानमा बस्दा त्यो बिरालोको बच्चो कहिले उनको काखमा आएर बस्थ्यो। कहिले काँधमा चढ्थ्यो। कहिले शिरमै चढ्थ्यो। ध्यानको समयमा हैरान भएपछि महात्माले आफ्ना एक शिष्यलाई बोलाएर भने- म जब बिहान, बेलुका ध्यानमा बस्छु, त्यसभन्दा अगाडि नै यो बिरालोको बच्चालाई आश्रमको चौरको कुनामा रहेको रुखमा बाँधिदिनू र मेरो ध्यान सकिएपछि मात्र खोलिदिनू।

शिष्यले महात्माको आदेश पालना गरे। हरेक साँझ र बिहान बिरालोको बच्चो बाँधिन थाल्यो। महात्माको ध्यान निर्बिघ्न चल्न थाल्यो। बिस्तारै यो एक परम्परा नै बन्यो। एक दिन महात्माको निधन भयो। उनैका एक होनहार शिष्य उनको आसनमा विराजमान भए। उनको पनि साँझबिहानको ध्यानपूर्व बिरालो बाँध्ने चलन यथावत् थियो। ध्यान निर्बिघ्न चलिरहेको थियो।

यस्तैमा एक दिन अकस्मात् बिरालोको मृत्यु भयो। अब भने आश्रममा बडो समस्या उत्पन्न भयो। ध्यानपूर्व बिरालो बाँध्ने परम्परा धान्न कहाँबाट बिरालो ल्याउने ? बिरालो पाइएन भने कतै ध्यानको परम्परा नै भंग हुने त होइन ? नयाँ गुरु र शिष्य बडो असमञ्जसमा परे। उनीहरूले गाउँ-गाउँ डुलेर बिरालो खोजी गरे। अन्ततः छिमेकी गाउँमा एउटा बिरालोको बच्चो भेटियो। उनीहरूले आश्रममा ल्याएर गुरुको ध्यानपूर्व त्यसलाई बाँधेर 'परम्परा'लाई निरन्तरता दिए।

महात्माले बिरालो किन बाँध्न लगाएका थिए भन्ने ज्ञान नभएका शिष्यले बिरालो खोजेर परम्परालाई निरन्तरता दिएजस्तै हामी पनि कतै परम्पराको नाममा बिरालो खोजिरहेका त छैनौं ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

उपत्यकाको सफाइमा कडा बनौं

काठमाडौं उपत्यकाको सरसफाइको स्तर हेर्दा धेरै असहज देखिन्छ। जतातै फोहोर फालिएको देखिन्छ। संघ, प्रदेश र स्थानीय सरकारबाट सहर सफा राख्न कडा कदम चालिएको छैन। सरकार आआफ्नै धुनमा कुदिरहेका छन्। सर्वसाधारणले सडकमै फोहोर थुपारिरहेका छन्। नदीनालामा सीधै ढल मिसाइएका छन्। स्थानीय सरकारले ढलको व्यवस्थापनमा ध्यान दिन सकेको छैन। स्थानीय सरकारमा पुगेका जनप्रतिनिधिले चासो नदिने हो भने देशकै संघीय राजधानीसमेत रहेको काठमाडौं उपत्यका ऐतिहासिक, सांस्कृतिक, धार्मिक सहरका साथै फोहोरमैलाले भरिएको सहरका रूपमा समेत चित्रित हुन बेर छैन।

● **हेमकुमार थापा**, भक्तपुर
hemkth@yahoo.com

कर छल्नेलाई कारबाही गर

इन्टरनेट सेवाप्रदायकले अर्बौंको कर छली गरेको भन्दै अख्तियारले छानबिन छालेको समाचार पढियो। समाचारअनुसार कर छली गर्ने इन्टरनेट सेवा प्रदायकले सेवाग्राहीबाट असुलउपर गरेको कर सरकारी निकायमा नबुझाएको देखिनु गम्भीर चिन्ताको विषय हो। हामी जनता खाई-नखाई इन्टरनेट सेवाप्रदायकलाई कर तिरिरहेका छौं। तर, उनीहरू भने अर्बौंको कर छली गरी राज्यलाई लुटिरहेका छन्। सेवाग्राहीबाट शुल्कका नाममा कर असुलेर छली गर्ने कम्पनीलाई अविलम्ब कारबाही गर।

● **सुजाता वली**
बुटवल-६, रुपेन्देही

जाजरकोटतिर नहेर्ने सरकार ?

बढ्दो चिसोले गर्दा एकपछि अर्को भूकम्पपीडितको ज्यान गइरहँदा पनि राज्यले तिनको सुरक्षामा कत्ति पनि ध्यान दिएको देखिँदैन। राज्यले नगद राहत दिने घोषणा गरे पनि पीडितले अझै कुनै नगद सहयोग प्राप्त गर्न सकेका छैनन्। चिसो दिनदिनै बढिरहेको छ। पीडितसित न्याना ओढ्ने र ओछ्याउने छैनन्। पातलो पालभित्र खर, परालका भरमा चिसो छेक्न खोज्दा कैयौं पीडितको ज्यान गइरहेको छ। यसतर्फ सरकारको ध्यान जाओस्।

● **अन्जना केसी**
दधिकोट, भक्तपुर

व्यवस्था होइन, अवस्था परिवर्तन गरौं

लोकतान्त्रिक गणतन्त्र आफैंमा एक अब्बल तन्त्र हो। यो तन्त्र परिवर्तन गरेर देशमा शान्ति छाउँछ भन्ने नसोचे पनि हुन्छ। गणतन्त्र हटाएर कुन तन्त्र ल्याउने ? राजतन्त्र नदेखेको हो र हामीले ? त्यसकारण व्यवस्था परिवर्तन होइन, नेतृत्वको रबैया परिवर्तन गरौं। देशले थेग्न नसक्ने नेता पालेर नराखौं। यति सानो मुलुकमा जनताभन्दा नेता धेरै पाल्न आवश्यक छैन। संघीयता र समानुपातिक निर्वाचन प्रणाली हटाएर नेतृत्वमा पुग्नेहरू इमानदार बन्ने हो भने देश विकास गर्न कठिन छैन। यसका लागि नेताको हातबाट जनताको हातमा गणतन्त्र ल्याउनुपर्‍यो। नेताको रजाइँ चल्ने र जनता सधैं भोकमरीमा तड्पिने व्यवस्था लोकतान्त्रिक गणतन्त्र हुन सक्दैन। हिजोका राजा-महाराजाको शैलीमा आजका नेताहरू हिँड्न थालेको हुनाले जनतामा निराशा छाएको हो। नेताहरू नसुध्रिने हो भने जनता व्यवस्थाको विकल्प खोज्न बाध्य हुन सक्छन्।

राज्य व्यक्तिको पछि लागेर हुँदैन। राजाले के बोले, दुर्गा प्रसाईंले के बोले भन्नेबारे चिन्ता गरेर सरकारले त्यसको जवाफ दिएर कहाँ साध्य हुन्छ ? उनीहरूले बोल्दैमा यहाँ राजतन्त्र फर्किँदैन। नेताहरू किन डराइरहेका हुन्, थाहा भएन। आफूले सही काम गर्ने हो भने दुई-चारजनाले बाटामा बोल्दैमा केही हुँदैन। हाम्रा नेताहरूले गणतन्त्र के हो भन्ने बुझ्न सकेनन्। गणतन्त्रलाई कमाई खाने भाँडो बनाए। जसका कारण चौतर्फी आलोचना भयो। लोकतान्त्रिक गणतन्त्रलाई नेताहरूले दूषित बनाए। त्यसैले, व्यवस्था होइन, अवस्था बदल्ने गरी काम गरौं।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

चीनको 'अपराधमुक्त समाज'माथि प्रश्न

सर्वेक्षणहरूले पश्चिमा देशको तुलनामा चिनियाँ नागरिकले आफूलाई हिंसात्मक अपराधबाट सुरक्षित महसुस गरेको देखाए पनि तथ्यांकहरूले त्यसलाई पुष्टि गर्दैनन्

देश/विदेश

उत्तरपूर्वी चिनियाँ सहर यान्जीका प्रहरी अधिकारीले २२ सेप्टेम्बरमा आफ्नो पेस्तोल हराए। चिनियाँ प्रहरीसँग निगरानी क्यामेराको विश्वकै विशाल सञ्जालमा नियन्त्रण छ। भिडियो फुटेजले उनको पेस्तोल एउटा तरकारी बजारमा चोरिएको देखायो। फुटेज पछ्याउँदै जादाँ चोरको गतिविधि करिब ५ सय किलोमिटर टाढाको एउटा ग्रामीण काउन्टीमा देखियो। २४ घण्टाभित्रै सो बन्दुक बरामद गरियो। चिनियाँ अधिकारीका अनुसार प्रहरीको यस्तो डरलाग्दो कार्यकुशलताले चीनलाई विश्वकै सबैभन्दा सुरक्षित देश बनाएको छ। चीनमा प्रतिलाख मानिसमा हत्याको दर विश्वव्यापी औसतको दशप्रतिशत मात्र छ। चीन सरकारका अनुसार सन् २०२१ मा चीनमा ६ हजार ५ सय २२ हत्या भयो, जुन दुई दशकअघिको तुलनामा ८० प्रतिशतले कम हो। सोही अवधिमा डकैतीका घटनामा ९७ प्रतिशत र कुटपिटका घटनामा ४० प्रतिशतले कमी आएको छ।

यी सरकारी दाबीमा विश्वास गर्न सकिने पर्याप्त कारण छन्। पछिल्ला दशकमा थुप्रै देशमा हिंसात्मक अपराधमा कमी आएको छ। चीन यसको अपवाद हुने सम्भावना छैन। यहाँका नागरिकले बन्दुक राख्न पाउदैनन्। सजिलै चक्कुसमेत किन्न पाईँदैन। साथै, लाखौं निगरानी क्यामेराले निरन्तर निगरानी गरिरहन्छन्। सर्वेक्षणले देखाएअनुसार अधिकांश पश्चिमा देशको तुलनामा चीनका मानिसले आफूलाई हिंसात्मक अपराधबाट सुरक्षित महसुस गर्छन्।

यद्यपि, चीनको अपराधको तथ्यांकलाई विश्लेषकले लामो समयदेखि शंकाको दृष्टिले हेर्ने गरेका छन्। यो प्रभावकारी आँकडालाई चिनियाँ कम्युनिस्ट पार्टीले आफ्नो शासनको औचित्यका रूपमा उद्धृत गरेको छ। चीनका सरकारी सञ्चारमाध्यमले अन्य देश, विशेषगरी अमेरिकालाई खतरनाक र अपराधग्रस्त मुलुकका रूपमा चित्रण गर्छन्। त्यसैले प्रोपोगान्डाबाट सत्य छुट्याउन कठिन छ। चीनको यो संख्याले वास्तविकतालाई प्रतिविम्बित गर्न पनि सक्थ्यो होला तर उसका आँकडा प्रायः सत्य हुने गरेका छैनन्। राजनीतिले यो देशको अपराधप्रतिको दृष्टिकोणलाई प्रभावित गरिरहेको छ। हत्यासँग सम्बन्धीत यो तथ्यांकले धेरैकुरा बताउँछ। सन २००४ मा चीनको सार्वजनिक सुरक्षा मन्त्रालयले 'हत्याका मुद्दाको निरूपण हुनैपर्छ' भन्ने नारासाथ स्थानीय अधिकारीलाई यस्ता घटनामा कम्तीमा ८५ प्रतिशतको सफलता दर हासिल गर्न दबाब दिन सुरु गऱ्यो। अपराधको आँकडाले यो दबाबले काम गरेको बताउँछ। एक वर्षभित्र नै ४० प्रतिशतभन्दा बढी काउन्टीले हत्याका नयाँ मुद्दामा समाधानको शतप्रतिशत सफलताको दर हासिल गरेको दाबी गरे। बेइजिङजस्ता सहरले हरेक वर्ष शतप्रतिशत समाधान (निरूपण) दाबी गरिरहेका छन्। यस्ता नतिजाले शंकाहरू उब्जाएका छन्। उदाहरणका लागि सन् २००६ को एक अध्ययनमा दक्षिणी चीनको बेइजिङ र सेन्जेन सहरमा भएका हत्याका ५० प्रतिशतभन्दा बढी घटना पीडितलाई नचिनेको अपरिचित व्यक्तिले गरेको देखाइएको थियो। चाइनिज क्रिमिनोलोजीका विशेषज्ञ बोर्ज बाक्केनका अनुसार पीडितहरू अक्सर परिवार, साथी वा चिनेजानेका व्यक्तिद्वारा नै मारिन्छन्। अदालत पुऱ्याइएका अभियुक्तमध्ये ९९ प्रतिशत दोषी ठहरिन्छन्। प्रहरीमाथि हत्याका अप्ठ्यारा र जटिल मुद्दा दर्ता विरलै गर्ने गरेको आरोप पनि लाग्दै आएको छ। यसकारण, अपराधी पत्ता लगाउन कठिन हत्याका घटना आधिकारिक तथ्यांकमा देखिने गरेका छैनन्। कम गम्भीर अपराधका मुद्दा प्रहरीको बेवास्तामा पर्ने गरेका छन्। चिनियाँ प्रहरीसँग तीनलाई हेर्न न त स्रोत साधन छ, न त प्रोत्साहन नै। अफिसरहरूको तलब राम्रो छैन, काम बढी छ भने संख्या तुलनात्मक रूपमा थोरै छ। (एक आकलनअनुसार चीनमा प्रतिलाख मानिसबराबर एक सय ४२ प्रहरी छन् जब कि इङ्ल्यान्ड र वेल्समा २५१ जना छन्)। कति संख्यामा अपराध सुल्झाए भन्ने आधारमा अधिकारीको मूल्यांकन गरिने भएकाले चिनियाँ प्रहरीले प्रायः कठिन मुद्दालाई त्यतिकै छोड्ने वा सामसुम पार्ने गर्छन्।



पेकिङ विश्वविद्यालयका राजनीतिक वैज्ञानिक लिउ युचेनले सन २०२१ मा प्रकाशित गरेको एक अध्ययनले अधिकारीहरूले सडक झगडा, सानातिना चोरी एवं डकैतीलाई बेवास्ता गर्ने गरेको पाएको थियो। केही अवस्थामा आर्थिक दबाबका कारण पनि मुद्दाहरू ओझेलमा पर्छन्। लिउले राजमार्ग निर्माण गरिरहेका दुई कम्पनीका कामदारबीच झगडा भएको आफ्नै आँखाले देखेका थिए। त्यहाँ ईंटा र औजार प्रहार गरिएका थिए। पाँच जनालाई त अस्पताल नै लैजानुपरेको थियो। यो कुरा प्रहरीकहाँ पनि पुग्यो तर प्रहरी अधिकारीले यसलाई अदालतसम्म लगेन। उनीहरू राजमार्ग निर्माणलाई निरन्तरता दिन चाहन्थे। 'हाम्रो बाहेक नजिकका सबै काउन्टीमा अहिले नयाँ राजमार्ग छन्,' ती अधिकारीको भनाइ थियो। बेवास्ता गर्नुबाहेक, मुद्दालाई अभिलेखबाट टाढा राख्ने अरू पनि तरिका छन्। पार्टीद्वारा सञ्चालित स्थानिय कमिटीले पनि कहिलेकाहीं विवाद व्यवस्थापन गर्छन्। उनीहरूको काम भनेको कर्मचारीतन्त्रको उच्च तहमा पुग्नुअगावै समस्या समाधान गर्नु हो। यस्तोमा कहिलेकाहीं पीडितलाई अनौपचारिक रूपमा अपराधीबाट क्षतिपूर्ति लिएर चुप लगाइन्छ।

चिनियाँ पार्टीका लागि त जनताले सुरक्षित महसुस गर्नु नै पर्याप्त हुन सक्छ। पार्टीलाई सबैभन्दा बढी चासो हुने राजनीतिक प्रकृतिका अपराध मात्र हुन्। सरकारको आलोचना गर्ने वा अधिकारीमाथि आरोप लगाउने व्यक्ति 'झगडा गरेको र समस्या सृजना गरेको' आरोपमा सजिलै थुनिन सक्छन्।

शान्ति सुरक्षामा खलल पुऱ्याएको भन्दै शान्तिपूर्ण प्रदर्शनलाई पनि अपराधीकरण गरिन्छ। त्यसैले, राजनीतिक प्रकृतिका र यस्ता गतिविधिलाई कहिल्यै बेवास्ता गर्दैन। एक वर्षअघि सरकारको कठोर 'जिरो-कोभिड' नीतिविरुद्ध बेइजिङको एक नदी किनारमा विरोध प्रदर्शन गर्न भेला भएका युवाको एउटा समूहलाई धपाउन प्रहरी प्रमुखसहित सयौं अधिकारी खटिएका थिए। अधिकारीले यसमा संलग्न केही व्यक्तिलाई पत्ता लगाउन र सजाय दिन निगरानी उपकरणको प्रयोग पनि गरे। तर, गैरराजनीतिक अपराधमा यस्ता प्रयास र स्रोत साधन खर्च नहुनुचाहिँ अचम्मको विषय हो।

- द इकोनोमिस्टबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

बाइडेनसँगको भेटबाट सीले हासिल गरेको उपलब्धि

अमेरिका भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सी जिनपिङ र अमेरिकी व्यापारिक समुदायका नेताबीच भएको डिनर भेटमा सीलाई एकपटक होइन, तीनपटकसम्म उभिएर स्वागत गरिएको थियो। ६ वर्षपछि अमेरिकाको पहिलो भ्रमणमा रहेका सीका लागि यो जनसम्पर्क जितमध्ये एक थियो। एसिया-प्यासिफिक आर्थिक सहयोग सम्मेलनमा भाग लिन सान फ्रान्सिस्को पुगेका सीले साइडलाइनमा अमेरिकी समकक्षी जो बाइडेनसँग फेन्टानिल, सैन्य सञ्चार र कृत्रिम बुद्धिमत्ता (एआई) समेटने सम्झौता गरेका थिए। यी तीनवटै नतिजा अमेरिकाले चीनबाट चाहेका नतिजा थिए। त्यो भए सी आफैंले के हासिल गरे त ?



सान फ्रान्सिस्को सम्मेलनले सीलाई अमेरिकी नीतिमा छुट, द्विपक्षीय तनाव न्यून गर्ने स्थिति (जसले आर्थिक वृद्धिमा केन्द्रित हुन सघाउँछ) र बढ्दो रूपमा चीनबाट टाढिँदै गएका विदेशी लगानीकर्तालाई आकर्षित गर्ने एउटा अवसर दिलायो। बौद्धिक सम्पत्ति चोरीदेखि डाटा सुरक्षासम्म विदेशी लगानीकर्ताको चासोलाई सम्बोधन गर्दै एपेक सिइओ शिखर सम्मेलनमा सीले भने, 'हामी विश्वभरका व्यापारिक समुदायलाई चीनमा लगानी गर्न र आफ्नो पदचिह्न गहिरो बनाउन आमन्त्रित गर्छौं।'

चीनको आर्थिक वृद्धि अहिले सुस्त भएको छ र यही महिनाको सुरुमा यसले विदेशी प्रत्यक्ष लगानीमा घाटा व्यहोरेको तथ्य सार्वजनिक भएको छ। यस्तोमा चीनका लागि अमेरिकासँगको सम्बन्ध सुधार निकै महत्त्वपूर्ण बन्दै गएको छ। यस्तोमा पछिल्लो सम्मेलनले चीन-अमेरिकाबीच बढ्दै गएको तनाव मत्थर गर्न सघाउने दिशा लिएकोमा सी खुसी छन्। तत्कालीन अमेरिकी सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमणपछि चीनले कटौती गरेको सैन्यवार्ता पुनः सुरु गर्ने सम्झौतालाई पनि सफलताको रूपमा हेरिएको छ।

उता विपक्षी रिपब्लिकन पार्टीका नेताहरूले भने बाइडेनले चीनमाथि दबाब दिएर चीनको कमजोर आर्थिक गतिबाट अमेरिकालाई अधिकतम लाभ उठाउने अवसर गुमाएको आरोप लगाएका छन्।

सम्मेलनपछि सार्वजनिक टिप्पणी गर्ने क्रममा सीले उनको मुलुकले अमेरिकासँग शान्तिपूर्ण सहअस्तित्व खोजेको बताए। चीनमा लगानी गर्न चिन्तित हुँदै गएका अन्तर्राष्ट्रिय व्यापारिक समुदायलाई लक्षित गर्दै उनले व्यापारिक नेताहरूलाई चीन अमेरिकाको 'साझेदार र मित्र' बन्न तयार रहेको बताए। त्यसैगरी, बाइडेनसँगै बगैंचामा सीको पैदलयात्रा र उनका अमेरिकी आयोजकले दिएको ठूलो सम्मानलाई चीनको कठोर नियन्त्रित मिडियामा देशको सबैभन्दा महत्त्वपूर्ण आर्थिक र राजनीतिक सम्बन्ध उनीहरूका राष्ट्रपतिले प्रबन्ध गर्दै छन् भनेर घरेलु दर्शकलाई देखाउन खोजिएको थियो।

> चीनलाई उसको आर्थिक प्रगतिलाई निरन्तरता दिन अमेरिका र पश्चिमी देशसँगको सम्बन्ध सौहार्दपूर्ण राख्न आवश्यक छ। सीको अमेरिका भ्रमण त्यसै उद्देश्यले निर्देशित थियो।

'सी जिनपिङले अमेरिकाबाट उत्पन्न खतरा बढाइचढाइ गर्दा चीन र पार्टीमा उनको हैसियतलाई हानि पुऱ्याउँछ भन्ने आकलन गरेका हुन सक्छन्,' पेन्टागनका पूर्वअधिकारी तथा हाल सिंगापुरको नेसनल युनिभर्सिटीका विद्वान् एन्ड्रु थम्पसनले भने। थम्पसनका अनुसार अहिलेको समयमा चीन लगानीयोग्य छ कि छैन भनेर बहस हुनु आफैंमा चीनका लागि समस्या हो। सीले अमेरिकी राष्ट्रपतिसँगको भेटमा 'एक शताब्दीमा देखिने खालको विश्वव्यापी परिवर्तनको गति'मार्फत अमेरिका-चीन सम्बन्धलाई हेर्न आग्रह गरे।

चीनले आफ्नो आर्थिक प्रगतिका लागि अमेरिका र पश्चिमी देशहरूसँग केही हदसम्म सामान्य सम्बन्ध राख्नु अझै आवश्यक छ भनी बुझेको सिंगापुरको राजरत्नम स्कुल अफ इन्टरनेसनल स्टडिजका प्राध्यापक लिमिङ जियाङको ठम्याइ छ। 'यस बैठकपछाडिको आधारभूत कारण पनि यही थियो,' जियाङले भने।

- रोयटर्सबाट

गाजा युद्धविराम दुई दिन लम्ब्याउने सहमति

तेलअभिभ/ इजरायल र हमासबीच चार दिनका लागि भएको युद्धविराम थप दुई दिनका लम्ब्याउने सहमति भएको छ। अमेरिकी राष्ट्रिय सुरक्षा प्रवक्ता जोन किर्बीले यस विस्तारित सम्झौताअन्तर्गत हमासले थप २० जना इजरायली बन्धकलाई रिहा गर्ने बताएका छन्। यस अवधिमा इजरायलले पनि उसको जेलमा रहेका थप ५० जना प्यालेस्टिनी बन्दीलाई आफ्नो जेलबाट रिहा गर्ने त्यहाँको प्रधानमन्त्री कार्यालयले जानकारी दिएको छ। यसअघिको चारदिने युद्धविराममा उसले १५० कैदी रिहा गरेको थियो।

उता चारदिने युद्धविरामको अन्तिम दिन हमासले ११ बन्दीलाई रिहा गरेको छ। रिहा हुनेमा जर्मन, फ्रान्सेली र अर्जेन्टिनाका नागरिक पनि सामेल थिए। इजरायलले राति अबेरसम्म आफ्नो जेलबाट ३३ प्यालेस्टिनी नागरिकलाई रिहा गरेको छ। कतारको विदेश मन्त्रालयका प्रवक्ता माजेद अल अन्सारीले ट्विटरमा रिहा भएका ११ इजरायलीमध्ये धेरैसँग द्वेध नागरिकता भएका मानिस रहेको बताएका छन्।

उत्तराखण्ड सुरुङमा फसेका मजदुरहरूको उद्धार

नयाँदिल्ली/ उत्तराखण्डको उत्तरकाशीस्थित सिल्क्याराको निर्माणाधीन सुरुङमा फसेका सबै ४१ मजदुरलाई १७ दिनपछि सकुसल उद्धार गरिएको छ। मंगलबार राति सुरुङबाट उद्धार गरी निकालिएका मजदुरलाई सतहको वातावरणमा अनुकूलित गराएपछि एम्बुलेन्सबाट ३० किमि परको चिनयालीसौरस्थित आपत्कालीन स्वास्थ्य केन्द्रमा लगिएको थियो। त्यहाँ सरकारी चिकित्सकको निगरानीमा उपचार हुने बताइएको छ। उद्धारका समयमा हरेक मजदुरका लागि एक एम्बुलेन्स देखिएको थियो।

ती मजदुरलाई सुरुङ निर्माण भइरहेको पहाडको छेउमा दुलो खनेर पाइप छिराई स्ट्रेचरबाट बोकेर ल्याइएको थियो। यसअघि विभिन्न एजेन्सीले उद्धार अभियानका लागि उच्च प्राविधिक मेसिनले ड्रिल गर्ने प्रयास गरेका थिए। तर, मजदुर फसेकोभन्दा ६० मिटर अगाडि चट्टानमा अड्किएपछि अलग दुलो बनाइएको थियो। करिब १७ दिनअघि उक्त दुर्घटना भएको थियो ।

एन आई सी एशिया बैक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७५/०१/२५ मा योजना संचालन अनुमति प्राप्त २०७५/०३/३१ देखि २०८६/०३/३० सम्म अवधि भएको ७ वर्ष योजना

३०८० कार्तिक मसान्तको खूद सम्पत्ति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	६२७,०७९,३६१	५९५,०३१,४४०
२	ऋणपत्र	१५,०००,०००	१५,०००,०००
	सूचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	५,०४०,५७७	४,९८२,१८३
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१०७,०००,०००	१३७,०००,०००
	कुल लगानी (क)	**७५४,११५,९३८**	**७५२,०१३,६२३**
	चालु सम्पति		
१	बैंक मौज्दात	२८८,३२५,८४४	२९७,७४०,४१७
२	अन्य सम्पति	२,४१५,८९५	२,९७७,८१९
	जम्मा (ख)	**२९०,७४१,७३५**	**३००,७१८,२३६**
	चालु दायित्व		
१	चालु दायित्व	-	३,३०३,४७७
२	भुक्तानी दिनुपर्ने शुल्क	४,६१०,७४२	४,५८१,२५९
	जम्मा (ग)	**४,६१०,७४२**	**७,८८४,७३६**
	कूल सम्पत्ति (क+ख-ग)	**१,०४०,२५०,१३५**	**१,०४४,८४७,१२३**
१	योजना व्यवस्थापक शुल्क	१,२८२,५०१	१,२८८,१६८
२	डिपोजीटरी शुल्क	१७१,०००	१७१,७५६
३	कोष सुपरीवेक्षक शुल्क	८५,५००	८५,८७८
	खुद सम्पत्ति	**१,०३८,७११,४३४**	**१,०४३,३०१,३२२**
	जम्मा जारी इकाई संख्या	**१०२,०००,०००**	**१०२,०००,०००**
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**१०.१८**	**१०.२३**

२०८० कार्तिक मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	२२,६४३,६५८	२१,५४८,७३६
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	(३८,९०१,०३८)	(३४,८४६,५०८)
	जम्मा आम्दानी	**(१६,२५७,३८०)**	**(१३,२५७,७७२)**
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	५२,४०८	३९,१३६
२	बैंक शुल्क	९८०	९३५
३	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	५०,०००	५०,०००
४	योजना व्यवस्थापन शुल्क	५,३४८,७५६	४,०४१,०६५
५	डिपोजीटरी शुल्क	७१३,१६८	५३८,८०९
६	कोष सुपरीवेक्षक शुल्क	३५६,५८४	२६९,४०४
७	योजना लेखापरीक्षण शुल्क	३३,३३३	२५,०००
८	सिडिएससि वार्षिक शुल्क	१७०,०००	१७०,०००
९	बुक बिल्डिङ्ग शुल्क	५,०००	-
१०	सफ्टवेयर खर्च	३३,९००	-
	जम्मा खर्च	**६,७६४,१२५**	**५,१३४,३४५**
	कूल नाफा/(नोक्सान)	**(२३,०२१,५०५)**	**(१८,४३२,१२१)**

नोट: १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८० कार्तिक मसान्तसम्म गरेको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत रु.६८८,४०७,५०१.२९ रहेकोछ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेवसाइट ww.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

१	एनएमबि बैंक लिमिटेड	९२,३२२	१८,९३५,२४२
२	कृषि विकास बैंक लिमिटेड	७३,३८४	१७,९०५,६९६
३	सानिमा बैंक लिमिटेड	८६,२५९	२०,३१३,९९५
४	लक्ष्मी सनराइज बैंक लिमिटेड	७२,३२२	१२,७२१,४४०
५	नेपाल बैंक लिमिटेड	७२,२२१	१७,५०६,३७०
६	स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१७,९९८	९,४१८,३५३
७	प्रभु बैंक लिमिटेड	९३,२७५	१४,३६४,३५०
८	एभरेष्ट बैंक लिमिटेड	३७,७७६	१७,४४८,७३४
९	प्राइम कमर्सियल बैंक लिमिटेड	९४,०४५	१७,६७१,०५६
१०	माछापुच्छ्रे बैंक लिमिटेड	६९,०००	१३,६६२,०००
११	नबिल बैंक लिमिटेड	३७,६९१	२१,४५३,७१७
	ख) विकास बैंक		
१	गरिमा विकास बैंक लिमिटेड	५९,७९२	२१,६४४,७०४
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	६३,१९९	२३,८३२,३४३
३	महालक्ष्मी विकास बैंक लिमिटेड	६६,३६४	१९,६४३,७४४
४	शाइन रेसुन्ग डेभलपमेण्ट बैंक लिमिटेड	६०,६२९	२२,०२०,४५३
	ग) जीवन विमा कम्पनी		
१	एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५६,५७१	३३,४९०,०३२
२	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,८१२	४,०९८,४६१
३	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	९,५२१	३,८६१,७१८
४	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	१०,१५९	४,२१५,९८५
५	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,१२४	३,४६७,३२३
६	नेशनल लाईफ इन्स्योरेन्स लिमिटेड	४८,००७	२५,९२३,७८०
	घ) निर्जीवन विमा कम्पनी		
१	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	१०,९५४	७,५५८,२६०
२	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	८,९९६	६,३०६,१९६
३	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	९,५००	६,१७५,०००
४	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	२३,०६८	१६,३३२,१४४
५	आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	२२,१६६	१०,८८५,५३०
	ङ) हाइड्रोपावर कम्पनी		
१	चिलिमे जलविद्युत कम्पनी लिमिटेड	६३,३७१	२९,५३०,८८६
२	बुटवल पावर कम्पनी लिमिटेड	६१,४३४	१८,२५२,०४१
३	भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	७२६	२७४,७१८
४	माण्डु हाइड्रोपावर लिमिटेड	१,२२०	५५१,४४०
५	मिड सोलु हाइड्रोपावर कम्पनी लिमिटेड	६३३	२०६,४२१
६	पिपुल्स पावर लिमिटेड	२	४०४
७	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१५,४५०	३,६७७,१००
८	माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड	१,२६८	१२६,८००
९	सानिमा माई हाइड्रोपावर कम्पनी लिमिटेड	३०,७७१	८,९६९,७४७
१०	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	२२,०००	५,५००,०००
	च) म्युचुअल फण्ड		
१	ग्लोबल आइएमई ब्यालेन्सड फण्ड - १	५००,०००	३,८५५,०००
२	एनएमबि सुलभ इन्भेष्टमेण्ट फण्ड २	३००,०००	२,५९२,०००
३	सानिमा ग्रोथ फण्ड	१,५००,०००	११,७००,०००
४	आरबिबि म्युचुअल फण्ड २	५००,०००	३,६६०,०००
५	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्कीम-३	१,०००,०००	१०,०००,०००
६	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	१,५००,०००	११,७१५,०००
७	सनराइज फोकस्ड इक्विटी फण्ड	१,५००,०००	११,३५५,०००
८	नबिल फ्लेक्सी क्याप फण्ड	२५०,०००	२,३४२,५००
९	प्रभु स्मार्ट फण्ड	१,०००,०००	७,६६०,०००
१०	एनआईबिएल ग्रोथ फण्ड	२,०००,०००	१४,९२०,०००
	छ) लघुवित वित्तीय संस्था		
१	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	३१,१५७	२७,१०६,५९०
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	३१,०५४	१७,७३१,८३४
३	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१७,९६६	१६,१८९,१६३
४	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,०००	१०,८४०,०००
५	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१,९८९	१,२१५,२७९
६	विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड	७१	६२,२८१
७	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड	१५०	२७०,०००
	ज) इन्भेष्टमेन्ट		
१	हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड	२,४७५	८८३,५७५
२	नागरिक लगानी कोष	६,५४२	१२,५०१,१०८
	झ) उत्पादन तथा प्रशोधन		
१	सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड	१२,८७२	३,३३३,८४८
	जम्मा		

कोष प्रवर्द्धक: NIC ASIA एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५११११७७/७८/८८, फ्याक्सः ९७७-०१-५१११९८०
टोल फ्री नं. : १६६०-०१-००७७१

योजना व्यवस्थापक/डिपोजिटरी: NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं
फोन: ९७७-१-५७०१९२४, फ्याक्सः ९७७-१-५७०५४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

एन आई सी एशिया बैंक लिमिटेड

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-००७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगाको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण, वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखामा प्रा.फ.र.नं १४५५२३/०७५/७६, समुन्द्रपार आयात निर्यात अन्तर्गत मिति २०७५/०९/१३ मा प्राईभेट फर्म र जिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिस्टर्ड भएको ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४ स्थित **धरिप्रिया कलेक्शन** **प्रोप्राईटर तथा जमानतकर्ता: किरण सिंह** स्थायी ठेगाना : रौतहट जिल्ला, औरैया गा.वि.स वडा नं. १ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४ बाबु : रामा सिंह क्षेत्री ससुरा : राम चन्द्र सिंह पति : मदन सिंह	१) रामा सिंह क्षेत्रीकी छोरी, राम चन्द्र सिंहकी बुहारी, मदन सिंहकी पत्नी, रौतहट जिल्ला, औरैया गा.वि.स वडा नं. १ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ल.म.न.पा. वडा नं. १४ बस्ने किरण सिंहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, विरगंज उ.म.न.पा. वडा नं १४ (हाल विरगंज म.न.पा. वडा नं ११) स्थित कित्ता नं. २०४ को क्षेत्रफल ८४.६५ (ब.मि.) को घर जग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) धरिप्रिया कलेक्शनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) सुप्रिया सिंह ठकुरी स्थायी ठेगाना : रौतहट जिल्ला, ईशनाथ न.पा. वडा नं. ३ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४ बाबु : मदन सिंह बाजे : राम चन्द्र सिंह	**२) मदन सिंह** स्थायी ठेगाना : रौतहट जिल्ला, औरैया गाउँ पञ्चायत वडा नं. १ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४ बाबु : राम चन्द्र सिंह
	ऋणीको विवरण	
२)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग, घरेलु, तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, सल्यानमा प्रा.फ.नं. ५१९/०६७/०६८ अन्तर्गत मिति २०६७/१२/२६ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको सल्यान जिल्ला, खलंगा गा.वि.स. वडा नं. २ स्थित **महेन्द्र सप्लायर्स** **प्रोप्राईटर तथा जमानीकर्ता : महेन्द्र हमाल**	
	धितोको विवरण	
	१) जित बहादुर हमालको नाति, ठोप बहादुर हमालको छोरा, सल्यान जिल्ला, डाँडागाउँ गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सल्यान जिल्ला, शारदा न.पा. वडा नं. १५ बस्ने महेन्द्र हमालको नाममा मालपोत कार्यालय सल्यानको लगतमा दर्ता कायम रहेको खलंगा गा.वि.स. वडा नं. १, सल्यान स्थित कित्ता नं. २३३७ को क्षेत्रफल ०-२-२-२ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) जित बहादुर हमालको नाति, ठोप बहादुर हमालको छोरा, सल्यान जिल्ला, डाँडागाउँ गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सल्यान जिल्ला, शारदा न.पा. वडा नं. १५ बस्ने महेन्द्र हमालको नाममा मालपोत कार्यालय घोराही, दाङको लगतमा दर्ता कायम रहेको घोराही न.पा. वडा नं. ७ (हाल घोराही न.पा. वडा नं. ७ रा) दाङ स्थित कित्ता नं. १५०९ को क्षेत्रफल ११३ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) जित बहादुर हमालकी बुहारी, ठोप बहादुर हमालकी पत्नि, सल्यान जिल्ला, डाँडागाउँ गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सल्यान जिल्ला, शारदा न.पा. वडा नं. १५ बस्ने कृष्ण कुमारी हमालको नाममा मालपोत कार्यालय सल्यानको लगतमा दर्ता कायम रहेको डाडाँगाउँ गा.वि.स. वडा नं. ५, सल्यान स्थित कित्ता नं. १७९० को क्षेत्रफल ६-८-३-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) महेन्द्र सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	ऋणीको विवरण	
	२) प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, कर्णाली प्रदेश, सल्यानमा प्रा.फ.नं. २६३९/२०७७/०७८ अन्तर्गत मिति २०७७/१२/०६ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको सल्यान जिल्ला, शारदा न.पा. वडा नं. १ स्थित **संस्कार सप्लायर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: सम्झना शाह**	
	धितोको विवरण	
	संस्कार सप्लायर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	जमानीकर्ताहरुको विवरण	
	१) महेन्द्र हमाल स्थायी ठेगाना : सल्यान जिल्ला, डाडाँगाउँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सल्यान जिल्ला, शारदा न.पा. वडा नं. १५ बाबु : ठोप बहादुर हमाल बाजे : जित बहादुर हमाल	**२) कृष्णा कुमारी हमाल** स्थायी ठेगाना : सल्यान जिल्ला, डाडाँगाउँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सल्यान जिल्ला, शारदा न.पा. वडा नं. १५ ससुरा : जित बहादुर हमाल पति : ठोप बहादुर हमाल	**३) सम्झना शाह** स्थायी ठेगाना : दाङ जिल्ला, तुलसीपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : सल्यान जिल्ला, शारदा न.पा. वडा नं. १५ बाबु : कुमार बहादुर शाह ससुरा : ठोप बहादुर हमाल पति : महेन्द्र हमाल
	ऋणीको विवरण	
	३) महेन्द्र हमाल स्थायी ठेगाना : सल्यान जिल्ला, डाडाँगाउँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सल्यान जिल्ला, शारदा न.पा. वडा नं. १५ बाबु : ठोप बहादुर हमाल बाजे : जित बहादुर हमाल	
	धितोको विवरण	
	१) जित बहादुर हमालको नाति, ठोप बहादुर हमालको छोरा, सल्यान जिल्ला, डाँडागाउँ गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सल्यान जिल्ला, शारदा न.पा. वडा नं. १५ बस्ने महेन्द्र हमालको नाममा मालपोत कार्यालय सल्यानको लगतमा दर्ता कायम रहेको खलंगा गा.वि.स. वडा नं. १, सल्यान स्थित कित्ता नं. २३३७ को क्षेत्रफल ०-२-२-२ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) जित बहादुर हमालको नाति, ठोप बहादुर हमालको छोरा, सल्यान जिल्ला, डाँडागाउँ गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सल्यान जिल्ला, शारदा न.पा./गा.वि.स. वडा नं. १५ बस्ने महेन्द्र हमालको नाममा मालपोत कार्यालय घोराही, दाङको लगतमा दर्ता कायम रहेको घोराही न.पा. वडा नं. ७ (हाल घोराही न.पा. वडा नं. ७ रा) दाङ स्थित कित्ता नं. १५०९ को क्षेत्रफल ११३ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) जित बहादुर हमालकी बुहारी, ठोप बहादुर हमालकी पत्नि, सल्यान जिल्ला, डाँडागाउँ गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सल्यान जिल्ला, शारदा न.पा. वडा नं. १५ बस्ने कृष्ण कुमारी हमालको नाममा मालपोत कार्यालय सल्यानको लगतमा दर्ता कायम रहेको डाडाँगाउँ गा.वि.स. वडा नं. ५, सल्यान स्थित कित्ता नं. १७९० को क्षेत्रफल ६-८-३-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) कुमार बहादुर शाहकी छोरी, ठोप बहादुर हमालकी बुहारी, महेन्द्र हमालकी पत्नि, दाङ जिल्ला, तुलसीपुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई ह

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार १३ मंसिर ०८०

चार महिनामा एक खर्ब १३ अर्ब ऋण प्राप्ति

कुल सार्वजनिक ऋण २३ खर्ब ५७ अर्ब पुग्यो



काठमाडौं/ सरकारले चालू आर्थिक वर्षको चार महिनामै एक खर्ब १३ अर्ब ऋण उठाएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार कात्तिकसम्म ९७ अर्ब ३१ करोडको आन्तरिक ऋण र १५ अर्ब ८५ करोड बाह्य ऋण उठाएको छ।

राजस्व संकलन लक्ष्यअनुसार नहुँदा सरकारले आन्तरिक स्रोतमा ऋण लिएरै खर्च धानिरहेको छ। बाह्य ऋण पनि न्यून आइरहेका कारण बजेट परिचालनमा आन्तरिक ऋणकै भरथेग छ। कात्तिकमा मात्रै ९० करोडको बाह्य ऋण उठाइएको छ। सबैभन्दा बढी ऋण असोजमा ५९ अर्ब ८५ करोड उठाइएकोमा ५३ अर्ब पाँच करोड आन्तरिक ऋण मात्रै उठाइएको कार्यालयले जानकारी दिएको छ। चार महिनामा आन्तरिक ऋण र बाह्य ऋणको साँवा-ब्याज भुक्तानीमा ८१ अर्ब ६४ करोड रुपैयाँ खर्च भएको छ।

पछिल्लो समय सरकारले ऋण उठाउने प्रवृत्ति बढ्दै जाँदा तिर्नुपर्ने सार्वजनिक ऋण २३ खर्ब ५७ अर्ब पुगेको छ। जसमा आन्तरिक ऋणबापत ११ खर्ब ८३ अर्ब र बाह्य ऋणबापत ११ खर्ब ७३ अर्ब रुपैयाँ रहेको छ।

■ आन्तरिक ऋण उठाउने तालिका संशोधन

सरकारले आन्तरिक ऋण उठाउने तालिका संशोधन गरेको छ। गत २३ कात्तिकमै संशोधित तालिकालाई अर्थमन्त्री डा. प्रकाशशरण महतले स्वीकृत गरेका थिए।

मंगलबार कार्यालयले नयाँ तालिका सार्वजनिक गरेको छ। पहिलो त्रैमासमा ९७ अर्ब ३१ करोड आन्तरिक ऋण उठाएको सरकारले दोस्रो त्रैमास (कात्तिक-पुस)मा ३१ अर्ब ऋण उठाउने उल्लेख छ। तेस्रो त्रैमासमा सरकारले ४७ अर्ब ६९ करोड ऋण उठाउने संशोधित तालिकामा उल्लेख छ। चौथो त्रैमासमा गएर ६४ अर्ब आन्तरिक ऋण उठाउने तालिकामा राखिएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/८८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ३९०९/१९९ स्थानिय, अन्तर्गत मिति २०७१/०९/२३ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, गौर गा.वि.स. वडा नं. ९ (हाल गौर न.पा. वडा नं. ३) स्थित **हरि किराना पसल** **प्रोप्राईटर तथा जमानीकर्ता : संतोस कुमार** ठेगाना : रौतहट जिल्ला, राजपुरफरहदवा गा.वि.स वडा नं. ७ बाबु : हरि नारायण साह कलवार बाजे : अमिरी लाल साह कलवार	१) हिरालाल प्रसाद कलवारकी छोरी, हरि नारायण साह कलवार की बुहारी, संतोस कुमारकी पत्नि, रौतहट जिल्ला, राजपुर फरहदवा गा.वि.स. वडा नं. ७ बस्ने बच्ची देवीको नाममा मालपोत कार्यालय रौतहट, गौरको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, गौर न.पा. वडा नं. ९ (हाल गौर न.पा. वडा नं. ३) स्थित कित्ता नं. १७५१ को क्षेत्रफल ०-०-१९$^{3/8}$ (विगाह) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सवारी मोडल: Mahindra Bolero PICKUP 2WD PS 1.5T च्यासीस नं. : MA1ZU2GHKH1C27915 इन्जिन नं.: GHH1C19363 | सवारी दर्ता नं. : ना ४ च ३८४४ ३) हरि किराना पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	जमानीकर्ताहरुको विवरण	
	१) बच्ची देवी ठेगाना : रौतहट जिल्ला, राजपुरफरहदवा गा.वि.स. वडा नं. ७ बाबु : हिरालाल प्रसाद कलवार ससुरा : हरि नारायण साह कलवार पति : संतोस कुमार	**२) हरि नारायण साह कलवार** ठेगाना : रौतहट जिल्ला, राजपुरफरहदवा गा.वि.स. वडा नं. ७ बाबु : अमिरीलाल साह कलवार बाजे : महाविर साह
	ऋणीको विवरण	
२)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोतरी, नेपालमा प्रा.फ.नं. ६००५/३०/०७५/०७६ अन्तर्गत मिति २०७५/०९/१० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको महोतरी जिल्ला, गौशाला न.पा वडा नं. २ स्थित **जय हनुमान फिक्स ईंटा उद्योग** **प्रोप्राईटर तथा जमानीकर्ता: नागेन्द्र साह**	**२) राम बाबु साह** स्थायी ठेगाना : महोतरी जिल्ला, औरही गा.प. वडा नं. ६ हालको ठेगाना : महोतरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : रामेश्वर साह बाजे : झुला साह
	जमानीकर्ताहरुको विवरण	
	१) नागेन्द्र साह स्थायी ठेगाना: महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ६ हालको ठेगाना:महोतरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : रामेश्वर साह बाजे : झुला साह	**२) राम बाबु साह** स्थायी ठेगाना: महोतरी जिल्ला, औरही गा.प. वडा नं. ६ हालको ठेगाना:महोतरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : रामेश्वर साह बाजे : झुला साह
	३) रामेश्वर साह स्थायी ठेगाना: महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ८ हालको ठेगाना:महोतरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : झुला साह बाजे : ठगा साह	**४) श्यामबाबु साह** स्थायी ठेगाना: महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ६ हालको ठेगाना:महोतरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : रामेश्वर साह बाजे : झुला साह
	५) पिंकी कुमारी देवी स्थायी ठेगाना: महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ६ हालको ठेगाना:महोतरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु: साधुशरण महतो बर्मा चोरौत ससुरा :रामेश्वर साह पति : नागेन्द्र साह	**६) रुबी कुमारी साह** स्थायी ठेगाना: महोतरी जिल्ला, रतौली गा.वि.स. वडा नं. ५ हालको ठेगाना:महोतरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : रामनाथ साह ससुरा : रामेश्वर साह पति : श्यामबाबु साह
	७) धनमंती देवी स्थायी ठेगाना:महोतरी जिल्ला, औरही गा.प. वडा नं ६ हालको ठेगाना:महोतरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : पलट साह ससुरा : झुला साह पति : रामेश्वर साह	**८) सरिता कुमारी साह** स्थायी ठेगाना: महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ६ हालको ठेगाना:महोतरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : किशोरी साह ससुरा : रामेश्वर साह पति :रामबाबु साह सुडी
	धितोको विवरण	
	१) ठगा साहको नाति, झुला साहको छोरा, महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल महोतरी जिल्ला, औरही न.पा. वडा नं. २ बस्ने रामेश्वर साहको नाममा मालपोत कार्यालय महोतरीको लगातमा दर्ता कायम रहेको महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. ८६५ को क्षेत्रफल ०-२-१६$^{१/२}$ (विगाह) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) जय हनुमान फिकस ईंटा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	
	ऋणीको विवरण	**धितोको विवरण**
३)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, विराटनगरमा प्रा.फ.र.नं. ३१९८०/०७५/७६, स्थानीय व्यापार अन्तर्गत मिति २०७५/०४/१६ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ्ग जिल्ला, केरावारी गा.पा. वडा नं. १० स्थित **नयन बुटिक ट्रेडर्स** **प्रोप्राइटर तथा जमानीकर्ता : चन्द्र बहादुर मगर** स्थायी ठेगाना : मोरङ्ग जिल्ला, केरावारी गा.वि.स. वडा नं. ३ हालको ठेगाना : मोरङ्ग जिल्ला, केरावारी गा.पा. वडा नं. १० बाबु : धन वहादुर मगर बाजे : ललित वहादुर मगर	१) बुद्धिबल राईकी छोरी, ललित वहादुर मगरकी बुहारी, धन वहादुर मगरकी पत्नि, मोरङ्ग जिल्ला, केरावारी गा.प. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, केरावारी गा.पा. वडा नं. १० बस्ने सरीमाया मगरको नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगातमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, केरावारी गा.वि.स. वडा नं. ३/क (हाल केरावारी गा.पा. वडा नं. १०) स्थित कित्ता नं. ५८८ को क्षेत्रफल ०-२-१०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) नयन बुटिक ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) नयन कुमारी मगर स्थायी ठेगाना: मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. १ हालको ठेगाना: मोरङ्ग जिल्ला, केरावारी गा.पा. वडा नं. १० बाबु : तारानाथ मगर ससुरा : धन वहादुर मगर पति : चन्द्र वहादुर मगर	**२) सरीमाया मगर** स्थायी ठेगाना: मोरङ्ग जिल्ला, केरावारी गा.पं. वडा नं. ३ हालको ठेगाना: मोरङ्ग जिल्ला, केरावारी गा.पा. वडा नं. १० बाबु : बुद्धिबल राई ससुरा : ललित वहादुर मगर पति : धन वहादुर मगर

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

पेट्रोलियममा चर्को नाफा राखेर डेढ वर्षमै ३० अर्ब ऋण र बक्यौता चुक्ता

अजित अधिकारी/नयाँ पत्रिका

डेढ वर्षयता निरन्तर चर्को नाफामा पेट्रोलियम बिक्री गरेर नेपाल आयल निगम ३० अर्ब ऋण र बक्यौताबाट मुक्त भएको छ। आयल निगमले गत आर्थिक वर्ष ०७९/८० मा कमाएको नाफाबाट इन्डियन आयल कर्पोरेसन (आइओसी)को २३ अर्ब बक्यौता र राष्ट्रिय वाणिज्य बैंकको तीन अर्ब ऋण भुक्तानी गरिसकेको छ। चालू आव ०८०/८१ मा समेत निरन्तर नाफा गरेका कारण सरकारबाट लिएको सात अर्ब ऋणको अन्तिम किस्ताबापत ७० करोड मंगलबार भुक्तान गरेको छ।

आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले मंगलबार सरकारबाट लिएको सबै ऋण रकम चुक्ता भएको बताए। 'सरकारबाट निगले लिएको सात अर्ब ऋणमध्ये अन्तिम किस्ताबापतको ७० करोड पनि अर्थ मन्त्रालयअन्तर्गतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई भुक्तान गरिएको छ,' उनले भने।

निगमले सरकारबाट जेठ, ०७९ मा ३ प्रतिशत ब्याजदरमा सात अर्ब कर्जा लिएको थियो। त्यसको पहिलो किस्ताबापत ७० करोड सोही वर्ष पुसमा भुक्तान गरेको थियो। त्यसपछि गत असारमा दुई अर्ब ८० करोड, भदौमा एक अर्ब २७ करोड, असोजमा एक अर्ब ४० करोड र कात्तिकमा समेत एक अर्ब ४० करोड तिरेको थियो।

०७८ को सुरुबाटै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ बढ्दै जाँदा सोही दरमा मूल्य समायोजन गर्न नपाउँदा आयल निगमले ०७८ पुसदेखि घाटा व्यहोर्न थालेको थियो। मासिक करोडबाट अर्बौंको घाटा हुन थालेपछि निगमले तेल किनेको पैसा तिर्न नसकी सरकारबाट सात अर्ब र राष्ट्रिय वाणिज्य बैंकबाट तीन अर्ब ऋण लिएको थियो। सरकारबाट लिएको सात अर्ब ऋण १० किस्तामा पाँच वर्षमा तिरिसक्ने सर्त थियो। तर, डेढ वर्षदेखि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ बिस्तारै ओरालो लागेको फाइदा उठाई निगमले नेपाली बजारमा मूल्य समायोजन नगरी चर्को नाफा राखेर ऋण तिर्ने योजना बनायो।

सोही योजनाअनुसार गत आव ०७९/८० मा निगमले १८ अर्ब नाफा रकम आइओसीको बक्यौता तिर्न खर्च गऱ्यो। आइओसीको बक्यौता तिर्न नाफा रकमबाहेक मूल्य अभिवृद्धि कर (भ्याट)बापत फिर्ता भएको रकम र मूल्य स्थिरीकरण कोषमा जम्मा भएको रकममेत प्रयोग गरिएको निगमको नायब कार्यकारी निदेशक नागेन्द्र साहले जानकारी दिए। 'चालू आवमा पनि भ्याट फिर्ता र मूल्य स्थिरीकरण कोषमा जम्मा हुने रकम झिकेर सरकारको ऋण तिर्न प्रयोग गरिएको छ,' साहले भने, 'डेढ वर्षयता बक्यौता र ऋणमुक्त हुन ३० अर्ब रुपैयाँ आर्जन गरी भुक्तानी भएको छ।' साहका अनुसार गत आवमा आर्जन गरेको १८ अर्ब नाफाबाहेक डेढ वर्षमा मूल्य स्थिरीकरण कोषमा जम्मा हुनुपर्ने करिब आठ अर्ब र भ्याट फिर्ताबापत प्राप्त चार अर्ब खर्च भएको छ।

■ महिनामै १० अर्बको घाटाबाट नाफासम्मको यात्रा

आयल निगमले १ असार ०७९ मा प्रेस विज्ञप्ति जारी गर्दै सो महिना मात्रै नौ अर्ब ६३ करोड रुपैयाँ नोक्सान व्यहोर्ने प्रक्षेपण गरेको थियो। उच्च नोक्सानी दरलाई नियन्त्रण गर्न निगमले तत्कालै ५ असारमा सरकारको समेत समर्थन लिएर पेट्रोलियमको मूल्यवृद्धि गरेको थियो। त्यतिखेर मूल्यवृद्धिपछि पेट्रोल एक सय ९९ र डिजेल एक सय ९२ रुपैयाँ प्रतिलिटर पुगेको थियो। यो मूल्य हालसम्मकै उच्च हो।

त्यसयता भने अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउमा केही सुधार हुन थालेको थियो भने ग्यासको भाउसमेत घट्न थालेको थियो। भाउ बिस्तारै घट्न थालेपछि निगमले भने उपभोक्तालाई राहत दिने गरी मूल्य समायोजन गर्नुको सट्टा अघिल्लो आव ०७८/७९ मा व्यहोरेको ४८ अर्ब ९५ करोड रुपैयाँ पूर्ति गर्ने योजना लागू गऱ्यो।

आव ०७८/७९ मा करिब ४९ अर्ब नोक्सान व्यहोर्दा बोनस कोष, कर्मचारी कल्याणकारी कोष र मूल्य स्थिरीकरण कोषको १९ अर्ब खर्च गरेर ३० अर्ब सञ्चित नोक्सानी कायम भएको थियो। निगमले सोही ३० अर्ब जतिसक्दो छिटो चुक्ता गर्ने ध्याउन्नमा लाग्दा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ घटेको दरमा नेपाली बजारमा मूल्य समायोजन नगरी चर्को नाफा राख्दै आएको हो। चालू आव ०८०/८१ देखि पनि निगम मासिक कम्तीमा ५० करोड नाफा आर्जन गर्दै आएको छ।

■ अन्तर्राष्ट्रिय बजारमा २४% मूल्य घट्दा नेपालमा ३% मात्र घटाइयो

पेट्रोलियम पदार्थ खरिद गरेको रकम आइओसीलाई भुक्तानी गर्नका लागि आयल निगमले जेठ ०७९ मा सरकारबाट सात अर्ब रुपैयाँ ऋण लिएको थियो। त्यसयता पाँच किस्तामा यो ऋण भुक्तानी गरिसकेको छ। ऋण लिएको समय (१ जेठ)मा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ १०७.२० डलर प्रतिब्यारेल थियो। एक ब्यारेलमा एक सय ५९ लिटर हुन्छ। मंगलबार साँझ कच्चा तेलको भाउ डेढ वर्षअघिको तुलनामा २५.७४ डलर प्रतिब्यारेल सस्तिएर ८१.४६ डलरमा कारोबार भएको छ। यो भनेको २४.०१ प्रतिशत सस्तो मूल्य हो।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ यति ठूलो अन्तरमा घटेको लाभ भने नेपाली उपभोक्ताले पाउन सकेका छैनन्। डेढ वर्षअघि जेठ पहिलो साता काठमाडौंमा पेट्रोल एक सय ७८ रुपैयाँ र डिजेल एक सय ७२ रुपैयाँ प्रतिलिटर कायम भएको थियो। अहिले पेट्रोल ६ रुपैयाँ र डिजेल एक रुपैयाँ सस्तिएर क्रमशः एक सय ७२ रुपैयाँ र एक सय ६४ रुपैयाँ प्रतिलिटर निर्धारण गरेको छ। डेढ वर्षअघिको तुलनामा पेट्रोल ३.३७ प्रतिशत र डिजेल ०.६० प्रतिशत मात्रै सस्तो हुन पुगेको छ।

आयल निगमका प्रवक्ता मनोज ठाकुरले डेढ वर्षअघिको बजारमूल्यमा चरम घाटा सहेर निर्धारण भएको बताउँछन्। 'त्यतिखेर भाउ निर्धारण गर्दा पेट्रोल ३१.२८ रुपैयाँ र डिजेलमा ३७.१६ रुपैयाँ प्रतिलिटर नोक्सान थियो। यो नोक्सानीलाई लागतदर मानेर अहिलेको बजारभाउसँग तुलना गर्ने हो भने ठूलो अन्तरले पेट्रोलियम सस्तिएको पाउन सकिन्छ,' उनले भने।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

छोटो समयमै ऋण र बक्यौतामुक्त भएका छौं



● **उमेशप्रसाद थानी**, कार्यकारी निर्देशक, आयल निगम लिमिटेड

रुस-युक्रेनको द्वन्द्वले विश्व अर्थतन्त्र चपेटामा परेका वेला कच्चा तेलको बढेको भाउअनुसार नेपालमा मूल्य समायोजन गर्न नपाउँदा आयल निगमको आर्थिक स्थिति दयनीय थियो। महिनामै १० अर्ब रुपैयाँसम्मको नोक्सान हुँदा पनि कुनै दिन पेट्रोलियम आपूर्तिमा असहजता हुन दिएनौं। सहज इन्धन आपूर्तिका लागि सरकार र बैंकबाट लिएको ऋण तथा खरिदकर्ता आइओसीको बक्यौता चुक्ता गर्नुपर्ने दायित्वलाई पहिलो प्राथमिकतामा राखेका थियौं। सोही योजनाअनुसार छोटो समयमा ऋण र बक्यौतामुक्त भएका छौं।

हामीले आमउपभोक्ताको मागअनुसार पेट्रोलियम मूल्यमा स्वचालित प्रणाली लागू गर्ने निर्णय गरेका छौं, तर पूर्ण कार्यान्वयन गर्न समस्या भइरहेको छ। त्यसैले आगामी दिनमा अन्तर्राष्ट्रिय बजारअनुसार 'घट्दा-घट्ने र बढ्दा-बढ्ने' नीति कार्यान्वयनका लागि स्वचालित मूल्य प्रणालीलाई विनाअवरोध कार्यान्वयन गर्न सबैको सहयोगका लागि अपिल गर्न चाहन्छु।

नेपाल-दुबई व्यावसायिक सम्मेलन हुँदै

नयाँ पत्रिका



नेपाल-दुबई व्यावसायिक सम्मेलन १४ मंसिरमा संयुक्त अरब इमिरेट्स (युएई)को दुबईमा आयोजना हुने भएको छ। नेपाल उद्योग वाणिज्य महासंघ र दुबई चेम्बर अफ कमर्सको आयोजनामा हुने व्यावसायिक सम्मेलनमा मुख्य अतिथिका रूपमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सहभागी हुने बताइएको छ। सम्मेलन युएईस्थित नेपाली राजदूतावासको सहयोगमा हुन लागेको महासंघले जनाएको छ।

सम्मेलनमा दुवै देशका करिब सयजना उद्यमी-व्यवसायीको उपस्थिति रहने बताइएको छ। उक्त सम्मेलनमा दुवै देशबीच आर्थिक व्यावसायिक सम्बन्ध विस्तार, लगानी प्रवर्द्धन एवं श्रम बजार विस्तार, नेपाली कृषि उत्पादनको मध्यपूर्वमा बजार विस्तार तथा सम्भाव्यताका विषयमा छलफल हुनेछ। सम्मेलनबाट नेपालमा मध्यपूर्वको लगानी आकर्षण एवं नेपाली कृषि उत्पादनको मध्यपूर्वका राष्ट्रहरूमा निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले व्यक्त गरे। उनले भने, 'सम्मेलनबाट ऊर्जा एवं पर्यटन क्षेत्रमा पनि आपसी सहकार्यको ढोका खुल्ने विश्वास छ।'

यसअघि महासंघले प्रधानमन्त्री दाहालको भ्रमणका क्रममा भारत र चीनमा पनि व्यावसायिक सम्मेलनको आयोजना गरेको थियो। दुबईमा आयोजना हुने व्यावसायिक सम्मेलनपछि अध्यक्ष ढकालको नेतृत्वमा महासंघको प्रतिनिधिमण्डलले मंसिर १५ र १६ गते अबुधाबीमा आयोजना हुने जलवायुसम्बन्धी विश्वसम्मेलन कोप-२८ मा भाग लिने कार्यक्रम रहेको छ।

नेप्से पुनर्संरचनाको दोस्रो अध्ययन प्रतिवेदन पनि अर्थ मन्त्रालयमै अड्कियो

भोजराज भण्डारी/नयाँ पत्रिका

नेप्से पुनर्संरचना गर्न पटक-पटक अध्ययन प्रतिवेदन तयार गरेर अर्थ मन्त्रालय पठाइए पनि गति लिन सकेको छैन। अघिल्लो वर्ष भदौमा नेप्सेका कार्यकारी अधिकृत कृष्णबहादुर कार्कीको संयोजकत्वमा 'नेप्से पुनर्संरचना र अबको बाटो' शीर्षकमा तयार पारिएको प्रतिवेदन अर्थ मन्त्रालयमा पठाइएको थियो। पूर्वसचिव हरिप्रसाद बस्यालले तयार पारेको उक्त प्रतिवदेनमा नेप्सेको चुक्ता पुँजी बढाउनुपर्ने, विदेशी साझेदार ल्याउन सकेमा विदेशी कारोबार प्रणालीलाई आवश्यक पर्नेलगायतको सुझाव थियो। त्यसको एक वर्षपछि नेप्सेले अर्थ मन्त्रालयको अनुरोधमा पुनः गत असोजमा अर्को प्रतिवेदन बुझाएको छ। यसअघि बुझाएको प्रतिवेदनलाई थप परिष्कृत गर्दै पुनः अर्थ मन्त्रालयमा पठाइएको नेप्सेका कार्यकारी अधिकृत कृष्णबहादुर कार्कीले बताए। उनले भने, 'पहिलो चरणमा पठाएको प्रतिवेदनलाई थप परिष्कृत गरेर दोस्रो प्रतिवेदन पठाएका छौं, त्यसमा अर्थ मन्त्रालयमा छलफल भइरहेको छ।' दोस्रो प्रतिवेदन पाएपछि अर्थ मन्त्रालयले यस विषयमा अध्ययन गरिरहेको मन्त्रालयका प्रवक्ता धनीराम शर्माले बताए। उनले भने, 'प्रतिवेदनमाथि एकचरण छलफल भइसकेको र अन्य नियामक निकायसँग बसेर थप छलफल गर्ने तयारी भइरहेको छ।'

पछिल्लो प्रतिवेदनमा निश्चित समयलाई नेप्सेको व्यवस्थापन विदेशी स्टक एक्सचेन्जलाई दिनुपर्ने, ५१ प्रतिशत स्वतन्त्र सञ्चालक रहने व्यवस्था गर्नुपर्नेलगायत बुँदालाई थपिएको छ। स्रोतका अनुसार प्रतिवेदनमा नेप्सेको सञ्चालक समितिमा सरकारी अधिकारी रहँदा स्वार्थ बाझिएको भन्दै अहिलेको संरचना नै हटाउनुपर्ने उल्लेख छ।

दुई प्रतिवेदनमाथि छलफलसमेत भएन

०७० सालयता नेपाल स्टक एक्सचेन्जको सिइओमा तीनजना नियुक्त भइसकेका छन्। तीनमध्ये चन्द्रसिंह साउद र त्यसअघिका तत्कालीन महाप्रबन्धक सीताराम थपलियाका पालामा 'नेप्सेमा पुनर्संरचना'सम्बन्धी अध्ययन प्रतिवेदन तयार भएको थियो। आन्तरिक रूपमा तयार पारिएको सो प्रतिवेदनमाथि एकपटक पनि छलफल नभएको नेप्सेका पूर्वकार्यकारी अधिकृत चन्द्रसिंह साउद बताउँछन्। उनले भने, 'सञ्चालक समितिमा पुऱ्याइए पनि छलफल नभई तुइयो।' त्यस्तै, महाप्रबन्धक सीताराम थपलियाका पालामा बनेको 'सूचकांकहरूको विकास'सम्बन्धी प्रतिवेदन पनि कार्यान्वयनमा आउन सकेन। उक्त प्रतिवेदन वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट सुदर्शनराज पाण्डेले तयार गरेका थिए।

त्यस्तै, स्वामित्व पुनर्संरचनाअन्तर्गत सर्वसाधारणमा सेयर जारी गर्ने, रणनीतिक साझेदार भित्र्याउने सुझाव दिइएको छ। नेप्सेका एक कर्मचारीले भने, 'यसअघिको भन्दा अहिलेको प्रतिवेदन साँच्चिकै पुनर्संरचना गर्न योग्य किसिमको छ। नयाँलाई लाइसेन्स रोकेर यसलाई अघि बढाए सबै लगानीकर्ताको हितमा हुन्छ।'

हाल नेप्सेको एक अर्ब चुक्ता पुँजीमध्ये सरकारको ५८ दशमलव ६६ प्रतिशत, राष्ट्र बैंकको १४ दशमलव ६ प्रतिशत, कर्मचारी सञ्चय कोषको १० प्रतिशत, राष्ट्रिय वाणिज्य बैंकको ६ दशमलव १२ प्रतिशत, लक्ष्मी र प्रभु बैंकको ५-५ प्रतिशत र अन्यको ०.६२ प्रतिशत सेयर हिस्सा रहेको छ।

सर्वसाधारणलाई सेयर निष्कासन गरेपछि नेप्सेको तीन अर्ब चुक्ता पुँजी पुऱ्याउन सेयर संरचना परिवर्तन गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। त्यसका लागि सरकार र राष्ट्र बैंक, वाणिज्य बैंकलगायत सेयरको ३३.३३ प्रतिशतमा सीमित राख्ने, ग्लोबल प्रस्तावमार्फत नेप्सेको १५ प्रतिशत अर्थात् ४५ लाख कित्ता विदेशी रणनीतिक साझेदारलाई बिक्री गर्ने, गुड कर्पोरेट गभर्नेन्स भएका स्वदेशी संघ-संस्थालाई २१ दशमलव ६७ प्रतिशत अर्थात् ६४ लाख कित्ता बिक्री गर्ने र कर्मचारीलाई ३ प्रतिशतसहित सर्वसाधारणलाई ३० प्रतिशत अर्थात् ९० लाख कित्ता आइपिओ निष्कासन गर्नुपर्ने उल्लेख छ।

सफ्टवेरिकामा आर्टिफिसियल इन्टेलिजेन्स पढाइ हुने

काठमाडौं/ सफ्टवेरिका कलेज अफ आइटी एन्ड इ-कमर्सले स्नातक तहमा नयाँ शैक्षिक कार्यक्रम अध्यापन गराउने भएको छ। बेलायतको कोभेन्ट्री विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजले सोही विश्वविद्यालयको सम्बन्धनमा 'बिएस्सी (अनर्स) कम्प्युटर साइन्स विथ आर्टिफिसियल इन्टेलिजेन्स' विषय पठनपाठन गर्ने भएको हो।



तीनवर्षे तथा ३६० क्रेडिट आवरको यो शैक्षिक कार्यक्रम यसै शैक्षिक सत्रबाट अध्यापन सुरु हुने जनाइएको छ। कार्यक्रमको पाठ्यक्रममा आधारभूत कम्प्युटर विज्ञान र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) विशेषज्ञतालाई एकीकृत गरिएकाले यसका विद्यार्थीले अहिले चर्चामा रहेको एआईको क्षेत्रमा विज्ञता हासिल गर्न सक्ने कलेजको दाबी छ। कलेज प्रमुख प्रमोद पौडेलले द्रुतगतिमा विकास भइरहेको एआई क्षेत्रको विशेषज्ञ हुन आवश्यक पर्ने व्यावहारिक सीप र सैद्धान्तिक ज्ञान यस कार्यक्रममा समावेश रहेको बताए। उनले भने, 'विद्यार्थीले एआई, मसिन लर्निङ, प्यारालल प्रोग्रामिङ र डेटा विज्ञान कसरी जोडिएका छन् र तिनीहरूले कम्प्युटर विज्ञानलाई कसरी परिवर्तन गर्दै छन् भन्ने विषय पढ्नेछन्। यो समग्रमा कम्प्युटर विज्ञानसँगै एआईमा विज्ञता हासिल गराउने शैक्षिक कार्यक्रम हो।'

यसका लागि कार्यक्रममा प्रोग्रामिङ एन्ड एल्गोरिदम, सफ्टवेयर डिजाइन, कम्प्युटर आर्किटेक्चर एन्ड नेटवर्क, क्रिएटिभ थिंकिङ फर बिजिनेस, इन्ट्रोडक्सन टु आर्टिफिसियल इन्टेलिजेन्स, सफ्टवेयर इन्जिनियरिङ, एड्भान्स एल्गोरिदम, अपरेटिङ सिस्टम एन्ड सेक्युरिटी, मसिन लर्निङ एन्ड रिलेटेड एप्लिकेसन, डिजाइन थिंकिङ एन्ड इनोभेसनलगायतका विषय राखिएको उल्लेख छ। कलेजका अनुसार यी विषयहरू लेक्चर, सेमिनार, प्रयोगशाला, कार्यशाला, अनलाइन, समूहजस्ता विभिन्न विधि तथा माध्यमबाट पठनपाठन हुनेछ।

अध्ययनपछि विद्यार्थीले एआई सफ्टवेयर डेभलपर, डेटा साइन्टिस्ट, सफ्टवेयर इन्जिनियर, सिस्टम आर्किटेक्ट, एआई रिसर्चर, प्रोजेक्ट म्यानेजर, डेटा इन्जिनियर आदि बन्न सक्ने कलेजले जनाएको छ।

टेकुमा सिटिजन्स बैंकको शाखा

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले काठमाडौंको टेकुमा शाखा सञ्चालनमा ल्याएको छ। बैंकले एक सय ८९औँ शाखाका रूपमा टेकु शाखा सञ्चालनमा ल्याएको हो।

शाखाको उद्घाटन बैंक सञ्चालक समितिका अध्यक्ष प्रबलजंग पाण्डेले गरेको जनाइएको छ। उद्घाटनपछि अध्यक्ष पाण्डेले प्रुडेन्ट बैंकिङ र सुशासनमा कुनै सम्झैता नगरी बैंकले काम गर्ने बताए। उक्त अवसरमा बैंक सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत र उच्च व्यवस्थापनको पनि उपस्थिति रहेको बैंकले जनाएको छ।

हाल बैंकले देशभरमा एक सय ८९ शाखा, एक सय ४९ एटिएम र ९७ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

नेसनल लाइफलाई भारतमा सम्मान

काठमाडौं/ इन्डियन च्याम्बर अफ कमर्सद्वारा आयोजित चौथो आइसिसी इमर्जिङ एसिया कन्क्लेभमा नेसनल लाइफ इन्स्योरेन्स कम्पनी सम्मानित भएको छ। भारतको मुम्बईमा आयोजना गरिएको समारोहमा बिमस्टेक राष्ट्रका जीवन तथा निर्जीवन बिमा कम्पनीमध्ये उत्कृष्ट कम्पनीलाई सम्मानित गर्नेक्रममा नेसनल लाइफ इन्स्योरेन्स कम्पनी सम्मानित भएको हो।



कम्पनी 'ग्रोथ इन न्यु बिजनेस प्रिमियम इन नेपाल अवार्ड'बाट सम्मानित भएको जनाइएको छ। विश्वकै प्रतिष्ठित पिडब्लुसीले एसियाका बिमा कम्पनीहरूको कार्यसम्पादन मूल्यांकनलगायतका अन्य विधिलाई स्वतन्त्र मूल्यांकन गरी तयार गरेको रिपोर्टका आधारमा कम्पनीलाई उक्त सम्मानबाट सम्मानित गरिएको जनाइएको छ। सहायक महाप्रबन्धक प्रज्वल सायमीले उक्त सम्मान ग्रहण गरेको कम्पनीले जनाएको छ।

विमानस्थल नियमित सञ्चालनको माग गर्दै देउवालाई ज्ञापनपत्र

भैरहवामा **दिपेश पछाई**

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनको माग गर्दै रुपन्देहीका उद्योगी-व्यवसायीले मंगलबार कांग्रेस सभापति शेरबहादुर देउवालाई ज्ञापनपत्र बुझाएका छन्। नेपाली कांग्रेस रुपन्देहीको जिल्ला सम्मेलनमा सहभागिता जनाउन भैरहवा आइपुगेका कांग्रेस सभापति देउवालाई ज्ञापनपत्र बुझाइएको हो।

उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश र सिद्धार्थनगर उद्योग वाणिज्य संघ रुपन्देहीले विमानस्थल नियमित सञ्चालनका लागि पहल गरिदिन आग्रह गर्दै ज्ञापनपत्र बुझाएको सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले जानकारी दिए। उद्योगी-व्यवसायीले विभिन्न सातबुँदे मागहरू प्रस्तुत गर्दै कांग्रेस सभापति देउवालाई ज्ञापनपत्र बुझाएको महासंघका लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले बताए। राष्ट्रिय ध्वजावाहकको उडान सुरु नहुँदासम्म अन्य स्वदेशी तथा विदेशी एयरलाइन्सले अपनत्व नलिएकाले नेपाल वायुसेवा निगमका जहाज निरन्तर उडानका लागि माग गरेको प्रदेश अध्यक्ष शर्माले भने।




नेपाल वायुसेवा निगमबाट तत्काल भैरहवा-मलेसिया मात्र नभई भैरहवा-दिल्ली भैरहवा-कतार सेक्टरमा उडान सुरु गर्न व्यवसायीले माग गरेका छन्। बुद्ध जन्मस्थल तथा बौद्ध धर्मावलम्बीको हबका रूपमा रहेको लुम्बिनी भएकाले विश्वका सबै बौद्धमार्गी मुलुकहरूलाई पनि गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित अथवा चार्टर उडानका लाग समन्वय गरिदिन व्यवसायीले माग गरेका छन्।

त्यसैगरी, विमानस्थलमा जडान भएर सञ्चालनमा आउन नसकेका विद्युतीय उपकरणहरू शीघ्र सञ्चालनमा ल्याउन माग गरेको सिद्धार्थनगर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष विष्णुप्रसाद शर्माले बताए। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनअघि र पछि पर्यटन क्षेत्रको सम्भावना देखी होटेल तथा पर्यटन व्यवसायमा ८० अर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको अवस्थामा विमानस्थलबाट अन्तर्राष्ट्रिय नियमित उडान हुन नसक्दा पर्यटन क्षेत्रमा गरेको लगानी असुरक्षित रहेकाले पनि विमानस्थल नियमित गर्न आवश्यक रहेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ। विमानस्थल सञ्चालनपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमान सेवा कम्पनीलाई उडान-अवतरण गर्नका लागि आकर्षित गराउन विभिन्न छुट सेवा दिइएकोमा त्यसलाई पुनः एक वर्षसम्मका लागि निरन्तरता दिने व्यवस्थाका लागि माग गरेको उद्योग वाणिज्य संघ सिद्धार्थनगरका वरिष्ठ उपाध्यक्ष नेत्र आचार्यले बताए।

कर्जा चुक्ता गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/०८/१३ गतेको नयाँ पत्रिका दैनिक)

तपसिलमा उल्लेखित ऋणीले यस सहकारी संस्थाबाट लिएको ऋण कर्जाको शर्त बमोजिम नियमित बुझाउनु पर्ने किस्ताहरु, साँवा, ब्याज, हर्जाना रकम नतिरी नबुझाई बाँकी राख्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत निजले कर्जा किस्ताहरु चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नु हुन सूचित गरिन्छ। अन्यथा उल्लेखित मिति भित्रमा तिर्न बुझाउनु पर्ने ब्याज तथा हर्जाना रकम भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण वापत लेखी लेखाई दिएको तपसिल बमाजिमको चल/अचल सम्पति सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गर्ने, कालो सुचिमा समावेश गर्ने र ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगाएतका कर्जा असुल उपर गरी लिनका लागि अन्य आवश्यक कानूनी कारवाहीहरु समेत गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत ऋणी, जमानीकर्ता, धितो सुरक्षण दिने व्यक्तिहरु तथा अन्य सबैलाई जानकारी गराइन्छ।

ऋणीको विवरण	धनजमानीकर्ताहरूको विवरण
 **डुव दोर्जे तामाङ्गको नाती, गारा दोर्जे तामाङ्गको छोरा**, स्थायी ठेगाना बागमती अञ्चल, रसुवा) जिल्ला, गत्लाङग गा.वि.स वडा नं. ८ बस्ने वर्ष ६२ को **मिङमार तमाङ्ग** (ना.प्र.नं. ४८६/६४२ जारी मिति २०४५/२/२८ जि.प्र.का. रसुवा)	१. **अन्तारे तामाङ्गको नाति, छेवाङ तामाङ्गको छोरा**, स्थायी ठेगाना बागमती अञ्चल, रसुवा जिल्ला, गत्लाङग वडा नं. ७ बस्ने वर्ष ३० को **प्रताप लामा** (ना.प्र.नं. २३१००९/२२ जारी मिति २०६७/०७/२९ जि.प्र.का. रसुवा) 
धितोको विवरण	२. **गारा दोर्जे तामाङ्गको नाति, मिङमार तमार्किो छोरा**, बागमती अञ्चल, रसुवा जिल्ला, गत्लाङ्ग गा.वि.स वडा नं. ८ बस्ने वर्ष २५ को **पासाङ तामाङ्ग** (ना.प्र.नं. २३-०१-७०-००३०९ जारी मिति २०७०।१०।१२ जि.प्र.का. रसुवा)
जग्गाको विवरण : डुव दोर्जे तामाङ्गको नाती, गारा दोर्जे तामाङ्गको छोरा, स्थायी ठेगाना बागमती अञ्चल, रसुवा) जिल्ला, गत्लाङग गा.वि.स वडा नं. ८ बस्ने वर्ष ६२ को **मिङमार तमाङ्ग** (ना.प्र.नं. ४८६/६४२ जारी मिति २०४५/२/२८ जि.प्र.का. रसुवा)को नाममा मालपोत कार्यालय रसुवामा दर्ता रहि तिरो कायम रहेको बागमती अञ्चल, रसुवा जिल्ला, गत्लाङ गा.वि.स. वडा नं. ८ को कित्ता नम्बरहरू ८४०, ८४१, ८४४, १७७, ८४६ र ८४८ को क्रमश : ३-२-०-०, ५-१२-०-३, २-८-३-३, ३-०-१-०, १-७-१-० र २-१५-१-२ जग्गाहरू।	३. **रण बहादुर श्रेष्ठको नाति, नेत्र बहादुर श्रेष्ठको छोरा**, बागमती अञ्चल, काठमाण्डौ जिल्ला, कागेश्वरी न. पा, हात्तिडाँडा वडा नं. १३ बस्ने वर्ष ४४ को **पदम बहादुर श्रेष्ठ** (ना.प्र.नं. ६०७६० जारी मिति २०५२।१०।२१ जि.प्र.का. काभ्रेपलाञ्चोक) 
सवारी साधनको विवरण : सवारी साधन नं. बा ५ ख ४०१८, च्यासिस नम्बर MAT388378G1R18710, इन्जिन नम्बर 61G63533544 को टाटा मोटर्स	

CASH क्यास सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
CASH Saving & Credit Co-operative Ltd.
ज्याथा, काठमाण्डौ,
फोन : ५३५१८७७, ५३५२३११, ५३५३२५२
Email :info@cashco-op.com.np

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय चिप्लेढुङ्गा पोखराको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०८/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय चिप्लेढुङ्गा पोखराबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तीहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीहरुको विवरण:

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कास्की, पोखरामा प्रा.फ.नं.घ.उ.वि.: १११८८/०७२/०७३ मिति २०७२/६/१२ र आन्तरिक राजस्व कार्यालय पोखराबाट जारी गरीएको पान नं. ६०३६१४५४७ भएको **अनाया मोवाईल सोलुसन** (प्रोप्राईटर अग्नि कुमार श्रेष्ठको नातीनी, दिलिप कुमार श्रेष्ठ/निरा श्रेष्ठको छोरी, बोधमान जोशी/शान्ता जोशीको बुहारी, रुभि जोशीको पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.८ बस्ने **अनामिका श्रेष्ठ जोशी**, ना.प्र.नं.१७०६०५, जारी मिति २०६३/०४/१९, जिल्ला प्रशासन कार्यालय, कास्की)।

२. गर्वलाल ताम्राकारको नातीनी, पदम लाल ताम्राकार/बेल माया ताम्राकारको छोरी, चक्रमान जोशी/चनमती जोशीको बुहारी, बोधमान जोशीको पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.८ बस्ने **शान्ता जोशी** (ना.प्र.नं.४६-०१-७०-०९९५०, जारी मिति २०७०/११/३०, जिल्ला प्रशासन कार्यालय, कास्की)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. चक्रमान जोशी/चनमती जोशीको नाति, बोधमान जोशी/शान्ता जोशीको छोरा, अनामिका श्रेष्ठ जोशीको पती, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.८ बस्ने **रभि जोशी** (ना.प्र.नं.१३६३६५, जारी मिति २०६०/२/२१, जिल्ला प्रशासन कार्यालय, कास्की)।

२. निर कुमार जोशीको नाती, चक्रमान जोशी/चनमती जोशीको छोरा, शान्ता जोशीको पति कास्की जिल्ला, पोखरा उ.म.न.पा.वडा नं. ८ बस्ने **बोधमान जोशी** (ना.प्र.नं.४६-०१-७०-०९९४९, जारी मिति २०७०/११/३०, जिल्ला प्रशासन कार्यालय, कास्की)।

३. गर्वलाल ताम्राकारको नातीनी, पदम लाल ताम्राकार/बेल माया ताम्राकारको छोरी, चक्रमान जोशी/चनमती जोशीको बुहारी, बोधमान जोशीको पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.८ बस्ने **शान्ता जोशी** (ना.प्र.नं.४६-०१-७०-०९९५०, जारी मिति २०७०/११/३०, जिल्ला प्रशासन कार्यालय, कास्की)।

४. अग्नि कुमार श्रेष्ठकी नातीनी, दिलिप कुमार श्रेष्ठ/निरा श्रेष्ठकी छोरी, बोधमान जोशी/शान्ता जोशीकी बुहारी, रुभि जोशीकी पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.८ बस्ने **अनामिका श्रेष्ठ जोशी** (ना.प्र.नं.१७०६०५, जारी मिति २०६३/०४/१९, जिल्ला प्रशासन कार्यालय, कास्की)।

धितो सुरक्षणको विवरण:

१. **शान्ता जोशी**को नाममा मालपोत कार्यालय, कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा वडा नं.८ स्थित कित्ता नं. ४८ को क्षेत्रफल १९७.८० (व.मि) को जग्गा तथा सोको सम्पूर्ण लिगलिगापातहरु समेत।

२. ऋणी **अनाया मोवाईल सोलुसन**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसँग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनी बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय चिप्लेढुङ्गा पोखरा फोन नं. ०६१-५४३२६६/५४३२६७

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय

पनौती, काभ्रे

दरभाउपत्र स्वीकृत गर्नेसम्बन्धी सूचना

(प्रकाशित मिति : २०८०/०८/१३ गते)

यस कार्यालयबाट मिति २०८० कार्तिक २२ गते अन्नपूर्ण राष्ट्रिय दैनिकमा प्रकाशित सिलबन्दी दरभाउपत्र आव्हानको सूचनाबमोजिम तोकिएको अवधिभित्र रितपूर्वक पेश/दर्ता हुन आएका दरभाउपत्रहरूको मूल्याकंन समितिबाट मूल्याकंन भई न्यूनतम मूल्याकिंत सारभूत रूपमा प्रभावग्राही तपशिलको दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम दरभाउपत्र स्वीकृत गर्नेसम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

तपशिल

क्र.सं.	कामको विवरण	दरभाउपत्र संकेत नं.	छनौट भएका दरभाउपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (मू.अ.कर बाहेक)
१.	औषधी र सर्जिकल सामाग्री खरिद तथा आपूर्ति कार्य	Supplymed/ ०२/२०८०/८१	श्री मेडिगोल्ड इन्टरनेशनल प्रा.लि., भक्तपुर	रु.१३,९१,७७५।- (-६५.४९%)

प्रमुख प्रशासकीय अधिकृत

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/१३

यस फाइनान्सको प्रधान कार्यालय भाटभटेनी काठमाण्डौ र शाखा कार्यालय, नारायणगढ, चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिंदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईहरुले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति बेच बिखन गरी कर्जा रकम असूल उपर गरि लिइनेछ। सोबाट समेत असूल उपर हुनुपर्ने सम्पूर्ण रकम असूल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीहरुको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीहरुबाट नै भराई लिईनेछ। तपाई ऋणीहरुबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीहरुको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिहरुले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

प्रधान कार्यालय भाटभटेनी काठमाण्डौ

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा कम्पनी ऐन, २०६३ अर्न्तगत मिति २०७७/११/०३ मा दर्ता नं. २५५९८०/०७७/०७८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय जोरपाटीबाट स्थायी लेखा नं. ६०९९३७१२१ को प्रमाणपत्र प्राप्त **गीत ग्लोबल प्रा.लि.।**
ठेगाना : का.जि.का.म.पा.वडा नं.६।
संचालकहरुको नाम : संगिता पोखेल/बेद प्रकाश भट्ट

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : प्रशान्त पौडेल
बाबु : घनश्याम पौडेल
बाजे : नरपती पौडेल
ना. प्र. नं. : ५९२७४
जारी मिति : २०५८/०४/०३, जि.प्र.का. मोरङ
ठेगाना : बिराटनगर वडा नं.४, मोरङ
हाल : का.म.पा वडा नं ६, गुहेश्वरी काठमाण्डौ।

ख) नाम : बेद प्रकाश भट्ट
बाबु : कृष्ण दत्त भट्ट
बाजे : प्रेम दत्त भट्ट
ना. प्र. नं. : ७३१००६।२०१
जारी मिति : २०६७/१२/२१, जि.प्र.का. वैतडी
ठेगाना : मेलौली न.पा वडा नं ७, वैतडी
हाल : सुर्यविनायक न.पा.वडा नं. २, भक्तपुर।

ग) नाम : प्रतीक पौडेल
बाबु : घनश्याम पौडेल
बाजे : नरपती पौडेल
ना. प्र. नं. :७३७४३
जारी मिति : २०६०/०१/२३, जि.प्र.का. मोरङ
ठेगाना : बिराटनगर वडा नं.४, मोरङ
हाल : का.म.पा वडा नं. ६, गुहेश्वरी काठमाण्डौ।

घ) नाम : संगिता पोखेल
बाबु : कमल प्रसाद पोखेल
पति : प्रशान्त पौडेल
ससुरा : घनश्याम पौडेल
बाजे : काली दास पोखेल
ना. प्र. नं. : ७६६/४०१०१०
जारी मिति : २०६४/०६/३०, जि.प्र.का. अर्घाखाँची
ठेगाना : डिभर्ना वडा नं. ४, अर्घाखाँची
हाल : का.म.पा वडा नं ६, गुहेश्वरी काठमाण्डौ।

ङ) नाम : शीला बस्नेत
पति : घनश्याम पौडेल
बाबु : नारायण बहादुर. बस्नेत
ससुरा : नरपती पौडेल
ना. प्र. नं. : ६८१
जारी मिति : २०३७/०७/१५, जि.प्र.का. मोरङ
ठेगाना : बिराटनगर वडा नं १९, मोरङ
हाल : का.म.पा. वडा नं ६, गुहेश्वरी काठमाण्डौ।

धितो सुरक्षणको विवरण

मालपोत कार्यालय चावहिल, काठमाण्डौमा श्री पशुपति महास्नान गुठी, दर्तावाल मोहि शिला बस्नेत पौडेलको नाममा दर्ता कायम रहेको का.म.न.पा. वडा नं. ६, वा.ज.ए.आ.ब्लक नं. III सिट नं. II स्थित कित्ता नं. १५३ को क्षेत्रफल ११२.५० व.मि को घर-जग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत.....।

शाखा कार्यालय, नारायणगढ, चितवन

१. ऋणीको विवरण

नाम : बरुण बाबु घिमिरे
बाबु : तेज बहादुर घिमिरे
बाजे : पदम बहादुर घिमिरे
ना.प्र.नं. : २७८२/०३४,
मिति : २०५३/०४/०६, जि.प्र.का. चितवन।
ठेगाना : पंचकन्या-९, चितवन।
हाल : रत्ननगर न.पा. वडा नं. १३, बैरिया, चितवन।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : विरन्जना सापकोटा घिमिरे
बाबु : अम्मर बहादुर सापकोटा
पति : बरुण बाबु घिमिरे
ससुरा : तेज बहादुर घिमिरे
ना.प्र.नं. : ३२३२/०६०
मिति : २०६०/०३/१९, जि.प्र.का. चितवन।
ठेगाना : रत्ननगर न.पा. वडा नं. १३, बैरिया, चितवन।

ख) नाम : तेज बहादुर घिमिरे
बाबु : पदम बहादुर घिमिरे
बाजे : भुवन सिंह घिमिरे
ना.प्र.नं. : ३०२२
मिति : २०४३/०८/२४, जि.प्र.का. चितवन।
ठेगाना : पंचकन्या-९, चितवन।
हाल : रत्ननगर न.पा. वडा नं. १३, बैरिया,चितवन।

ग) नाम : गोमा देवि घिमिरे
बाबु : टिका बहादुर अधिकारी
पति : तेज बहादुर घिमिरे
ससुरा : पदम बहादुर घिमिरे
ना.प्र.नं. : ३०२३
मिति : २०४३/०८/२४, जि.प्र.का. चितवन
ठेगाना : पंचकन्या-९, चितवन।
हाल : रत्ननगर न.पा. वडा नं. १३, बैरिया, चितवन।

२. ऋणीको विवरण

प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम मिति २०७६/०६/१४ मा प्राइभेट फर्म दर्ता नं. ९४/०७६/०७७ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, भरतपुरबाट स्थायी लेखा नं. ६०९१८१९५७ को प्रमाण पत्र प्राप्त **साहारा सुपर मार्केट।**
संचालक : विरन्जना सापकोटा घिमिरे
ठेगाना : रत्ननगर न.पा. वडा नं. १, चितवन।

३. ऋणीको विवरण

रत्ननगर नगरपालिका, १३ नं. वडा कार्यालय रत्ननगर, चितवनमा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम मिति २०७७/१०/२५ मा दर्ता नं. ३८३ भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, भरतपुरबाट स्थायी लेखा नं. ११८६२६४५९ को प्रमाण पत्र प्राप्त **वि.जि. होम डेकोर एण्ड फर्निसिङ्ग।**
व्यवसायी : बरुण बाबु घिमिरे
ठेगाना : रत्ननगर न.पा. वडा नं. १३, चितवन।

२ नं. र ३ नं. ऋणीको व्यक्तिगत जमानीदिनेहरुको विवरण :

क) नाम : बरुण बाबु घिमिरे
बाब : तेज बहादुर घिमिरे
बाजे : पदमबहादुर घिमिरे
ना.प्र.नं. : २७८२/०३४
मिति : २०५३/०४/०६, जि.प्र.का. चितवन।
ठेगाना : पंचकन्या-९, चितवन।
हाल : रत्ननगर न.पा. वडा नं.१३, बैरिया, चितवन।

ख) नाम : विरन्जना सापकोटा घिमिरे
बाब : अम्मर बहादुर सापकोटा
पति : बरुण बाबु घिमिरे
ससुरा : तेज बहादुर घिमिरे
ना.प्र.नं. : ३२३२/०६०
मिति : २०६०/०३/१९, जि.प्र.का. चितवन।
ठेगाना : रत्ननगर न.पा. वडा नं. १३, बैरिया, चितवन।

ग) नाम : तेज बहादुर घिमिरे
पिता : पदमबहादुर घिमिरे
बाजे : भुवन सिंह घिमिरे
ना.प्र.नं. : ३०२२
मिति : २०४३/०८/२४, जि.प्र.का. चितवन।
ठेगाना : पंचकन्या-९, चितवन।
हाल : रत्ननगर न.पा. वडा नं. १३, बैरिया,चितवन।

घ) नाम : गोमा देवि घिमिरे
बाबु : टिका बहादुर अधिकारी
पति : तेज बहादुर घिमिरे
ससुरा : पदम बहादुर घिमिरे
ना.प्र.नं. : ३०२३
मिति : २०४३/०८/२४, जि.प्र.का. चितवन
ठेगाना : पंचकन्या-९, चितवन।
हाल : रत्ननगर न.पा. वडा नं. १३, बैरिया, चितवन।

धितो सुरक्षणको विवरण

क) मालपोत कार्यालय, भरतपुर, चितवनमा बरुण बाबु घिमिरेको नाममा एकलौटी दर्ता कायम रहेको चितवन जिल्ला, देवौली वडा नं. रक स्थित कित्ता नं. २७२५ क्षेत्रफल ०-१-१७-० (बि-क-धु) को घरजग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत..।

ख) मालपोत कार्यालय, भरतपुर, चितवनमा गोमा देवी घिमिरेको नाममा एकलौटी दर्ता कायम रहेको चितवन जिल्ला, पञ्चकन्या ९ ख स्थित कित

स्वर्णिम क्वार्टरफाइनलमा



काठमाडौं/ स्वर्णिम नर्वौं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलातर्फ मंगलबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। स्युचाटारस्थित आयोजक रेडियन्ट पब्लिकको कोर्टमा स्वर्णिमले साई निलायमलाई १०-६ ले पराजित गऱ्यो। स्वर्णिमकी नितिशा महर्जनले ५ स्कोर गरेकी थिइन्। जुनियर पुरुषमा आयोजक रेडियन्टले साई निलायमलाई १९-४ ले हरायो। इडेन ब्रिज एकेडेम (इबिए)ले पिपुल्स एकेडेमीमाथि २२-४ को जित निकाल्यो।

सृजना ज्ञान सागरले रेडियन्ट रिडर्सलाई २०-६ ले हराउँदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गऱ्यो। रेडियन्टका अर्नभजंग कार्कीले ७, इबिएका आदित्य श्रेष्ठले ९ र सृजना ज्ञान सागरका प्रिमल तामाङले ९ स्कोर गरे। सोही स्पर्धाको लिग खेलमा ग्रिनफिल्डले ग्रिन लन्सलाई २३-३ ले पाखा लगायो। ग्रिनफिल्डका लागि रिसन तामाङले ७ स्कोर गरेका थिए।

सिनियर पुरुषमा ग्रिनफिल्डले स्किब्सलाई ३५-४ ले निराश पारेको छ। ग्रिनफिल्डका पूजन उप्रेतीले सर्वाधिक ११ स्कोर गरेका थिए। जेनिथले केभिसीलाई ४१-१६ ले हरायो। जेनिथका अनिश गुरुङले ८ स्कोर गरे। रेडियन्ट पब्लिकले रेडियन्ट रिडर्सलाई ४३-२२ र पिपुल्सले विस्डमलाई ३४-१२ ले पन्छ्याउँदै प्रिक्वार्टरफाइनल यात्रा तय गरे।

यू-१९ को कप्तानी देवले गर्ने

देव खनालको कप्तानीमा नेपालले ८ डिसेम्बरदेखि युएईमा सुरु हुने एसिया कपमा प्रतिस्पर्धा गर्नेछ। नेपालले उपाधि दाबेदार भारत, पाकिस्तान र अफगानिस्तानसँग खेल्नेछ।

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले युएईमा हुने एसिसी यू- १९ एसिया कपका लागि देव खनालको कप्तानीमा १४ सदस्यीय अन्तिम टोली घोषणा गरेको छ। प्रमुख प्रशिक्षक जगत टमाटाको सिफारिसमा क्यानले मंगलबार तीनजना अनुभवी खेलाडीलाई बाहिर राखेको छ। सिनियर राष्ट्रिय क्रिकेट टोलीबाट यसै वर्ष एकदिवसीय विश्वकप छनोट र प्रिमियर कप खेलेका मिलन बोहरा, दीपक बोहरा र दुर्गेश गुप्ताले एसिया कपका लागि घोषित टोलीमा स्थान बनाउन सकेनन्। उनीहरूको स्थानमा राष्ट्रिय टोलीका अलराउन्डर गुलसन झा, स्पिनर तिलकराज भण्डारी र बायाँहाते ब्याट्सम्यान विपिन रावल टोलीले स्थान बनाएका छन्।

नेपालले एसिसी प्रिमियर कपको विजेताका रूपमा यू- १९ एसिया कपमा स्थान पक्का गरेको थियो। नेपालले युएईलाई फाइनलमा हराएको थियो। यू- १९ टोलीमा स्थान बनाएका तिलकले बागमतीबाट प्रतिस्पर्धा गरेका थिए। विपिनसँग कर्णालीको सिनियर टोलीको अभुनव छ। यू- १९ मा यसपटक गुल्सन झा र देवमध्ये एक कप्तानी बन्ने निश्चित थिए। राष्ट्रिय टोलीमा नेपालका लागि पछिल्लो समय उत्कृष्ट प्रदर्शन गरेका गुल्सनको सम्भावना धेरै थियो।

तर, उमेर समूहमा नियमित कप्तान देवले जिम्मेवारी पाउन सफल भए। एसिया कपको छनोटस्वरूप मलेसियामा भएको यू-१९ प्रिमियर कप आयोजना भएको थियो। नेपालले सेमिफाइनलमा जापानलाई हराउँदै एसिया कपमा स्थान बनाएको थियो। प्रतियोगिता नियमअनुसार फाइनल पुग्ने दुवै टोली एसिया कपमा छनोट हुने प्रावधान थियो। एसिया कपमा नेपाललाई पुऱ्याएका प्रज्वलबहादुर थापा, निर्मल गुरुङ, राजेश यादव, दुर्गेश गुप्ता, मिलन, बोहरा यसपटक टोलीमा रहेनन्। प्रतियोगिता डिसेम्बर ८ देखि १७ सम्म युएईमा हुँदै छ।



भारत र पाकिस्तानसँग खेल्ने

युएईमा अर्को महिनादेखि सुरु हुने एसिया कपमा नेपाल समूह 'ए'मा छ। नेपालले आफ्नो समूह यू- १९ कै बलियो र उपाधि दाबेदार मानिने भारत, पाकिस्तान र अफगानिस्तानसँग प्रतिस्पर्धा गर्नेछ। नेपालले पहिलो खेल पाकिस्तानसँग २२ मंसिरमा दुबईको आइसिसी एकेडेमी ओभल-२ मा खेल्नेछ। २४ मंसिरमा नेपालले अफगानिस्तानविरुद्ध खेल्नेछ। समूह चरणको अन्तिम खेलमा नेपालले भारतसँग २६ मंसिरमा भिड्नेछ। समूह 'बी'मा बंगलादेश, श्रीलंका र जापान छन्।

समूहका दुई शीर्ष टोली सेमिफाइनल पुग्नेछन्। फाइनल १ पुसमा हुनेछ। यसअघि एसिया कप पाकिस्तानमा हुने भनिएको थियो। तर, भारत पाकिस्तानमा गएर प्रतिस्पर्धा नगर्ने घोषणा गरेपछि एसियन क्रिकेट काउन्सिल (एसिसी)ले युएईमा प्रतियोगिता सारेको हो। यसअघि सिनियर टोलीबीच हुने एसिया कप पनि पाकिस्तान र श्रीलंकामा भएको थियो।

दुई दशकपछि एसिया कपमा स्थान सुरक्षित गर्दा सिनियर नेपाली टोलीले पाकिस्तान र श्रीलंकामा प्रतिस्पर्धा गरेको थियो। नेपालले पाकिस्तानमा पाकिस्तानसँग खेल्यो। श्रीलंकामा नेपाल भारतविरुद्ध भिडेको थियो।

नेपाली टोली

देव खनाल (कप्तान), अर्जुन कुमाल, आकाश त्रिपाठी, दीपक डुम्रे, हेमन्त धामी, गुलसन झा, दीपेश कँडेल, विशालविक्रम केसी, सुभाष भण्डारी, दीपक बोहरा, उत्तम रंगु थापा मगर, विपिन रावल, तिलकराज भण्डारी, आकाश चन्द।

■ केपी ओली कप टी-२०

दोस्रो जितसँगै आर्मी अन्तिम चारमा



कास्कीमा **रोहितराज पराजुली**

विभागीय नेपाली सेनाको त्रिभुवन आर्मी क्लबले समूह 'डी'मा दोस्रो जित निकाली पोखरामा जारी प्रथम केपी ओली कप राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको सेमिफाइनल स्थान सुरक्षित गरेको छ। आर्मीले कोशी प्रदेशलाई ३९ रनले पराजित गर्दै अन्तिम चारको स्थान पक्का गरेको हो। सेमिफाइनलमा आफ्नो स्थान सुरक्षित गरेको हो। मंगलबारको खेलसँगै प्रतियोगिताको सेमिफाइनलमा पुग्ने चारै टोलीको छिनोफानो भएको छ। समूह 'ए' बागमती, समूह 'बी'बाट रनरेटका आधारमा एपिएफ, समूह 'स'बाट रनरेटका आधारमा मधेश र समूह 'डी'को विजेताका रूपमा आर्मीले अन्तिम चारमा आफ्नो स्थान बनाएको हो।

दोस्रो खेलमा सुदूरपश्चिमले अनुभवी खेलाडीले भरिएको नेपाल प्रहरी क्लबलाई चार विकेटले हरायो। पहिलो ब्याटिङ गरेको पुलिसले २० ओभरमा चार विकेटको क्षतिमा एक सय ५८ रन जोडेको थियो। सुदूरपश्चिमले १८.४ ओभरमा ६ विकेटको क्षतिमा एक ६२ रन जोड्दै सानदार जित निकाल्यो।

आर्मी ३९ रनले विजयी

कोशीविरुद्ध आर्मीले पहिलो ब्याटिङ गर्दै २० ओभरमा सात विकेट गुमाएर एक सय ८६ रनको योगफल खडा गऱ्यो। प्रत्युत्तरमा कोशीले १८.२ ओभरमा सबै विकेट गुमाएर एक सय ४७ रन जोड्दा आर्मी ३९ रनले विजयी भयो। आर्मीको जितमा सोमपाल कामीले २३ रनमा दुई विकेट लिए।

पहिलो ब्याटिङ गरेको आर्मीलाई राष्ट्रिय टोलीका क्रिकेटरको साथ पायो। सन्तोष कार्की र विनोद भण्डारीले पहिलो विकेटका लागि ३९ रनको साझेदारी गरे। विनोदले १६ बलमा एक चौका र दुई छक्का प्रहार गरी १७ रन जोडे। रोहित पौडेल र सन्तोषबीच दोस्रो विकेटका लागि ४८ रनको साझेदारी भयो। रोहितले १५ बलमा २५ रन जोडेका थिए। सन्तोषले भीम सार्कीसँग तेस्रो विकेटका लागि ६३ रनको साझेदारी गर्दै टोलीलाई १६.१ ओभरमा १५०/३ को बलियो स्थितिमा राखे। सन्तोषले ४१ बलमा पाँच चौका र दुई छक्काको सहयोगमा ५० रन बनाए। भीमले २४ बल सामना गरी पाँच छक्का र तीन चौकाको सहयोगमा सर्वाधिक ५३ रन जोडे।

■ नेपाल सुपर लिग

काठमाडौंले चितवनलाई रोक्यो

नयाँ पत्रिका

साबिक विजेता काठमाडौं रेजर्सले अन्तिम इन्जुरी समयमा गोल गर्दै मंगलबार नेपाल सुपर लिग (एनएसएल)मा एफसी चितवनलाई १-१ को बराबरीमा रोक्न सफल भएको छ। खेलको ८६औं मिनेटमा चितवनले १-० को अग्रता लिएको थियो। चितवनले खेल लगभग आफ्नो नियन्त्रणमा राखेको थियो। तर, अन्तिम तीन मिनेटको इन्जुरी समयमा चितवनले सम्हालिएर खेल्न सकेन। यसको फाइदा काठमाडौंले उठायो।

काठमाडौंले त्यही इन्जुरी समयमै गोल गर्दै महत्त्वपूर्ण एक अंक बटुल्यो। काठमाडौंले पहिलो खेलमा इलामलाई हराएको थियो। चितवन यसअघि पोखरासँग पराजित भएको थियो। दुई खेलपछि काठमाडौं चार अंक जोडेर शीर्ष स्थानमा उक्लेको छ। चितवनले दुई खेलबाट एक अंक हात पारेको छ।

खेलको ८६औं मिनेटमा चितवनले आत्मघाती गोलबाट १-० को अग्रता लियो। मैदान प्रवेश गरेलगतै नवयुग श्रेष्ठले डिबक्सभित्र विमल घर्तीमगरलाई क्रसपास निकालेका थिए। विमलले पोस्टनजिक दोस्रो बारमा



बल प्रहार गरे। विमलले प्रहार गरेको बल सानो डिबक्सभित्र काठमाडौंका कोमिओनको खुट्टामा डिफ्लेक्ट हुँदै गोल भयो। काठमाडौंका अभिषेक बरालसँगै डिफ्लेक्ट भएको बल रोक्ने कुनै समय नहुँदा चितवनले अग्रता लियो।

चितवनले अग्रता रक्षा गर्न सकेन

चितवनले आफ्नो अग्रता लामो समयसम्म टिकाउन सकेन। यद्यपि, लिगमा चितवन पहिलो जितको खोजीमा निकै नजिक पुगेको थियो। इन्जुरी समयमा एनकेंगे जुनियरले काठमाडौंलाई १-१ को बराबरीमा ल्याए। उनले डिबक्स भित्र तीन डिफेन्डरको बीचबाटै दोस्रो बारमा उत्कृष्ट भली गोल गरे। चितवनको गोलरक्षक विशाल श्रेष्ठसँग जुनियरको गोल प्रयास रोक्न समय नै थिएन। त्यसअघि दुवै टोलीले पहिलो तथा दोस्रो हाफमा स्पष्ट गोल अवसर चुकाएका थिए।

चितवनका विमलको पासमा रफिकको गोल प्रयासलाई काठमाडौंका गोलरक्षक अभिषेकले बचाए। खेलको १४औं मिनेटमा काठमाडौंका तोजिदिनोभको २५ यार्ड टाढाबाट प्रहार गरेको बल क्रसबारनजिकबाट बाहिरिएको थियो। खेलको ४०औं मिनेटमा चितवनका विमलको प्रहार पोस्टनजिक हुँदै बाहिरियो। खेलको ४९औं मिनेटमा काठमाडौंका आन्द्रेस नियाको पासमा मार्की खेलाडी हिसुब थपलियाले सहज गोल अवसर चुकाए।

त्रिवेणी कपको विजेताले आठ लाख पाउने

लमजुङ/ लमजुङमा २ पुसदेखि राष्ट्रव्यापी फुटबल प्रतियोगिता हुने भएको छ। त्रिवेणी युवा क्लबले बैंसीसहरमा पत्रकार सम्मेलनमा ३१औं त्रिवेणी कपको तयारी र विजेता धनराशीको जानकारी दिएको हो। ३१औं संस्करणमा पहिलो हुने टोलीले आठ लाख रुपैयाँ पाउनेछ। उपविजेताले चार लाख प्राप्त गर्ने आयोजकले जनाएको छ। दुई सेमिफाइनलिस्टले जनही एक जाख रुपैयाँ पाउने क्लबका अध्यक्ष राजकुमार घिमिरेले बताए। गत वर्ष विजेताले पाँच लाख रुपैयाँ पाएको थियो।

यसपटक विजेताले थप तीन लाख रुपैयाँ प्राप्त गर्ने भएको छ। 'यसपालि हामीले विजेता धनराशी बढाएका छौं,' घिमिरेले भने, 'यसबाट त्रिवेणी कप प्रतिस्पर्धात्मक हुने अपेक्षा छ।' प्रतियोगितामा धेरै गोल गर्ने र सर्वोत्कृष्ट खेलाडीले जनही २० हजार रुपैयाँ जित्नेछ। प्रतियोगितामा ४७ लाख १० हजार खर्च हुने घिमिरेले बताए। प्रतियोगिता बैंसीसहरमा रहेको सहजी खेलमैदान त्रिवेणी रंगशालामा हुने भएको हो।

गण्डकी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

यातायात पूर्वाधार निर्देशनालय

पूर्वाधार विकास कार्यालय

दमौली, तनहुँ

खरिद सम्झौताको अन्त्य तथा कालोसुचिमा राख्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/०८/१३ (२०२३/११/२९)

साविकको पूर्वाधार विकास कार्यालय (व.स.पु), नवलपुर र निर्माण व्यवसायी **श्री खड्ग देवि निर्माण सेवा, तनहुँ, नेपाल** विच सम्झौता भई यस कार्यालयमा हस्तान्तरण भएको योजना Upgrading of Damauli Keshavtar Shukhaura Bandipur Road, (Contract ID: IDO–NAW(BSE)–W–NCB–40–2076/77) को निर्माण कार्य निर्माण व्यवसायी श्री खड्ग देवि निर्माण सेवा, तनहुँ, नेपाल ले सम्झौता बमोजिमको कार्य जानाजानी बदनियतपूर्वक वा लापारवाहीको कारण सम्पन्न नगरेको देखिएकाले सम्झौताको GCC 72 (Termination) बमोजिम तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ बमोजिम खरिद सम्झौता अन्त्य गरि सम्झौताको सर्त GCC 74 बमोजिम तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ को उपदफा १ (ग) बमोजिम कालोसुचिमा राख्न सिफारिस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

भिमाद नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल

आ.व. २०८०/०८१ को नदिजन्य सामाग्री ढुंगा, गिट्टि, वालुवा, माटो, दहत्तरबहत्तर संकलन, उत्खनन् गरी विक्री गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना

(Electronic Bid Only)

(प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१३ गते)

भिमाद नगरपालिकाको आन्तरिक आय वृद्धि गर्ने उद्देश्यले "स्थानीय सरकार संचालन ऐन, २०७४" को परिच्छेद-३ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६) र सोही ऐनको दफा ६२ क. बमोजिम आ.व. २०८०/०८१ का लागी यस नगरपालिका क्षेत्र भित्रका देहाय बमोजिमका स्थानहरुबाट नदी जन्य सामाग्री ढुंगा, गिटी, वालुवा, माटो, दहत्तरबहत्तर संकलन शुल्क भिमाद नगरपालिकाको वातावरण तथा प्रकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा तोकिए बमोजिमको परिमाणमा गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०८० ले तोके बमोजिमको दरबाट कायम हुन आएको न्यूनतम रकमबाट बढाबढ हुने गरि ठेक्का बन्दोबस्त गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समयभित्र बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ। अन्य थप जानकारीका लागी यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेभ साइट www.bhimadmun.gov.np तथा कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालय अन्तर्गत राजश्व शाखामा सम्पर्क राख्न सकिने छ।

ढुंगा, गिट्टि, वालुवा, माटो, दहत्तरबहत्तर संकलन आदि प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण

ठेक्का नं.	प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, २०७९ अनुसारको घाटको विवरण	उत्खनन हुने अधिकतम परिमाण (घन.फिट)	न्यूनतम रकम (मु.अ.कर र आय कर सहित)	बोलपत्र जमानत रकम (धरौटी रकम)	बोलपत्र फारम दस्तुर
१/आय/भिमाद न.पा./०८०/०८१	दब्ल्याङ्ग घाट	१३६६१४।४	१३,२९,६००	कबोल अंक (मु.अ.क. र आयकर सहित) को ५% ले हुन आउने रकम	३०००
२/आय/भिमाद न.पा./०८०/०८१	झक्कास माथिल्लो घाट	१५३७३९।७	१३,९०,६५५		३०००
३/आय/भिमाद न.पा./०८०/०८१	झक्कास तल्लो घाट	३७६३६९।३	३३,३९,८१०		३०००
४/आय/भिमाद न.पा./०८०/०८१	बाँदरकुना माथिल्लो घाट	२६३४४७।९	२४,७३,५१५		३०००
५/आय/भिमाद न.पा./०८०/०८१	बाँदरकुना तल्लो घाट	३५५६४२।३	३३,३९,१२५		३०००
६/आय/भिमाद न.पा./०८०/०८१	गेरुवा माथिल्लो घाट	५७८१३०।६	५५,२७,३६५		३०००
७/आय/भिमाद न.पा./०८०/०८१	गेरुवा तल्लो घाट	२६७८२६।४	२५,१४,६२५		३०००

Government of Nepal

Ministry of Health and Population

National Academy of Medical Sciences

Bir Hospital

Mahabouddha, Kathmandu

Invitation of Re-Bid

Date of Publication : 29 November, 2023 (2080/08/13 B.S.)

1. ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu*** invites re-tender from eligible bidders for the Supply & Delivery of following goods, bidding is open to all eligible bidders.
2. Eligible bidders may obtain further information ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu.*** Telephone No. 977-1-4221800, 4221119, Telefax: +977-1-4222864.
3. The Eligible Bidders may obtain further information and can inspect the Bidding Documents in **www.bolpatra.gov.np/egp** and the e-Bidding procedure shall be as specified in the bid document.
   - a. **Name of Bank** : Rastriya Banijya Bank, Teku, Kathmandu
   - b. **Name of Office** : National Academy of Medical Sciences, Bir Hospital
   - c. **Office Code No.** : 370613501
   - d. **Office Account No** : 1000100200010000
   - e. **Rajaswa Shirshak no** : 14229
4. Bid must be purchasing till 12:00 hour date as below.
5. Bids received after the deadline shall not be accepted.
6. If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the form of Bank voucher drawn in the name of ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu, Nepal office code no. 370613501 Deposit Account No.: 1700100102030000, of Treasury Controller Office, Tripureshwor, Kathmandu.***
7. Any provisions which are not mentioned in this notice will be consistent with public proceurement act (PPA), 2063/Public Proceuroment Regulation (PPR), 2064 and other prevailing Nepalese Rules.

Bid ID No.	Requirement	Opening Date	Bid Document Fee	Bid Security
NAMS/NCB/80/81/01-RE	Supply & Delivery of Nuclear Medicine Reagents (Goods)	2080-08-28; 14:00	3,000.00	Rs.1,70,000/-

Director

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com